शुभारम्भ

मङ्कलकुमार नेपाल
(वि.सं.१९७३ आश्विन २४–२०७२ जेठ ५)

महाभारतका चर्चित पात्र कर्णले भाग्यको सहारा नलिएर आफ्नो पुरुषार्थको मात्र आश्रय लिए । उनले कुल खानदानको भरमा आफूलाई ठुलो ठान्ने अभिजात वर्गलाई हाँक दिँदै आफ्नो गुण र पुरुषार्थबाट मानिस ठुला हुन्छन् भन्ने कुरा स्पष्ट गरेर देखाए । महाभारतको युद्दमा श्रीकृष्णले पाण्डव पक्षको सहायता नगरेका भए कर्णबाट उनीहरू विजय पाउन सक्ने थिएनन् । कर्णको वीरताको सम्मान गर्दै श्रीकृष्णले पनि भनेका छन् –'जे होस् त्यो मानव सुरविष्ठ थियो । त्यो धनुरधारी मात्र थिएन धर्मात्मा पनि त्यस्तै पराकाष्ठाको थियो । त्यसको कर्म पवित्र थियो । ऊ दलित, शोषित, पीडितको उद्धारक थियो, ऊ दानवीर पनि सारै उच्च कोटिको थियो ।'

कुवेलाको बोली : आन्दोलनको राग

देश भनेको नागरिकको परिचय हो, पहिचान हो, अपनत्व हो, आत्मा हो । संसारका धेरै नागरिकले देश विहीन हुनुको पीडा भोगेका छन् र हामीले देखेका छौँ अनि दुखका साथ अनुभूत गरेका पनि छौँ । आफ्नो मुलुकलाई स्वतन्त्र बनाउन, जनतालाई अधिकार सम्पन्न बनाउन देशका नागरिकहरूले बलिदान दिएका छन्; सिङ्गो जीवनभरि दुख, कष्ट र राज्यले दिएको प्रताडना सहेका छन् । भरखरै मात्र म्यानमारकी नेतृ आङसाङ सुकीले आफ्नो सिङ्गो जीवन कष्टसाध्य र यातनामय रूपमा झेलेर परिवर्तनको सुनौलो मोडमा पुर्‍याएकी छन् । हामीले हेरेका छौँ, विश्वले हेरेको छ । वास्तवमा जब मुलुकमा जनताका हक अधिकारको अपहरण हुन्छ, जनताले अनावश्यक रूपमा दुख, कष्ट खेप्नु पर्छ तब आन्दोलन हुन्छन्, नेतृत्वले आह्वान गर्छन् र जनता अधिकारका लागि लड्छन् यो अत्यन्त स्वभाविक कुरा हो, शाश्वत कुरा हो, नभइ नहुने कुरा हो । आन्दोलन भनेको सोद्देश्यमूलक हुन्छ र हुनु पर्छ, विनाउद्देश्यको हावादारी र भ्रमपूर्ण आन्दोलन नै हुन सक्तैन । यही मान्यतानुसार नै हामीकहाँ पनि २०६२।६३ को जन आन्दोलन भयो र यसले संविधान सभाको निर्वाचन भयो । जन अपेक्षा अनुसारको संविधान बन्ला भन्ने अपेक्षा ठुकरियो । आखिर राजनीतिक नेतृत्वले ऐनमौकामा देश सम्झेर, जनता सम्झेर निर्णय गर्नु पर्नेमा गर्न सकेन, चुक्यो मात्र होइन जन चाहना विपरीत दुई वर्षको समयावधि आफैँ थप गर्‍यो । जनता आक्रोशित त भए तर पनि थपेको अवधिमा त केही गर्लान् भन्ने ठानेर फेरि पनि भरोसा नै गरे । त्यति हुँदाहुँदै पनि थपिएको अवधिमा समेत संविधान बनाउन नसकेर संविधान सभा नै भङ्ग गरि दिए । त्यो दिन जनताको पीडाको दिन थियो, मन रोएको दिन थियो । जनताले गाँस काटेर कर तिरेको रकमको दुरुपयोग ठानेका थिए जनताले त्यो दिनलाई ।

संविधान सभाको दोस्रो निर्वाचन सम्पन्न भयो । पहिलेको राजनीतिक स्वरूप फेरि दिए जनताले आफ्नो अभितद्वारा । अर्थात् यसो भनौँ जनताले धेरैका घमण्ड तोडि दिए, सबैको आकार निर्धारण गरि दिए । त्यति वेला राजनीतिक दलले जनता समक्ष एक वर्षमा संविधान निर्माण गरि सक्छौँ भन्ने कबुल पनि गरे । जनताले अब आफ्ना आँखा फेरि तिनै दलतिर तेर्स्याएर चनाखा पारेर राखे, तैपनि विश्वासको धरहरा चाहिँ लरखराइ रहेकै थियो । धन्न भनौँ राजनितिक नतृत्वले धेरै हदसम्म जनताको परमार्शमा संविधान जारी गर्न उनीहरू सफल भए । जनता संविधान पाएर खुसी भए । वास्तवमै जनताको खुसीको दिन थियो त्यो । अब जनताले ठाने आफ्ना हक र अधिकार प्राप्त गरि सकेपछि फेरि फेरि यो मुलुकले आन्दोलनको घाउ व्यहोर्नु पर्ने छैन, पटक पटक अधिकारको लडाइँ

लडि रहनु पर्ने छैन । त्यही वेलामा मुलुकले भूकम्पको त्रासदी व्यहोर्नु पर्‍यो, त्यसको लगत्तै छिमेकीको हाम्रो संविधानप्रतिको असन्तुष्टिका कारण लादिएको बर्बर नाकाबन्दी हामीले व्यहोर्‍यौं । अरूको उक्साहट र अर्कैको स्वार्थका लागि गरिएको कथित आन्दोलनका कारण मुलुकको आर्थिक प्रगति रसातलमा पुग्यो, गरिबी र अभावमा छट्पटिएका जनताले झन् ठुलो पीडा, सास्ती र दुख व्यहोर्नु पर्‍यो । शिक्षारूपी चेतनाका दियो बालेर अन्तस्करणको अन्धकार हटाउनु पर्ने बाल बालिका र विद्यार्थीको भविष्यमा सोझै धावा बोल्दै विद्यालयरूपी मन्दिरमा ताल्चा मारि दिएर उनीहरूको भविष्य अन्धकारतिर मोड्ने काम गरियो । आफ्नो स्वार्थका लागि र अर्काको इसाराका लागि बाल बालिकाको भविष्यमाथि खेलबाड गर्नु, भविष्यमा यो मुलुक हाँक्ने कर्णधारको जीवनमा धावा बोल्नु कुनै पनि मूल्यमा उचित थिएन र छैन पनि । उद्देश्य विहीन गन्तव्यका भाला, तरबार र लाठा देखाएर न्यानो पारेको भन्दै आफ्नै घरमा आगो सल्काउने दुष्कर्म कहिल्यै र कहीँ पनि स्विकार्य हुनै सक्तैन ।

अहिलेको युग प्रतिस्पर्धाको युग हो । हामीले विकसित, सम्पन्न र समृद्धशाली मुलुकसँग प्रतिस्पर्धा गर्नु परि रहेको छ । उनीहरूको क्षमतासँग, सम्पन्नतासँग र विशेषज्ञतासँग प्रतिस्पर्धा गर्नु परि रहेको छ । यही प्रतिस्पर्धा गर्न नसकेर हाम्रो देशका लाखौंलाख युवाहरू सम्पन्न र विकसित मुलुकमा जान सक्ने वातावरण बन्नै नसकेर वा बनाउनै नसकेर गरिबीको रापले सेकिँदै र अभावको भुङ्ग्रोमा पिल्सिँदै ५५ डिग्री तातो रहेको मरुभूमिमा श्रम बेच्न बाध्य भइ रहेका छन् र महिनामा सरदर पैँतिस हजार युवा पलायन भइ रहेका छन्, देश वृद्धाश्रम बनि रहेको छ अनि देश पनि त्यसैमा दङ्ग परि रहेको छ - कम्तीमा रेमिट्यान्सले देश त चलेको छ ! एकातिर हामी यो मर्मान्त पीडा भोगि रहेका छौँ अर्कातिर अर्काको स्वार्थको लागि अर्कैको इसारामा बाल बालिकाको पढ्न पाउने हकबाट उनीहरूलाई बञ्चित गरी विद्यालय, कलेज तथा सम्पूर्ण शिक्षाका मन्दिर बन्द गराएर कथित आन्दोलन गरि रहेका छौँ । अब कसरी खुल्छ बाल बालिकाको अन्तस्करणको चेतना ? छ महिना पढ्नै नपाएर अझ भनौँ किताब पल्टाएर मात्र पनि नसकी पढ्ने, बुझ्ने कुरा त कता हो कता ! यतिखेर हाम्रा बाल बालिका एस.एल.सी.परीक्षामा सामेल भइ रहेका छन् । कस्तो आउला अब परिणाम ? कसरी गर्ने अब हामीले विकसित मुलुकका विद्यार्थीसँग प्रतिस्पर्धा ? के हामी अब फेरि अन्धकार युगतिरै फर्कँन खोजि रहेका हौँ त ? अवश्य होइन । हाम्रा बाल बालिकाको जीवनमाथि बोलिएको यो धावाका कारण बिग्रेको उनीहरूको जिन्दगीको क्षतिपूर्ति कसले गर्छ ? के आन्दोलनका कथित नाइके भनिएकाले गर्छन् ? तर व्यक्तिगत स्वार्थ र अर्काको इसारामा चल्नेहरूको दुष्कर्मले यही नियति हामीलाई भोग्न बाध्य बनाइ रहेको छ ! यो चाहिँ सत्य हो । कहिले बुझ्छौँ हामी यो वास्तविकता ? कहिले नाङ्गेझार पार्न सक्छौँ यी कथित अर्काले हानेका क्यारेमबोर्डका गोटीरूपी नाइकेहरूलाई जसले हामीलाई अन्धकारतिर धकेलि

रहेका छन् !

हाम्रो मुलुक गरिब भएकाले स्वभावैले हाम्रा जनता शिक्षाले, विपन्नताले, गरिबी र अभावले तल परेका छन् । चेतनाको स्तर कमजोर रहेका छ । उनीहरूको अबोध मस्तिष्कमा भ्रमको पर्दा ओडाएर धमिलो पानीमा माछा मार्ने प्रवृत्ति हाम्रो मुलुकको उन्नतिको बाधक हो, हामी जनताको प्रगतिको बाधक हो । यही दुराशय युक्त प्रवृत्तिका कारण मुलुकलाई रसातलमा पुर्‍याउने काम भइ रहेको छ । चटकेहरूको तमासा देखाउने थलो भइ रहेको छ हाम्रो देश ! जनताको जीवन स्तर कसरी माथि उठाउने, आय आर्जनका सम्भावनाका बाटाहरू देखाएर उनीहरूले बाँचि रहेको गरिबी र अभाव ग्रस्त जिन्दगीलाई न्यूनतम रूपमा भए पनि माथि उठाउन के कस्ता कार्यक्रमहरू सञ्चालन गर्ने ? बरु त्यसका लागि राज्यलाई कस्तो प्रकारको दबाब दिने जस्ता जनपक्षीय कार्यमा यिनीहरूको ध्यानै जाँदैन किन ? फगत व्यक्तिगत स्वार्थका लागि देश र जनतालाई सास्ती दिने, जनताको जीवन र भविष्य दाउमा राखी निहित स्वार्थको लागि कहिलेसम्म हामी अर्काले हावा दिएर फुलाएको बेलुन बनि रहने ? बडा पेचिलो र पीडादायी छ यो प्रश्न ।

जबसम्म मान्छे आँखामा पट्टी बाँधेर टाँगामा बाँधिएको घोडा जस्तो भएर दौडिन्छ तबसम्म हामीले यी बेसरम, निर्लज्ज, अरौटे र अर्काको इसारामा काम गर्ने कारिन्दाले दिएको पीडा भोग्न बाध्य भइ रहन्छौँ । यतिखेर हामी जनताले विवेक प्रयोग गर्नु पर्ने वेला आएको छ । कथित आन्दोलनको राग अलाप्नेहरूसँग अब केका लागि आन्दोलन गर्नु पर्ने हो ? नागरिकका तहमा संविधानको कुन चाहिँ दफाले विभेद गरेको छ ? जनताका आँखामा भ्रमको पर्दा लगाएर कहिलेसम्म तिमीहरू कारिन्दा बनि रहन्छौ ? म कुन प्रदेशको नागरिक भनेर रोज्न पाउने हक त्यहाँ बस्ने जनताको हो कि होइन ? आफ्नो स्वाभिमान बन्धकीमा राखेर अर्काको इसारामा उसले हावा भरि दिएको बेलुन बन्ने, उडे जस्तो गर्ने र चाउरी परेर झर्ने काम कहिलेसम्म गरि रहन्छौ ? हरेक नागरिकले विभाजनकारी आन्दोलनका पक्षमा गीत गाउनेहरूसँग यी र यस्तै प्रश्नको वर्षा गराउनु आवश्यक छ । बुझ्दै नबुझेका वा असाध्यै कम बुझेका तर कथित आन्दोलनको चर्को मारमा परेका निरीह जनतालाई, भोकमरीमा पिल्सिएर बाँच्न बाध्य भएका जनतालाई, दिनभरि काम गरेर बिहान बेलुका छाक टार्न बाध्य श्रमजीवी मजदुर जनतालाई बुझेका चेतनशील जनताले र सरकारले बडो स्पष्टताका साथ बुझाउनु जरुरी छ । यति गर्न सकिएन भने कथित ठेकेदारका हातमा मुलुक जाने र जनताले जहिले पनि अभावमा, गरिबीमा, सन्त्रासमा बाँच्नु पर्ने नियति भोगि रहनु पर्ने छ । मुलुकलाई सदैव गरिब बनाउने र आफ्नो स्वाभिमान बन्धकी राखी अर्काको दास बनेर आन्दोलनको ठेक्का लिने अवसरवादी नाइकेलाई बेलैमा चिन्ने मात्र होइन जनताका तहबाट ठेगान लगाउनु पर्ने अहिलेको टडकारो आवश्यकता रहेको छ । सिर्जनाका माध्यमबाट जनताको चेतना अभिवृद्धि गर्ने कार्यमा हामी निरन्तर निरन्तर लागि रहौँ, लागि रहौँ ।

रमेश पोखरेल

यस अङ्कमा

विशेष संवाद

कमी कमजोरी... - *श्रीओम श्रेष्ठ रोदन/१२*

कविता/ मुक्तक

तिन... – *प्रकाश बस्नेत 'गफाडी'/२१*

आशाका... – *नर्मदेश्वरी सत्याल/२२*

भित्ते लेखन – *पूर्ण विराम/३६*

अनुवाद

आभा खरे/४७

लघु कथा

कथाको प्लट - *गोविन्द नेपाल/४८*

यस पटक

सुनिल पुरी/८

यात्रा संस्मरण/समालोचना/ संस्कृति/इतिहास/निवन्ध

मर्नुभन्दा... *प्रेम सिलवाल/१९*

सगरमाथालाई...– *हेमनाथ पौडेल/२४*

डोटेली घरगीतको...– *दिव्येश्वरी जोशी/३८*

युवा ... – *शैलेन्द्र अधिकारी/४९*

सिम्रौन गढ...– *शीतल गिरी/५७*

स्थायी स्तम्भ

शिखर व्यक्तित्व

हृदयचन्द्रसिंह प्रधान/७

समाचार */६३*

अनूभूति

पुष्करराज भट्ट/६४

शब्द संयोजन
मासिक

शब्द-संयोजन

(मासिक साहित्यिक प्रकाशन) वर्ष १३ अङ्क १ पूर्णाङ्क १४४/२०७३ वैशाख
जिप्रकाका द.नं. ९४/२०६०/०६१

सल्लाहकार: डा. मोदनाथ प्रश्रित, प्रा. डा. जीवेन्द्र देव गिरी, राम विनय प्रा. केशव सुवेदी, ई. महेन्द्र गुरुङ

साहित्य सन्ध्याका लागि **प्रकाशक/संरक्षक**: वासुदेव अधिकारी

प्रधान सम्पादक: रमेश पोखरेल

कार्यकारी सम्पादक: सुमी लोहनी

सम्पादक: शीतल गिरी, रुपक अलङ्कार

कला: गणेशकुमार जी.सी. **आवरण सौजन्य**: Phuong VU

प्रतिनिधि: पुण्यप्रसाद खरेल(झापा), हरिप्रसाद तिमिल्सिना (नेपालगन्ज), नमुना शर्मा (चितवन)

कार्यालय: नयाँ बानेश्वर काठमाडौं, जी.पी.ओ. ८९७८

Email : s_samyojan@yahoo.com Website : www.shabdasamyojan.com

मुद्रण: फर्म्याट प्रिन्टिङ प्रेस, भत्केको पुल हाँडिगाउँ, काठमाडौं

साजसज्जा: टच क्रिएसन प्रा. लि.

नेपालको संविधानमा आदिवासी जनजातिको अधिकार

नेपालको संविधानमा आदिवासी जनजातिको हक अधिकार देहाय बमोजिम व्यवस्था गरिएको छ :

१. समानुपातिक, समावेशी, सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने ।

२. जातीय, क्षेत्रीय र भाषिक विभेदको अन्त्य गर्ने ।

३. सामान्य कानुनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति वा कुनै आधारमा भेदभाव नगरिने ।

४. सामाजिक वा सांस्कृतिक दृष्टिले पीछडिएका आदिवासी, आदिवासी जनजाति लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानुन बमोजिम विशेष वयवस्था गर्ने ।

५. नेपालमा बसोवास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संसथा खोल्ने र सञ्चालन गर्ने हक हुने ।

६. नेपालमा बसोवास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्धन र संरक्षण गर्ने हक हुने ।

७. सामाजिक रूपले पछाडि परेका आदिवासी, आदिवासी जनजाति समेतलाई समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागी हुन पाउने सामाजिक न्यायको हक हुने ।

८. राष्ट्रिय सम्पदाको रूपमा रहेका कला, साहित्य र सङ्गीतको विकासमा जोड दिने ।

९. समाजमा विद्यमान, धर्म, प्रथा, परम्परा, रीति तथा संस्कारका नाममा हुने सबै प्रकारका विभेद, असमानता, शोषण र अन्यायको अन्त गर्ने ।

१०. देशको सांस्कृतिक विविधता कायम राख्दै समानता एवम् सहअस्तित्वका आधारमा विभिन्न जातजाति र समुदायको भाषा, लिपि, संस्कृति, साहित्य, कला, चलचित्र र सम्पदाको संरक्षण र विकास गर्ने ।

११. आदिवासी जनजातिको पहिचान सहित सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्न अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने ।

१२. आदिवासी जनजातिसँग सरोकार राख्ने निर्णयहरूमा सहभागी गराउने ।

१३. आदिवासी, जनजाति र स्थानीय समुदायको परम्परागत ज्ञान, सिप, संस्कृति सामाजिक परम्परा र अनुभवलाई संरक्षण र संवर्धन गर्ने ।

१४. राज्यको संरचना गर्दा समानतामा आधारित समतामूलक समाज, समावेशी प्रतिनिधित्व र पहिचानको संरक्षण गर्ने । राष्ट्रपति र उपराष्ट्रपति फरक फरक लिङ्ग वा समुदायको हुने ।

१५. समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनका लागि राजनीतिक दलले उमेदवारी दिँदा समावेशी आधारमा गर्ने ।

१६. संवैधानिक निकायको रूपमा नेपालमा एक आदिवासी जनजाति आयोग रहने ।

१७. नेपाली सेनमा आदिवासी जनजाति समेतको प्रवेश समानता र समावेशी सिद्धान्तको आधारमा गरिने ।

१८. नेपाली राजदूत र विशेष प्रतिनिधि समावेशी सिद्धान्तका आधारमा नियुक्त गरिने ।

१९. संवैधानिक अङ्ग र निकायका पदमा समावेशी सिद्धान्तका आधारमा नियुक्त गरिने ।

नेपाल सरकार

कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपाल सरकार

सूचना तथा सञ्चार मन्त्रालय

सूचना विभाग

शिखर व्यक्तित्व

❖ हृदयचन्द्रसिंह प्रधान

वि.सं.१९७२ माघ १२ गते काठमाडौँको मरुहिटीमा जन्मिएका हृदयचन्द्रसिंह प्रधान सन्भ्रान्त परिवारका व्यक्ति हुन् । उनका बाबुको रइस स्वभावका कारण सम्पत्ति उडाइ दिएर दुख पाएका अनि १८ वर्षको उमेरदेखि पठनपाठन सुरु गरेर स्रेस्ता परीक्षा (चार कक्षा)सम्म मात्र उत्तीर्ण गरी फर्मायसी अड्डाको नौसिन्दा, बहिदार, राइटार जस्ता पदहरूमा बसी सेवा गरेका व्यक्ति हुन् । साहित्यिक कृतिहरूको स्वाध्यायन गर्ने र तिनैका प्रेरणाले नेपाली साहित्यको सेवामा समर्पित हुने उनी वि.सं.१९९९ मा 'शारदा' पत्रिकामा 'मातृस्नेह' शीर्षकको रचना प्रकाशित गरी नेपाली साहित्यमा प्रवेश गरेका हुन् । नेपाली साहित्यका प्रायः सबै विधामा उनले कलम चलाए पनि निबन्ध, नाटक र उपन्यासमा भने निकै ठुलो ख्याती आर्जन गरेका छन् ।

२००४ सालमा उनले लेखेको जुँगा निबन्धले मर्दको प्रतीक मानिने जुँगा शोषण र उत्पीडनको प्रतीक पनि हो भन्ने वैचारिकता समेत स्थापित गर्दै तत्कालीन समाजमा रहेको भ्रमको विपक्षमा उभिन सफल भएबाट समाजमा निकै ठुलो हलचल पैदा गरेको पाइन्छ । सुरु सुरुमा भाषा व्याकरणका विषयमा कलम चलाएका थिए भने पछि कविता लेखनतिर आकर्षित भएपछि उनले लेखेको 'छोरो' शीर्षकको कविताले तत्कालीन पितृसत्ताको विरुद्धमा आक्रोश व्यक्त गरेको छ र निकै चर्चित पनि रहेको छ। 'तिस रुपैयाँको नोट' २००१, 'भूस्वर्ग' २००३, 'जुँगा' २०० ९ जस्ता निबन्ध सङ्ग्रह उनका प्रकाशित रहेका छन् । 'छेउ लागेर' २००६, 'गङ्गालालको चिता' २०११, ' उनी देवता हुन्' २०१६ र 'कीर्तिपुरको युद्धमा' २०१६ जस्ता एकाङ्की सङ्ग्रहका माध्यमबाट नेपाली नाटकका क्षेत्रमा पनि उनी राम्रैसँग स्थापित भएका छन् । 'स्वास्नीमान्छे' २०११, 'एक चिहान' २०१७ उनका निकै सशक्त उपन्यास हुन् ।

उनी आफ्ना रचनामा नेपाली समाजको यथार्थलाई जीवन्त रूपमा चित्रण गर्दै विवेचनात्मक दृष्टिकोण प्रस्तुत गर्दछन् र त्यही सामाजिक यथार्थलाई प्रगतिवादी वैचारिकताका साथ उजागर गरी सामाजिक परिवर्तन तथा रूपान्तरणको सन्देश सम्प्रेषण गर्ने गर्दछन् । समाजका यावत विकृतिको जस्ताको तस्तै चित्रण गरी त्यस्ता तमाम असामाजिक प्रवृत्तिलाई निर्मूल पारी स्वस्थ र स्वच्छ, समतामूलक र वर्ग विहीन समाजको निर्माण गर्नु पर्ने प्रगतिवादी वैचारिक दृष्टिकोण आफ्ना सिर्जनामा प्रस्तुत गर्दछन् त्यसैले उनलाई नेपाली साहित्यमा आलोचनात्मक यथार्थवादी उपन्यासकार पनि भन्ने गरिन्छ । नेपाली समाजको अन्ध विश्वास युक्त अँध्यारो संरचना, दुखी, गरिब, शोषित, पीडितले अनेक समस्या झेल्नु परेको यथार्थ अवस्था आदिको जीवन्त चित्रण गर्दै जाति, धर्म, लिङ्ग, वर्ण, समुदाय आदिका आधारमा नेपाली समाज विभक्त हुनु हुँदैन, सम्पूर्ण मानव समान छन्, समुन्नत समाज निर्माणका लागि समाजमा विद्यमान विभेद, वेमेलको अन्त्य आवश्यक छ भन्ने मानवतावादी, प्रगतिशील, राष्ट्रवादी चिन्तन सहितको सिर्जना धर्मिता साहित्यकार प्रधानका खास विशेषता हुन् । समाजका विपन्न वर्ग तथा नारीका प्रति सम्मान भाव व्यक्त गर्ने, उनीहरूको दुरावस्थाप्रति चिन्ता जाहेर गर्दै त्यस्तो अवस्थाको निराकरणको खोजी आफ्ना सिर्जनामा गरी उपाय पनि सुझाइ दिनु उनको रचना धर्मिता हो, विशेषता हो । नेपाली समाजमा जातीय एकता आवश्यक छ, त्यसमा पनि गरिबका बिचमा एकता र त्यसैका माध्यमबाट अन्याय, शोषण र विभेदका विरुद्धमा सङ्घर्ष गर्नु पर्छ, त्यसका लागि कम्तीमा पारिवारिक एकता आवश्यक छ भन्ने दृष्टान्त प्रस्तुत गर्ने प्रधानलाई २००५ सालमा नेपाली साहित्य पषिद्द्वारा सम्मान गरिएको थियो । दुई दशक लामो सिर्जना यात्रामा झण्डै दुई दर्जन कृतिहरू प्रकाशित गर्ने प्रधानको क्षयरोगबाट पीडित उनको २०१६ माघ १० गते काठमाडौँमा निधन भयो ।

❖ सुनिल पुरी

२०५७ सालमा 'आज तिम्रो सम्झना' शीर्षकको गीति सङ्ग्रह प्रकाशित भएपछि सुनील पुरी कवि, गीतकारको रूपमा प्रतिष्ठित व्यक्तित्व बनेका हुन् । समाजवादी यथार्थवादी चिन्तनलाई सिर्जनाको केन्द्र बनाउने कवि सुनील पुरी सामाजिक विसङ्गतिका व्यापक आयामलाई प्रस्तुत गर्ने सर्जक हुन् । समाजको सीमामा भोक्ता बनेका मान्छेले अनुभव गर्न सक्ने र मानवीय संवेदनाका पक्षलाई प्रस्तुत गर्ने क्रममा उनले उपयुक्त ढङ्गले रचनामा समेटेको देखिन्छ । सामाजिक पर्यावरणले भोग्नु पर्ने विसङ्गतिका पाटाका स्रोत बन्न सक्ने राजनीतिक, सांस्कृतिक, साहित्यिक, ऐतिहासिक, धार्मिक ज्ञानका आध्यात्मिक र भौतिक एवम् शासनगत जस्ता अनेकतम पक्षहरू रचनाका पारस्परिक एवम् अद्यावधिक आधार तत्त्व बनेर बसेका भेटिन्छन् । जीवनका सम्वेदनागत मूल्यलाई आत्मसात गर्ने क्रममा सुनिलले आफ्ना अनुभूतिलाई भाषिक सिप मार्फत पाठक जगत्मा प्रक्षेपण गर्दछन् । २०२२ माघ २७ गते धनौजी, धनुषा जिल्लामा माता तुलसी पुरी र पिता नारायणप्रसाद पुरीका सुपुत्रका रूपमा जन्मेका र पुलचोक ३/१७६ ललितपुरमा स्थायी बसोवास रहेका साहित्यकार सुनिल पुरी मूल रूपमा कविता, गजल, गीत, हाइकु सिर्जना गर्न रुचाउँछन् । २०४५ पछि नेपाली साहित्यको फाँटतर्फ आकर्षित भएका उनको पहिलो प्रकाशित रचना 'एक्लो रात' कविता समीक्षा साप्ताहिकमा प्रकाशित भएको थियो । साहित्य सिर्जनामा सक्रिय सुनिलका तिन ओटा कविता हामीले यस अङ्कको 'यस पटक' स्तम्भमा समावेश गरेका छौँ ।

पहिलो कविता 'विचारको गीत' मा वर्तमान समयमा मान्छे कतिसम्म लाचार छ, विभिन्न विचारको नाममा शिर निहुराएर बाँच्न बाध्य छ भन्ने यथार्थतर्फ सङ्केत गर्न सफल रहेको छ भने दोस्रो कविता 'अवशेष'मा मान्छे जिउँदो हुँदासम्म आफू बाहेक अरू केही नहेर्ने, हेर्न नचाहने बजारमुखी बन्दै गएको तर्फ औँल्याएका छन् । तेस्रो कविता ' धतुराका फुलहरू' मा वातावरण धुलो, धुवाँले प्रदूषित भए झैं सिर्जना जगत् पनि कला, विचारको अभावले फोहोर भएको तर्फ सचेत गराएका छन् ।

विचारको गीत

बाँसको टुप्पोमा निहुँरिएको छ
–विचार
विचारलाई लिएर पातहरू हल्लि रहेका छन्
– छायाँका साथ
म पनि छायासँग हिँडि रहेको छु
एक भारी विचार बोकेर
विचारको लयसँग सुखदुख गाइ रहेछ
बाँसको टुप्पो !
मलाई पनि विचारको गीत गुनगुनाउन मन लागेको छ !
म बाँसलाई हेरि रहेछु
मलाई हेरि रहेछन् विचारहरू
शिर निहुराएर !
म बाँसको टुप्पो विवश होइ रहेछु ।



अवशेष

धर्म बेचियो !
महाभारत र रामायण बेचिए !
बेचिए महाभारतका कृष्ण
रामायणका राम
मेरो म पनि बेचियो !

धर्मले सत्य बेचेको थाहा थिएन !
कर्मले धर्म बेचेको पनि थाहा थिएन !

यो जगत्मा अब
के नै बाँकी रह्यो र !
भन मानव
मलाई कहाँ बेच्दै छौ ?

धतुराका फुलहरू

राष्ट्रिय नाचघरमा
सङ्गीत समारोह चलि रहेछ
सङ्गीतकारहरू
गीतकारहरू
गायक/गायिकाहरू
भेला भएका छन्
मैले पढेथेँ समाचार।

त्यस सम्मेलनमा
गाउँका लालुपातेहरू थोरै
थिए, सहरका सिँउडीहरू धेरै
र केही कवि विरोधमा पनि थिए!

सम्मेलनमा थिएनन्–
अम्बर गुरूङ, गोपाल योञ्जन,
नातिकाजी जस्तै सुसङ्गीतज्ञहरू!

आँखा दौडिरह्यो लोकधुनको
लालुपातेमा
गाइ रहेका थिए झलकमान
गन्धर्व सङ्गीत!
गीत सुन्दासुन्दै
आँखामा पपको सिउँडी पस्यो
एकाएक

धुनहरू डराए
शब्दहरू डराए
कोइलीलाई पर धकेलेर
कागहरू गाउन थाले –'काग! काग!!
काग!!! काग!!!!'
बालगीतको सातो गयो
राष्ट्रिय गीतहरू लठ्ठ परे–
सुँध्दै सुँध्दै धतुराका फुलहरू!

कमी कमजोरी माथि मात्र टिप्पणी गर्ने प्रवृत्ति छ

❖ श्रीओम श्रेष्ठ 'रोदन'

श्रीओम श्रेष्ठ 'रोदन'ले आफ्ना रचनामा समाजको सीमामा भोक्ता बनेका मान्छेले अनुभव गर्न सक्ने र मानवीय संवेदनाका पक्षलाई उपयुक्त ढङ्गले समेटेका छन् । सामाजिक पर्यावरणले भोग्नु पर्ने विसङ्गतिका पाटाका पक्षहरूका स्रोत बन्न सक्ने विसङ्गतिका राजनीतिक, सांस्कृतिक, ऐतिहासिक, धार्मिक ज्ञानका आध्यात्मिक र भौतिक एवम् शान्तिगत जस्ता अनेकतम् पक्षहरू रचनाका पारस्परिक एवम् अद्यतनिक आधार तत्त्व बनेर बसेका भेटिन्छन्। जीवनका सम्वेदनागत मूल्यलाई आत्मसात् गर्ने क्रममा कुशल शिल्प मार्फत पाठक समक्ष प्रक्षेपण गर्दछन्। श्रीओम श्रेष्ठ 'रोदन' मधुपर्क जस्तो महत्त्वपूर्ण साहित्यिक पत्रिकामा लामो समयसम्म सम्पादनमा सम्बद्ध सफल सारथि हुन् । रेडियो, टेलिभिजन, रङ्गमञ्च, पत्रकारिता, बैङ्किङ, संस्थान समेतको अनुभव सँगाले पनि अहिले नेपाली साहित्यका लघुकथा, निबन्ध, नियात्रा लेखनको गरिमा बढाउने काममा उनी संस्थागत रूपमा जुटेका छन् । समग्र मूल्याङ्कनमा गहन अध्ययन गरी नेपाली भाषा र साहित्यको क्षेत्रमा लागि रहने एक अगुवाका रूपमा आफ्नो स्थान बनाएका छन् । नेपाली भाषा र साहित्यको क्षेत्रमा पुऱ्याएको विशिष्ट योगदानको कारण उनले उत्तम शान्ति पुरस्कार, शंकर लामिछाने निबन्ध पुरस्कार, प्रेस काउन्सिल साहित्यिक पत्रकारिता पुरस्कार, युवा मोती पुरस्कार लगायत एक दर्जनभन्दा बढी सम्मान प्राप्त गरि सकेका छन्। वि.सं.२०१९ लक्ष्मीपूजाका दिन झम्सिखेल, ललितपुरमा जन्मेका श्रीओम श्रेष्ठ 'रोदन' इमान, निष्ठा र समर्पणमा कहिल्यै कुनै प्रकारको सम्झौता नगर्ने, अध्ययन र नयाँ नयाँ कार्य गर्न रुचाउने सरल, गम्भीर व्यक्तित्व हुन्। मौलिक र सम्पादन समेत गरी उनका झण्डै दुई दर्जन बढी कृतिहरू छापिएका छन्। साहित्यिक पत्रकारिताको क्षेत्रमा लामो समयदेखि निष्ठाका साथ काम गर्दा जीवनका जस्तोसुकै कठिन परिस्थितिमा पनि चुकेका छैनन्। साहित्यमा गहन अभिरुचि राखी साधनारत भएकै कारण श्रीओमले आफ्नो जुन हैसियत कायम गरेका छन् त्यो अवश्य नै सुखद उपलब्धि हो । यस्ता बहु आयामिक व्यक्तित्वका धनी श्रीओम श्रेष्ठ 'रोदन' सँग शब्द संयोजनका लागि साहित्यकार शीतल गिरीले गरेको कुराकानी हामीले यो अङ्कमा समावेश गरेका छौं।

शीतल : धेरै साहित्यिक सङ्घसंस्थामा जिम्मेवार पदमा हुनु हुन्छ । कार्यक्रमहरू पनि गरि रहनु हुन्छ । यस्तो व्यस्तताबिच आफ्नो सिर्जनाको लागि कसरी समय निकाल्नु हुन्छ ?

रोदन *:* सिर्जना समय भएर हुने कुरा होइन । फुर्सदमा भएकाहरू मात्र सर्जक हुँदैनन् । आजको विज्ञान र प्रविधिले जितेको मानिसको समयमा सबै नै व्यस्त छन् । समयको पनि विज्ञान हुन्छ । यसलाई व्यवस्थापन गर्न सकियो भने जति काम गर्न पनि फुर्सद निकाल्न सकिन्छ । त्यसै पनि म फुर्सदमा कम लेख्छु । जब मलाई लेख्नु पर्ने हुन्छ । तब म समय व्यवस्थापन गर्छु र लेख्छु ।

शीतल *:* **सिने क्षेत्र र नाटकमा लहसिएको मान्छे, मार्सल आर्टको खेलाडी, साहित्यतिर कसरी चाख बढ्न पुग्यो ?**

रोदन *:* साहित्य मेरो रुचिको पहिलो क्षेत्र हो । साहित्यिक क्षेत्रमा लागि सकेपछि मात्र म अन्य क्षेत्रमा लागेको हुँ । ती क्षेत्रमा सक्रिय हुँदा पनि मेरा केही कृति प्रकाशित भइ सकेका थिए । अन्य क्षेत्रले चर्चा गरायो होला तर साहित्यिक क्षेत्रले आत्म सन्तुष्टि दिएको छ ।

शीतल *: नेपाली कविताको वर्तमान स्थितिलाई कसरी मूल्याङ्कन गर्नु भएको छ ?*

रोदन *:* कविता वर्तमान नेपाली साहित्यको सबैभन्दा बलियो विधा हो । बजारको दृष्टिले कविता सबैभन्दा कम बिक्री हुने लेखन भए पनि सबैभन्दा बढी पुस्तक कविताका नै छापिन्छन् । यसबाट साहित्यमा लाग्नेहरू व्यावसायिक सोच राख्दैनन् भन्ने स्पष्ट हुन्छ । कविता लेख्न धेरै छन् तर स्थापित अत्यन्त थोरै मात्र हुन्छन् तर पनि कवितामा भइ रहेका नवीन नवीन प्रयोगले गर्दा कविता वर्तमान नेपाली साहित्यको सबैभन्दा शक्तिशाली सिर्जना बनेको छ ।

शीतल : कविताको कुरा गर्दा महाकवि, भूपी, हरिभक्त, राष्ट्रकवि यस्तै यस्तैको नाम लिइँदै छ, के वर्तमानमा स्तरीय कविता नलेखिएकै हुन् त ! यसमा यहाँको भनाइ के छ ?

रोदन *:* माथिका नामहरू युगलाई प्रतिनिधित्व गर्ने आदरणीय कविहरू हुन् तर पनि मलाई लाग्छ ती समयका केही कविताभन्दा पछिल्ला समयका कविता विभिन्न दृष्टिले बलिया छन् । पुराना कविहरू जस्तै आजकाहरूबाट छानिएका कविहरू सर्व स्वीकार्य हुन समय त लागि हाल्छ नि ! अग्रजहरूले नेपाली कवितामा ठुलो परिवर्तन ल्याएकाले उनीहरू सदा सम्मानपूर्वक सम्झिने हुन्छन् नै ।

शीतल : ***वास्तवमा कविता कस्तो हुनु पर्छ ?***

रोदन *:* कविता ठ्याक्कै यस्तै हुनु पर्छ भन्ने कुनै नमुना छैन । कवितामा सबैभन्दा ठुलो समयको शक्ति हुनु पर्छ । कलात्मकता त कविताको प्राण नै भइ हाल्यो । कवितामा कविले मात्र नभएर पाठकले पनि आफ्नोपनको स्वाद लिन सक्ने हुनु पर्छ ।

शीतल : तपाईँको निबन्ध लेखनको प्रेरणाको स्रोत के थियो ?

रोदन *:* निबन्ध लेखनको प्रेरणा मेरो उमेर र

परिवेश हो जस्तो लाग्छ। मैले जानेर निबन्ध लेख्न सुरु गरेको होइन। पहिलो निबन्धमा मैले एउटा घटनाबाट प्रभावित भएर भावना व्यक्त गरेको थिएँ। केहीपछि फुर्सदले हेर्दा ठिकै लेखेँ भन्ने लाग्यो र साथीहरूलाई सुनाएँ। उनीहरूले प्रोत्साहित गरेपछि लेख्न हौसिएको थिएँ। पछि राममणि रिसालका निबन्धहरूबाट लेख्नलाई थप ऊर्जा मिलेको थियो। नियात्रा लेख्नको लागि भने मलाई आदरणीय मञ्जुलले निकै प्रोत्साहित गर्नु भएको थियो।

शीतल : निबन्ध लेखनमा कतिको आनन्द महसुस गर्नु हुन्छ ? तपाईँले प्राप्त गर्दै आएको आनन्द के हो त ?

रोदन : लेख्न त म अरू विधामा पनि लेखि रहेको छु। अरू रचना लेखि सक्दा एक प्रकारको आनन्द हुन्छ तर आत्मपरक निबन्ध लेखेर सकिँदा भने छुट्टै प्रकारको आनन्द र सन्तुष्टि पाउने गर्छु। प्रतीक्षापछिको प्राप्ति जस्तो। घण्टौं हिँडेर थाकेको वेलामा चौतारीमा थकाइ मारे जस्तो अनुभव हुन्छ। त्यसैले निबन्ध लेख्न सजिलो लाग्दैन मलाई।

शीतल : कतिपय समालोचकहरूका दृष्टिमा शंकर लामिछानेपछि निबन्ध लेखनमा स्तरीयताको कमी आएको जस्तो छ भन्ने भनाइ तपाईँलाई कस्तो लाग्छ ?

रोदन : समग्रमा निबन्ध लेखनको विकास भएको छ तर आत्मपरक निबन्ध लेख्नेहरूको सङ्ख्या खासै बढ्न सकेको छैन। पहिलो कुरा त निबन्ध लेख्नेहरू थोरै भएकोले पनि अन्य विधाको जस्तो व्यापक हुन सकेको छैन। शंकर लामिछाने निबन्धका महान् शिल्पी हुन् तर निबन्ध लेखनको सबैभन्दा ठुलो विशेषता शैलीगत आफ्नोपन नै हो। निजत्वविनाको निबन्धकार सधैँ अरूले खनेको बाटोमा मात्र हिँड्छन्। आफ्नोपन भएका निबन्धकार आफैँ बाटो खनेर हिँड्छन्। यस दृष्टिले शंकर लामिछानेपछिका निबन्धकारमा शंकर लामिछाने खोज्नु नै उपयुक्त हुँदैन। अरू निबन्धकारमा पनि शंकर लामिछाने नै भेटियो भने त्यो लेखक निबन्धकार बन्न सक्दैन जस्तो लाग्छ।

शीतल : निबन्ध लेखनमा तपाईँको लेखन शैली शंकर लामिछाने अथवा भारतका जैनेन्द्र कुमारको नजिक भए जस्तो लाग्छ यसबारे के भन्नु हुन्छ ?

रोदन : मैले शंकर लामिछानेका धेरै निबन्ध पढेको छु तर मेरो निबन्धमा कसैको पनि प्रभाव परेको छैन जस्तो लाग्छ। मेरा निबन्धमा म नै देखिनु पर्छ नत्र मेरो निबन्धबाट म कसरी चिन्ने ? म दुई दशकभन्दा बढीदेखि अरूका रचना पढ्ने र सम्पादन गर्ने काम गरि रहेको छु। प्रभाव पर्ने हो भने त मेरा प्रत्येक रचनामा कोही न कोहीको प्रभाव पर्थ्यो होला नि।

शीतल : तपाईँको लेखन शैली निबन्ध सुहाउँदो छ र निबन्धमा भावनाहरू राम्ररी ल्याउनु हुन्छ, तब पनि निबन्ध लेखनमा खास ध्यान दिनु भएको जस्तो लागेन, किन ?

रोदन : मैले माथि पनि सङ्केत गरेको छु। निबन्ध लेख्न मलाई सजिलो लाग्दैन। गारो लाग्छ, त्यसैले कम लेख्छु। त्यसैले मेरा चार नियात्रालाई छोडेर बल्ल पाँचौं निबन्ध सङ्ग्रह तयार गरेको छु।

शीतल : आख्यानमा लघु कथाको कसरी मूल्याङ्कन गर्नु भएको छ ?

रोदन : लघु कथा आजको समय सापेक्ष लेखन हो । आजको व्यस्त जीवनले गर्दा लघु कथा लोकप्रिय बनेको छ । थोरै समयमा एउटा पूर्ण कथाको स्वाद दिलाउन लघु कथा सक्षम हुन्छ। तिसको दशकसम्म लघु कथा रहरको लेखन जस्तो मात्र थियो। त्यसैले यसमाथि सैद्धान्तिक रूपले खासै काम भएको थिएन । अहिले लघु कथा प्रविधाको रूपमा स्पष्टसँग परिभाषित भइ सकेको छ । फलतः लघु कथा लेख्नेहरू मात्र नभएर अन्य विधाका स्थापित स्रस्टाहरू पनि लघु कथा लेखनमा आइ रहेका छन् ।

शीतल : तपाईँ लघु कथा समाजको अध्यक्ष पनि हुनु हुन्छ ? लघु कथाको मापन केलाई बनाउनु भएको छ ? त्यसका आधार पनि प्रष्ट पारि दिनुस् त ?

रोदन : लघु कथा, लघु कथा जस्तै हुनु पर्छ । आकार मात्र लघु कथा होइन । लघु कथामा पछिल्ला पङ्क्तिहरू क्रमशः उत्कर्षतिर जानु पर्छ। लघु कथाको अन्त्यमा पाठकलाई झट्का दिने हुनु पर्छ । लघु कथाको अन्त्य आकस्मिक र कौतूहल पूर्ण हुनु पर्छ। जसलाई वीज वाक्य भनिन्छ। दुई सय पचास शब्दसम्मका लघु कथा स्तरीय हुन्छन् भन्ने मानिएको छ। यसरी लघु कथाका सैद्धान्तिक आधार तयार पार्नका लागि लघु कथा समाजले विज्ञहरूसँग पटक पटक छलफल गरेको छ । प्रज्ञा प्रतिष्ठानसँग पटक पटक सहकार्यमा गोष्ठी, अन्तरक्रिया गरेको छ। प्रारम्भदेखिका राम्रा लघु कथा र वेला वेलामा सम्पन्न भएका प्रतियोगिताको आधारलाई पनि मानिएको छ। त्यस्तै गरी त्रिभुवन विश्व विद्यालयमा स्नातकोत्तर र विद्यावारिधिमा भएका शोधहरूलाई समेत आधार मानिएको छ।

शीतल : कतिपयले प्रगतिवादी साहित्यलाई कला विहीन नारावादी भन्छन् । के नेपाली प्रगतिवादी साहित्यको अवस्था आरोपित गर्नेहरूले भने जस्तै हो ?

रोदन : यो प्रगतिवादी साहित्य नबुझ्नेहरूले गर्ने गरेको आरोप हो। जसरी कला विहीन साहित्य हुँदैन त्यसै गरी नारा मात्र पनि साहित्य होइन । आरोप गर्नेहरू प्रगतिवादी साहित्य भन्नासाथ एक प्रकारले वायस हुन्छन् र त्यसो भन्ने गर्छन् तर प्रगतिवादी साहित्य भन्नेहरूले भन्ने गरेको भन्दा धेरै माथिको छ।

शीतल : साहित्य महोत्सवका नाममा समय समयमा हुने गरेका साहित्यिक भेला, प्रदर्शनीहरूलाई कसरी मूल्याङ्कन गरि रहनु भएको छ ?

रोदन : झट्ट हेर्दा साहित्यका लागि केही काम भए जस्ता देखिए पनि यस्ता भेला महोत्सवले साहित्यलाई माध्यम बनाएर व्यापार प्रवर्द्धन गर्ने कार्य भएको छ। दोस्रो कुरा यस्ता महोत्सव निश्चित व्यक्ति वा समूहका लागि मात्र हुने गरेका छन् । यस्ता महोत्सवले साहित्य सबैको लागि भन्ने सन्देश दिन सकेको छैन।

शीतल : ***लघु कथाको परिभाषा सर्वमान्य नहोला, तपाईँ संलग्न संस्थाले स्विकारेको र ठहऱ्याएको लघु कथा कस्तो हुनु पर्छ ?***

रोदन : लघु कथाको परिभाषामा धेरै समय अलमलियौँ हामी । अब अहिले त्यस्तो स्थिति छैन । अहिले नेपाली लघु कथाको परिभाषा नपढ्नेहरूले मात्र आआफ्नै ढङ्गले व्याख्या गर्ने गरेका छन् ।

शीतल : तपाईँले नेपाली साहित्यमा देखा पर्दै आएको भाषिक विचलनलाई कसरी हेर्नु भएको छ ?

रोदन : अहिलेको भाषिक विचलनले धेरै नै अलमलिएको छ। यो विचलनले लेखकलाई भन्दा शिक्षक र सम्पादकहरूलाई निकै अप्ठेरो पारेको छ। मानकको रूपमा प्रचलित भाषालाई बिगार्ने केही स्वार्थीहरूको कारण अहिले सबैले दुख पाइ रहेका छन् ।

शीतल : नेपाली साहित्यमा स्थापित पुरस्कारहरूमध्ये 'मदन पुरस्कार' को सर्वोच्चता कायम रहेको मान्नु हुन्छ ?

रोदन : पुरस्कार सबैको आआफ्नो सर्वोच्चता हुन्छ । पुरस्कार कुनै इतिहासले, कुनै गरिमाले, कुनै पुरस्कारको नामले र कुनै नगद राशिका कारण विशिष्ट हुन्छन् । सत्यचाहिं के हो भने मदन पुरस्कारले सबैभन्दा बढी हल्ला र चर्चा पाउने गरेको छ ।

शीतल : नियात्रा साहित्यको अवस्था वर्तमानमा कस्तो छ ? हिजोआज नबुझ्रेर, जानेर या नजानेर यसमा कलम चलाउनेको सङ्ख्या निकै छ किन होला ?

रोदन : नियात्रा साहित्यको लोकप्रिय लेखन हो । विगतमा लेखिने यात्रा साहित्य र वर्तमानमा लेखिने नियात्रामा ठुलो अन्तर छ । नियात्रा पहिलेको जस्तो विवरण होइन तर कतिपय वरिष्ठ भनाउँदाहरू पनि विवरण लेखेर नियात्रा भन्न रुचाउँछन् । नियात्राका पाठक साहित्यिक मात्र नभएर असाहित्यिक पनि हुन्छन् । यही कारण लेख्नेहरूमा पनि साहित्यमा नचिनिएकाहरू बढ्न थालेका छन् ।

शीतल : नियात्रा लेखन गर्दा के के कुरालाई ध्यान दिनु पर्छ ?

रोदन : नियात्रा लेखनमा लेखकको अनुभूतिको प्राधान्यता हुनु पर्छ । यात्रा साहित्यमा विद्यावारिधि गर्ने पहिलो साहित्यकार निर्मोही व्यासका अनुसार- 'नियात्रा स्वच्छन्द प्रकृतिको अनुभूति प्रधान र रससिक्त सिर्जनात्मक गद्य लेखन हो ।'

शीतल : साहित्यमा संस्मरणको के कस्तो आवश्यकता छ ?

रोदन : संस्मरणको प्राण भनेको इमान्दारिता हो। बेइमान संस्मरणले पाठकमाथि अन्याय गरि रहेको हुन्छ। विश्वका वा जुनसुकै वर्ग र क्षेत्रका मानिसका कुनै न कुनै संस्मरण हुन्छन् नै तर सबै साहित्यकार हुँदैनन् । संस्मरण प्रस्तुत गर्ने शैलीले नै त्यसलाई आकर्षक र पाठकीय बनाउन सकिन्छ।

शीतल : तपाईँ त देशका धेरै ठाउँमा पुग्नु भएको छ । मोफसल र राजधानीका साहित्यिक माहोलमा के कस्तो फरक अनुभूति गर्नु भएको छ ?

रोदन : राजधानी र मोफसलका साहित्यिक लेखन र माहौलमा खासै अन्तर भएको जस्तो लाग्दैन । राजधानीमा सञ्चार माध्यमको बलियो पकड छ र धेरै सञ्चारकर्मी छन् । समीक्षक र समालोचकका कलम

पनि राजधानीमा नै बढी बिक्ने गरेका छन् । राजधानीमा साहित्यिक क्षेत्रमा पनि अवसर धेरै छ । यही कारण राजधानीमा आएर चहलपहल गर्न जान्नेहरू छिट्टै स्थापित हुन गरेका छन् तर सत्यचाहिँ के हो भने राजधानीमा राजधानीकै स्रष्टाको सङ्ख्या भने अत्यन्त न्यून छ र अधिक चर्चा र चहलपहल मोफसलबाटै आएका स्रस्टाहरूको हुने गरेको देखिन्छ ।

शीतल : साहित्यिक पत्रिकाको सम्पादक बन्दा के कुरामा सजग रहनु पर्छ ?

रोदन : साहित्यिक पत्रिकाका सम्पादकले धेरै कुरामा ध्यान दिनु पर्ने हुन्छ । लेखकले लेखे मात्र पुग्छ तर सम्पादकले लेखकको कलात्मक सिर्जना पनि बुझ्नु पर्दछ । कतिपय रचनामा एउटा शब्द वा वाक्य यताउता गर्दा पनि अर्को अर्थ लाग्ने हुन सक्छ । तसर्थ साहित्यिक पत्रिकाको सम्पादक हुनलाई भाषा र सिर्जनाको ज्ञान, सम्पादनको कला, डिजाइनिङ, फोटोग्राफीको ज्ञान हुनुका साथै स्रस्टाहरूसँग सधैँ हार्दिक सम्बन्ध राख्न सक्ने व्यवहारको पनि हुनु पर्छ जस्तो लाग्छ तर दुर्भाग्य के भने रचना सङ्कलन गर्नेहरू सगौरव सम्पादक बनेका छन् । ह्रस्वदीर्घ मिलाउन जान्नु नै सम्पादकको योग्यता हो भन्ने गरिब मानसिकता हावी हुँदै गएको जस्तो लाग्छ ।

शीतल : तपाईँ मधुपर्कसँग लामो समयसम्म जोडिनु भयो । यस क्रममा भोग्नु व्यहोर्नु परेका चुनौतीबारे केही टिप्पणी गरि दिनु हुन्थ्यो कि ?

रोदन : मधुपर्कको व्यापकताले गर्दा सिर्जनाको चाप जहिले पनि बढी नै हुने गर्दछ । सरकारी संस्थाबाट प्रकाशित हुने भएकोले धेरैले रचना प्रकाशनको अपेक्षा गर्नु स्वाभाविक पनि हो । त्यसैले मधुपर्कमा स्रष्टाहरूको, राजनीतिक विचार राख्नेहरूको सन्तुलनका साथै भाषिक, लैङ्गिक र क्षेत्रीय सन्तुलन पनि मिलाउन हामी सधैँ सचेत हुन्थ्यौँ । अर्कोतिर साना साना कुरालाई लिएर मन्त्रालयमा पत्रिका पुऱ्याउने एक खालका समूह पनि सधैँ सक्रिय हुन्छन् । मधुपर्कमा प्रकाशनका लागि पहिले पहिले केही दबाब आउँथे तर अहिले त्यस्तो स्थिति छैन । अहिले दबाब, दबाबको रूपमा नभएर हार्दिक हुन्छन् । प्रत्येक दिन जस्तो आउने, भेट्ने, फोन गर्ने गरेर प्रभाव पार्न त खोज्छन् नै । तर हामीले रचनाको स्तरीयतालाई नै पहिलो प्राथमिकता दिने गर्थ्यौँ । अग्रजको सम्मान र नयाँहरूलाई प्रोत्साहनका लागि पनि पर्याप्त स्थान दिने गर्थ्यौँ । मधुपर्कसँगका अनौठा र रमाइला सन्दर्भहरू त कति छन् कति ।

शीतल : किन सम्पादकमाथि अपजसका कुराहरू आइ लाग्छन् ? के हाम्रो समाज कृतघ्न छ ?

रोदन : सामान्यतया पाठकहरूले धेरै राम्रा सामग्री पढ्छन् तर त्यसमाथि केही बोल्दैनन् । कमी कमजोरी माथि मात्र टिप्पणी गर्ने प्रवृत्ति हामीकहाँ छ । अर्को कुरा पत्रिकामा रचना प्रकाशनको लागि रचना पठाउने धेरै हुन्छन् तर छापिने थोरै मात्र हुन्छन् । आफ्नो रचना नछापिएपछि कुनै न कुनै रूपमा प्रतिक्रिया व्यक्त गर्छन् । अर्को महत्वपूर्ण कुरा के हो

भने लेखनेहरू सबैलाई आफ्नो रचना उत्कृष्ट नै लागेको हुन्छ ।

शीतल : शब्द संयोजन मार्फत हाम्रा पाठकहरूलाई आफ्ना अमूल्य विचारहरू दिनु भएकोमा हार्दिक धन्यवाद ।

रोदन : अखबारी पत्रकारिताभन्दा जेठो साहित्यिक पत्रकारिता भए पनि व्यावसायिक दृष्टिले पटक्कै माथि उठ्न सकेको छैन । आठ दशकअघि प्रकाशित साहित्यिक पत्रिका 'शारदा' मा हुने गरेका सम्पादकीय गुनासा र अहिलेको अवस्थामा तात्त्विक अन्तर हुन सकेको छैन । त्यसैले साहित्यिक पत्रकारिता गर्नुलाई फलामको चिउरा चपाउनु सरह मानिन्छ । यस्तो कठिन कार्यलाई 'शब्द संयोजन'ले स्तरीयताका साथ निरन्तरता दिइ रहेको छु । यसले शब्द संयोजनकर्मीहरूको क्षमता र प्रतिबद्धता प्रमाणित गरेको छ । जुन अनुकरणीय छ । म पनि यो अवसरका लागि धन्य भएको छु र सर्जक शीतल गिरी दाइ लगायत पत्रिका परिवारप्रति धन्यवाद व्यक्त गर्छु ।

उपत्यका बाहिर **शब्द-संयोजन** साहित्यिक मासिक पत्रिका **पाइने स्थानहरू**

इलाम पुस्तक पसल– इलाम - ०२७-५२०४२३, **श्रेष्ठ बुक एण्ड न्यूज सेन्टर– दमक, झापा** - ०२३-५८४१२५, **मैनाली पुस्तक भण्डार– विराटनगर, मोरङ** - ०२१-५२१९२६, **मुनाल पुस्तक भण्डार– गाईघाट, उदयपुर** - ०३५-४२०१२५, **सीता नोवल– लाहान, सिराहा** - ०३३-५६००२७, **न्यू परजुना स्टेशनरी– सिन्धुली** - ०४७-५२००२५, **श्रीराम पुस्तक पसल– लालबन्दी, सर्लाही** - ०४६-५०१५८९, **मिलिजुली पुस्तक तथा स्टेशनरी– मन्थली, रामेछाप** - ०४८-५४००८३, **जे. एन. पुस्तक पसल– मन्थली, रामेछाप**,- ०४८-५४००१०, **झिगु समाचार पुस्तक केन्द्र– वीरगञ्ज, पर्सा** - ०५१-५२८९१८, **न्यू समाचार केन्द्र– हेटौँडा, मकवानपुर** - ०५७-५२४०५५, **श्री सूचना केन्द्र– हेटौँडा, मकवानपुर** - ०५७-५२१७३७, **नारायणी पुस्तक सदन– नारायणगढ, चितवन** - ०५६-५२१२८०, **झरना पुस्तक पसल– बेसीसहर** - ०६६-५२०५१०, **त्रिपूरा पुस्तक पसल– धादिङ** - ०१०-५२०१९०, **पत्रपत्रिका स्टेशनरी** (लालचन्द्र)**– बागलुङ** - ०६८-५२०१८४, **सगुन स्टेशनरी स्टोर्स– म्याग्दी** - ०६९-५२००३५, **सिर्जना स्टेशनरी सेन्टर– वालिङ, स्याङजा** -०६३- ४४०३५४, **कञ्चन पुस्तक पसल– पोखरा, कास्की** - ०६१-५२४४६६, **गोरखापत्र बाजे– पोखरा, कास्की** – ०६१–, **श्रेष्ठ न्यूज एजेन्सी पुस्तक भण्डार– तानसेन, पाल्पा**, **हाम्रो पुस्तक पसल– भैरहवा, रुपन्देही** - ०७१-५२६५२९, **सिटी बुक एण्ड न्युज सेन्टर– बुटवल, रुपन्देही** -०७१-५४५२३६, **विशाल पुस्तक सदन– बुटवल, रुपन्देही** – ०७१-५४६५५९, **जनता बुक स्टल– घोराही, दाङ** – ०८२-५६०२६९, **न्यू प्रभात पुस्तक पसल– सुर्खेत** - ०८३-५२००७५, **न्यू अर्याल पुस्तक पसल– भुरिगाउँ, वर्दिया** - ०८४-४०३००६, **महाकाली समाचार केन्द्र– महेन्द्रनगर, कञ्चनपुर-**

मर्नुभन्दा बौलाउनु निको

❖ प्रेम सिलवाल

मानिस जन्मेपछि मर्छ । मर्नकै लागि जन्मनु पर्छ । जन्मेर अजम्बरी आजसम्म कुनै व्यक्ति, शासक, नेता, कलाकार, चित्रकार, वकिल, प्राध्यापक, लेखक, व्यापारी, दार्शनिक, वैज्ञानिक आदि कोही पनि बन्न सकेका छैनन् । जन्मेर कुनै पनि क्षण मर्नु पर्छ भन्ने जान्दाजान्दै पनि मान्छे अनेक उपद्रो गर्न प्रेरित बनेका देखिन्छन् । मानिस यसै वेला मर्छ भन्ने निधो विज्ञान वा वैज्ञानिकले गर्न सकेको पाइँदैन । प्रकृतिका थुप्रै विषयलाई विज्ञानले जित्न सकेको भए पनि उसले मानिसलाई अजम्बरी त के कुन दिन मर्न सक्छ भन्ने पनि बताउन सकेको छैन । विज्ञानको चमत्कारले प्लेन बनायो, टेलिफोन, मोबाइल, कारदेखि रकेटसम्म बनाइ सकेको छ, तर मानिस जस्तै दुरुस्तै मानव बनाउन सकेको छैन । एउटा मरेको मान्छेलाई ठम ठम हिँड्ने बनाउन सकेको छैन । यस्तो महत्त्वपूर्ण जीवन पाएर आएका कतिपय मानिसहरू आफैं मर्दै छन् । एस.एल.सी. फेल भयो आत्महत्या । व्यापारमा असफल भयो आत्महत्या । ढुकुटी खेलेर ऋणमा डुबेको वेला पनि आत्महत्या । आत्महत्याका अनेक कारणहरू रहने गरेका छन् । मानिस बाहिर देखिएको जस्तो भित्र हुँदैन । मानिसमा एउटा अन्तरआत्मा हुन्छ । अन्तरआत्माले ढाँट्दैन । मानिसले सत्य बोल्दैन तर अन्तरआत्मा भने ढाँट्न जान्दैन । इटालीका दार्शनिक मेकियाभेलीले मानिसलाई कायर, ढोंगी, डरपोक, स्वार्थी, लोभी, पापी हुन्छ भनेका थिए । उनले मानिसले देखाउने नैतिकता, सदगुण जस्ता कुरा केवल नौटङ्की मात्र हुन् भनेका थिए । मर्नु र बौलाउनुमा ठुलो फरक हुन्छ । बौलाएर पनि बाँच्न सकिन्छ । बौलाहा जन्मजात पनि हुन्छ । पछि परिस्थितिले बौलाएका पनि हुन्छन् । बौलाएको जस्तै नाटक गरिएको पनि हुन्छ । मान्छेहरू गर्नसम्म गल्ती गरि सकेपछि गल्तीबाट उन्मुक्ति पाउन बौलाए जस्तै नाटक गर्न पनि खप्पिस हुन्छन् । अर्काको तिर्नु खानु गर्न नसकेपछि बौलाएका पनि हुन्छन् । मरेपछि केही रहन्न । जीवन भएर मात्र केही गर्न सकिन्छ । मानिस मर्ने वेलासम्म पनि आशमा बाँचेको हुन्छ । जीवनको महत्त्व भएकैले नेताहरू आफ्ना

स्वास्थ्यमा बढी सचेत रहन्छन् । तत्कालीन नेता मदन भण्डारीले जीवनका लागि सिद्धान्त हो भनेका थिए । जीवन नभए कुनै सिद्धान्त, विचारको अर्थ हुन्न । जीवनको उपयोग गर्न मिल्ने सिद्धान्तको उनले वकालत गरेका थिए । जीवन नै मूल कुरा हो । जीवन बाँचेर मात्र केही देख्न सकिन्छ । मरेकाको श्राद्ध मात्र गर्न सकिन्छ । उसलाई कुनै कुरो भन्न र देखाउन सकिन्न । जनयुद्धका नारामा जङ्गलमा मान्छेहरू खरानी भए । फोस्रो उन्माद, फोस्रा आश्वासन र उत्ताउलो, उरन्ठेउलो गतिविधिका कारण होनहार युवाहरू माटोमुनि पुगेका थिए । युद्धका कारण नमरेर बरु बहुलाएका थिए भने आज अवस्था हेरी उपचार हुने थियो । कति सद्दे बनेर सामान्य जीवन बाँच्ने हुन्थे होला । विनाअर्थ मान्छेहरूलाई कालका मुखमा हाल्ने काम अपराध नै हो । अपराधीले सजाय पाउनु पर्छ भन्छ कानुनको सामान्य सिद्धान्त तर देशमा कानुन छैन । संविधान निर्माण गर्न भनी गरिएका दुबै निर्वाचन भ्रूण्डै भ्रूण्डै थारो बसे । धन्न पछिल्लो निर्वाचनमा हालेको मत खेर गएन । तैपनि यस्तो स्थितिमा जनताका अघिल्तिर मर्नुभन्दा बहुलाउनु निको भन्ने उखान भ्रूण्डै भ्रूण्डै चरितार्थ भएको थियो नै । वास्तवमा रिस, आवेश, धम्कीले संविधान बन्दैनथ्यो । शक्तिको अघि टाउको ठोकेर आफ्नै टाउकोमा घाउ लगाउनु बरावर थियो । श्रीलङ्कामा बहुलाउन नसकेर माटोमुनि पुगेका तत्कालीन विद्रोही नेता प्रभाकरणले उनका समर्थकलाई बहुलाएर पनि बाँच्न सिकाएनन् । उल्टो बहुलाउनुभन्दा मर्नु नै निको भन्दै मान्छेहरूलाई भटाभट मर्ने लाइनमा लगाएका थिए । उनको हठले उनी मात्र खरानी बनेनन्, उनको आन्दोलन नै खरानी बन्न पुग्यो । बहुलाएर हुने काममा मर्नु बेकार हुन्छ । बहुलाहाको उपचार हुन्छ । मर्नेको कुनै उपचार छैन । पेरुका क्रान्तिकारी नेता चे गोएभराले मान्छेहरूलाई युद्ध गर्न र मर्न भने तर भारत जस्तो विशाल देशका नेता महात्मा गान्धीले मान्छे नमारीकन सन् १९४७ मा विश्व साम्राज्यको खम्बा बेलायतलाई झुकाएर धपाएका थिए । गौतम बुद्धले मान्छे मात्र होइन एउटा कमिला पनि मार्नु हुन्न भनेका थिए । २६ सय वर्षअघिका गौतम बुद्धलाई हामी मान्छे मार्नु हुन्न भन्ने विचारका कारण एउटा फोटोमा देखाएर पनि चिन्न सक्छौँ । मरेको आफ्नै हजुरबुबाको फोटो देखाए हामी चिन्न सक्दैनौँ तर किन गौतम बुद्धलाई चिन्न सक्छौँ ? विचारले चिन्न सक्ने रहेछ । दर्शनले चिन्न सकिने रहेछ । विचार भनेको पनि बाँचेर मात्र बनाउन सकिन्छ । मरेपछि सकियो । सबै खतम । जीवनको यही अमूल्य महत्त्वलाई बुझेर नै गाउँका ठुलाबडाहरूले मर्नुभन्दा बहुलाउनु निको भनेका होलान् । मरेर स्वर्ग देख्ने कुरा कल्पना गर्न सकिन्न किनकि स्वर्ग देखेँ भनेर कोही फर्केर आएको पनि छैन । पुष्टि नभएको कुरा विज्ञानले मान्दैन । मानिसलाई जीवनमा मरूँ मरूँ लाग्ने क्षण पनि आउन सक्छ । आफ्ना कुरा पुरा नहुँदा

त्यस्तो लाग्नु स्वभाविक पनि हुन सक्छ तर मरेर खरानी बाहेक केही बन्न सकिन्न । बाँचेर भने दुनियाँका सब चर्तिकला देख्न, सुन्न सकिन्छ । त्यसैले मर्नुभन्दा बहुलाउनु नै निको लागेर म बहुलाएर बसेको छु। एक जना कविले कविहरू साइको हुन्छन् भनेकी थिइन् । आफू साइको भएर पनि बाँचेको छु। मर्न नसकेर ।

तिन मुक्तक

❖ प्रकाश बस्नेत 'गफाडी'

१

तारेको र पोलेकोमा फरक हुनु पर्छ
मिसेको र घोलेकोमा फरक हुनु पर्छ
कुर्सीमा बसेर त काजीको कुकुर पनि भुक्छ नेताजी
भुकेको र बोलेकोमा फरक हुनु पर्छ ।

२

बालक हाँस्दा आफ्नो शैशव देख्छु म्र
मुलुक हाँस्दा आफ्नो बैभब देख्छु म्र
तिमी हेलिकोप्टर हेर्दै सरकार आयो भन्छ्यौ
फाटेको पालबाट त मधु र कैटभ देख्छु म ।

३

धान हुनेमा साग लगाइन्छ
आफ्नै इज्जतमा दाग लगाइन्छ
योग्यताको कदर छैन हजुर नेपालमा
यहाँ त पद र प्रतिष्ठाको भाग लगाइन्छ ।

आलापोट ३, काठमाडौँ

आशाका किरणहरू छचल्किँदा

❖ नर्मदेश्वरी सत्याल

'आकाशको राहु पातालको केतु
एक पटक नपरी कसरी चेतु' भनेर
कहँदै र सम्झाउँदै आइएको लोकोक्तिले
प्याजका पत्र पत्र भएर पत्रिएका
एक आपसी विगतका घटनाहरू सम्झाउँदै
छचल्काउँछ दिमागका जरा जरा घुसेर
कोपिन्छ मुटुको रस चुसेर ।

टुक्रिएको बहुलवाद र जनयुद्धले
खियाले फलाम कोतरे झैँ कोतरेको परिदृश्य
मेरो देशको व्यवस्था र विवशताको हिस्सा
के सक्ला र बिर्सन इतिहासले ?
सम्झि रहेछु म पनि गहिरोसँग
डराइ रहेछु जातीय पहिरोसँग
नहुँदो रहेछ लडेर भन्ने भावले
सुस्ताएर गम्छु एक छिन् म ।

प्रकृति पनि फेरिँदै छ त्रिहत्तरमा
फेरिँदै छन् मनहरू भन्ने आभाषमा
डढेलोपछिका पिपिरा झैँ
मनभित्र टुसाएका सद्भावका आँकुराहरू
अब्बल भूमि खोजेर सर्न तम्सिएका छन् मबाट ।

देखि रहेछु, सुनि रहेछु आजको मेरो परिवेश
जाति जाति मिलेर बस्ने अमूल्य सन्देश
र पो
छचल्किएका छन् आशाका किरणहरू
आऊ मिलाऊँ अनतरमनहरू ।
मिल्यौँ भने के हुन्न र छिन्मै
हेरौँ त चीन, जापान र बेलायतका
अरू अरू प्रजातान्त्रिक मुलुकका
शिक्षा, स्वास्थ, रोजगार र समानताका
या भनौँ मानवीय पक्षका
रमेर जिउँने आवश्यकताहरू
श्रम विभाजनका उत्पादित मूल्यहरू
न्यायिक धरातलमा उभिँदा छचल्किएका
घैला भरि भरि भुल्किएका
आशा र भरोसाका किरणहरू ।

यो नयाँ वर्षमा
मिलेमतोमा लागेका जनमनहरू
राजनीतिबाट तानिएका तनहरू
अरब पति, भूमिपति र त्रिपालमुनिकाहरू
किसान, मजदुर र उत्पीडित महिलाहरू
सबै सबै समेटेर प्रकृति वरिपरि
हात खुट्टा र दिमाग चलाउन
व्यवस्था र विवशता सही बनाउन
आशाका किरणहरू छचल्किँदा
सेयर होल्डरहरूको सम्मेलन गर्न
आह्वान गरि रहेछु वैशाख एकमा ।

सगरमाथालाई नाघेर संसारका छानामा

❖ हेमनाथ पौडेल

नेपालको उत्तरतिरको सम्पूर्ण सीमा जोडिएको तथा परापूर्व कालदेखि सामाजिक, सांस्कृतिक एवम् राजनीतिक र आर्थिक सम्बन्ध रहँदै आएको असल छिमेकी मित्र चीनको स्वशासित क्षेत्र तिब्बत र यसको राजधानी ल्हासा सहरको वर्णन मैले यसअघि अनेक प्रसङ्गमा सुन्ने र पढ्ने मौका पाएको थिएँ । २०६१/०६२ सालमा सगरमाथा कलेजले प्रकाशित गरेको **आजको तिब्बत** त्रैमासिक पत्रिकाको कार्यकारी सम्पादक भएर कार्य गर्दा पनि मैले तिब्बतका बारेमा निकै जानकारी प्राप्त गरेको थिएँ । विश्वकै अग्लो ठाउँ अथवा संसारकै छानो मानिएको तिब्बत र यसको राजधानी ल्हासाका बारेमा महाकवि लक्ष्मीप्रसाद देवकोटाले **मुना मदन** काव्यमा गरेको वर्णन र मदनले कमाएर ल्याएको सुनको प्रसङ्ग अनि हाम्रा पुर्खाहरूले 'ल्हासामा सुन छ कान मेरो बुच्चै' भन्ने गरेको कहावत एवम् सुनैसुनले बनेको ल्हासा दरबारको कथा तथा बुद्ध र भृकुटीले जोडेको सांस्कृतिक, पारिवारिक सम्बन्ध र चीनले तिब्बतमा गरेको अभूतपूर्व विकास लगायतका कुराले तिब्बतको ल्हासा मेरो मानस पटलमा दन्त्यकथाको सहरका रूपमा रहस्यमय प्रतिच्छायाँ बनेर रहेको थियो तर आँखैले हेर्ने रहर भने पुरा भएको थिएन । यो रहर चिनियाँ राजदूतावासको चाइना सांस्कृतिक केन्द्रले पुरा गरि दियो ।

कार्यक्रम अनुसार २०१५ नोभेम्बर २ तारिक तदनुसार २०७२ साल कार्तिक १६ गतेका दिन बिहान ठिक ९बजे हामी भ्रमण दलका सबै सदस्य त्रिभुवन अन्तर्राष्ट्रिय विमान स्थलमा पुगेका थियौँ । सिचुवान एयर लाइन्सबाट तय भएको हाम्रो यात्राको नेतृत्व चिनियाँ दूतावास चाइना सांस्कृतिक केन्द्रका निर्देशक यिन कुङ्सन स्वयमूले गरेका थिए । भ्रमण दलका अन्य सदस्यहरूमा आआफ्नो क्षेत्रका व्यक्तित्व डा.हरिश्चन्द्र शाह रौनियार, दीपक सरकार, डा. प्रकाशराज नेउपाने, दिलिप आचार्य, पवित्रा घर्ती मगर, मेनकाजी गुरुङ, उमेश रौनियार, श्रीमती कुङ्सन र म हेमनाथ पौडेल गरी दश जना थियौँ । दुई जना चिनियाँ नागरिक र आठ जना नेपाली संलग्न यो सद्भावना भ्रमणमा चीनमै बसेर

उच्च शिक्षा हासिल गरेका र चिनियाँ भाषा राम्रोसँग बोल्न सक्ने चार जना साथीहरू हामीसँग थिए ।

यस यात्राको मुख्य उद्देश्य तिब्बतको कला, संस्कृति र चीनले यस क्षेत्रमा गरेको विकास अथवा तिब्बतको बदलिदो स्वरूपको अवलोकन थियो । विमान स्थलको प्रक्रिया पुरा गरेपछि नेपाली समय अनुसार ११:१५ बजे हामीलाई लिएर जहाज काठमाडौँबाट ल्हासाका लागि उड्यो । जहाजमा अरू केही नेपाली र चिनियाँहरू पनि थिए । काठमाडौँदेखि पूर्वोत्तरतर्फ अथवा भुटानको पूर्व सीमादेखि उत्तरमा रहेको ल्हासा सहर जानका लागि केही समय नेपाली आकाशमा फन्को मारेर हाम्रो जहाज उत्तरतर्फ सगरमाथा क्षेत्रतिर लाग्यो । जहाज ठुलो थियो, हामी यात्री थोरै थियौँ । कारण ल्हासा काठमाडौँको हवाइ मार्गमा चिनिया विमानको एकाधिकारले गर्दा अन्यत्रका तुलनामा यहाँको भाडा ज्यादै महङ्गो भएकाले यात्रु थोरै हुँदा रहेछन् । एक घण्टा तिस मिनेटको यात्राका लागि आवत जावत गर्न करिब ७० हजार भाडा तिर्नु पर्दो रहेछ । सिट खाली भएकाले हामीले आफ्नो सिट छोडेर जहाँबाट तलको दृश्य राम्रो देखिन्थ्यो, त्यही ठाउँ रोज्दै फोटा खिच्न थाल्यौँ । शरदको मौसम आकाश सफा भएकाले पनि हाम्रो दृश्यावलोकन रोमाञ्चक बनेको थियो । एक छिन्पछि हामी सेतो पहिरनमा गमक्क परेर ठडिएका हिम शृङ्खलाहरूमाथि पुग्यौँ । हेर्दाहेर्दै संसारकै उच्च शिखर सगरमाथालाई हामीले बुर्लुक्क नाघ्यौँ । सगरमाथा तल हामी माथि हुन पाएकोमा म ज्यादै रोमाञ्चित भइ रहेको थिएँ । हामीले माथिबाटै सगरमाथाको फोटो खिच्यौँ -उसकै टाउकामा टेकेर । हिमालवारि नेपालतर्फ तल तल हरिया जङ्गल र माथि समुद्र जस्तै देखिने हिमाली शृङ्खला अनि पारि तिब्बततर्फ चाहिँ सुख्खा बलौटे पहाड, उजाड मरुभूमि, हिउँका थुप्राहरू, सुख्खा उपत्यका, ठाउँ ठाउँमा नागबेलीदार नदीहरू देखिन्थे तर हरियाली भने कतै पनि देखिएन । करिब आधा घण्टा यस्तै भूभागलाई नाघेपछि अलेली गाउँबस्ती देखिए । मौसम सफा भएको हुँदा र बादल फाटेर ठाउँ ठाउँमा थुप्रो परी कपास जस्तो देखिने दृश्यले भने हामीलाई आकर्षित गरेको थियो ।

नेपाली समय अनुसार १२:४५ बजे, स्थानीय तिब्बती समय अनुसार ३ बजे अथवा एक घण्टा तिस मिनेटको यात्रा गरेपछि हामी ल्हासाको कोङ्का विमान स्थलमा ओर्लियौँ । यो विमान स्थल चट्टानी पहाड फोरेर ब्रह्मपुत्र नदीको किनारमा बनाइएको रहेछ । हाम्रो सद्भावना भ्रमण भएको हुँदा र हामीसँग चिनियाँ सरकारी कर्मचारी पनि सँगै भएकाले होला अध्यागमनमा कुनै अप्ठ्यारो परेन । औपचारिकता पुरा गरेर बाहिर निस्कँदा हामीलाई चिनियाँ सरकारको तिब्बतस्थित सांस्कृतिक केन्द्रका तर्फबाट छेदेन पेमुको नेतृत्वमा दोभासे सहितका तिन जना महिलाको टोलीले स्वागत गऱ्यो । चीनमा धेरै वर्ष बसेर आएका केही साथीहरू र स्वयम् चिनियाँहरू हाम्रो यात्रामा भए पनि

दीपकजी बाहेक हामी सबै पहिलो पल्ट नै ल्हासा जादै थियौँ । त्यसैले लेक लाग्ने डर हामी सबैलाई थियो । संसारकै सबैभन्दा उच्च ठाउँ र कार्तिकको महिना भएकाले यस्तो त्रास हुनु स्वाभाविक पनि थियो । त्यस वेला पनि मोटा लुगा लगाएर मात्र हिडडुल गर्न सकिन्थ्यो । नोभेम्बरपछि ल्हासाको यात्रा गर्न कठिन हुने रहेछ । त्यहाँ भएका विदेशी कामदारहरूलाई पनि नोभेम्बरपछि तिन चार महिना छुट्टीमा आफ्नो देश पठाइँदो रहेछ । यस्तो वेलामा हाम्रो यात्रा भइ रहेको थियो । यात्राको अघिल्लो दिन चाइना सांस्कृतिक केन्द्रमा भएको बैठकमा पनि दूतावासका अधिकारीहरूले लेक लाग्न सक्ने कुरा बताएका थिए । यही डरले मैले काठमाडौँमा नै त्यसलाई रोक्ने औषधी डाइमोक्सको चक्की खाइ सकेको थिएँ र केही चक्की सँगै बोकेको पनि थिएँ । विमान स्थलमा चिनियाँ सहयोगीहरूले तिब्बतमा निर्मित विशेष औषधी र बाफ लिने सानो हाते सिलिन्डर हाम्रा हात हातमा थमाइ दिए । चिनियाँहरूको पाहुनालाई स्वागत गर्ने तरिका र आदर भाव विशेष किसिमको नै हुँदो रहेछ । यसपछि हामी लेक लाग्ने र ढलिन्छ कि भन्ने डरबाट केही भने पनि मुक्त भयौँ । यद्यपि यसको आवश्यकता पछि त्यति परेन । औषधि केही खाए पनि बाफ सिलिन्डर खोल्दै खोलिएन । हाम्रो यात्रा अवधिभर बादल फाटेर घाम झलमल्ल लागेकाले कुनै अप्ठ्यारो नै भएन । चिनियाँ सहयोगीहरूले हामीलाई आफ्नो गाडीमा राखेर ब्रह्मपुत्र र ल्हासा नदी तारेर ल्हासा सहरको केन्द्रमा रहेको ब्रह्मपुत्र ग्रान्ड होटलमा पुऱ्याए । होटेलमा प्रवेश गर्नासाथ चिनियाँ सुन्दरीहरूले गीत गाएर हाम्रो स्वागत गरे । कोङ्का विमान स्थलबाट बिच बिचमा सुरुङ मार्ग हुँदै ल्हासा सहर पुग्न ५५ मिनेट लाग्यो । फराकिलो बाटो, बाटाका छेउछाउमा निर्मित चिनियाँ कलाकृति र ठाउँ ठाउँमा राखिएका चीनका महान् पाँच जना राष्ट्र प्रमुखका तस्बिरले यात्रुलाई आकर्षित गरि रहेका थिए । बाटाका दायाँबायाँ चौँरी र भेडाका बथान चरि रहेका देखिन्थे । त्यस दिनको बेलुकीको खाना हामीले त्यही होटलमा खायौँ । होटेलमा दश बार जना नेपाली कामदार भाइहरू थिए । दौरा, सुरुवाल, अस्कोट र भादगाउँले टोपीमा चिटिक्क परेर हाम्रो सेवामा खटिएका ती भाइहरूको सेवाले गर्दा हामीलाई नेपालकै कुनै होटेलमा भए जस्तो लाग्यो । त्यहाँ जुन देशको कामदार हो त्यही देशको पोसाकमा खटिन लगाइँदो रहेछ । भोलिपल्ट बिहान ८ बजे होटेलको प्रतीक्षालयमा भेट हुने र ८:३० बजे अवलोकनका निम्ति निक्लने सल्लाह गरेर हाम्रा चिनियाँ सहयोगीहरू घर गए भने हामी निश्चिन्त भएर आराम गर्न आआफ्ना कोठामा पस्यौँ । यसरी हामी तिब्बतको राजधानी ल्हासा प्रवेश गऱ्यौँ ।

संसारकै छानो भनेर चिनिने चीनको स्वशासित क्षेत्र तिब्बतको राजधानी ल्हासा समुद्र सतहदेखि ३६४६.३१ मिटरको उचाइमा अवस्थित छ । यसलाई तिब्बती कला संस्कृतिको केन्द्र मानिन्छ । विश्वका प्रसिद्ध संस्कृति मध्येमा तिब्बती संस्कृति

पनि एक हो । तिब्बती भाषामा ल्हासाको अर्थ भगवानको वासस्थान वा पवित्र भूमि भन्ने हुँदो रहेछ र यो पवित्र भूमिको सन्दर्भ बुद्ध धर्मसँग जोडिएको रहेछ । सातौँ शताब्दीका तुर्पोवंशी राजा स्रङ्चङ गम्पोले नेपालकी राजकुमारी भृकुटीसँग विवाह गरेपछि उनले दाइजोका रूपमा लगेका बुद्धका मूर्तिहरू स्थापना गर्न जोखाङ मन्दिरको निर्माण गरेका र ती मूर्तिहरू स्थापना भएका मण्डपलाई पवित्र स्थान अथवा ल्हासा भनिएको रहेछ । पछि त्यसैबाट ल्हासा सहरको नाम रहन गएको रहेछ । नाम अनुसार नै यो सहर धार्मिक, सांस्कृतिक एवम् पुरातात्त्विक सम्पदाका दृष्टिले निकै धनी पनि रहेको छ ।

ऐतिहासिक गुम्बाहरूले भरिएको ल्हासालाई गुम्बाहरूको पनि गुम्बा भनिन्छ । यहाँ पोताला र नोर्बुलिङ्खा दरबार, जोखाङ मन्दिर, ड्रेपुङ र सेरा गुम्बा जस्ता थुप्रै पुरातात्त्विक र सांस्कृतिक सम्पदाहरू रहेका छन् । यीमध्ये पोताला सन् १९९४ मा, जोखाङ सन् २००० मा र नोर्बुलिङ्खा २००१ मा युनेस्को विश्व सम्पदा सूचीमा परेका विश्व प्रसिद्ध सम्पदा हुन् । दुई हजार वर्षभन्दा पुरानो तिब्बती जातिको जीवन पद्धति र आस्थालाई यहाँको संस्कृतिले प्रतिविम्बित गरेको छ । यहाँका गुम्बा, दरबार एवम् अन्य सांस्कृतिक सम्पदाहरूले विश्व समुदायलाई आकर्षित गरेका छन् । चिनियाँहरूले गरेको एक सर्वेक्षण अनुसार तिब्बतमा मात्रै जम्मा १७२० वटा सांस्कृतिक अवशेषहरू छन् रे । यी मध्ये १८ वटालाई केन्द्र सरकारले सांस्कृतिक धरोहरका रूपमा घोषणा गरी विशेष संरक्षण पनि प्रदान गरेको रहेछ । यति धेरै पुराना सांस्कृतिक र धार्मिक सम्पदाहरू चीनका अरू प्रान्तमा नभएकाले तिब्बत मानव सभ्यताको इतिहास बोकेको सबैभन्दा महत्त्वपूर्ण प्रान्त ठानिदो रहेछ । यसै कारण चीन सरकारले तिब्बतमा यी स्मारकहरूको संरक्षण र संवर्द्धनका लागि ठुलो लगानी पनि गरेको रहेछ ।

ल्हासामा ब्रह्मपुत्र (यार्लुङ् स्याम्पो) र ल्हासा (ई क्यु) दुई प्रमुख नदीहरू दुई फरक दिशातिर बग्दा रहेछन् । पश्चिम तिब्बतको कैलाश पर्वतबाट आएको ब्रह्मपुत्र पूर्व दक्षिणतर्फ बग्दो रहेछ भने तिब्बतको पूर्वी हिमाली क्षेत्रबाट आएको ल्हासा पश्चिम दक्षिणतर्फ बग्दो रहेछ अनि तल गएर चाहिँ ल्हासा ब्रह्मपुत्रमै मिसिदो रहेछ । तिब्बतबाट बगेको यही यार्लुङ स्याम्पोलाई भारतको आसाममा पुगेपछि ब्रह्मपुत्र भनिएको रहेछ र त्यही नामले यहाँ पनि पुकारिँदो रहेछ । यी दुई नदी नै मुख्य रूपमा ल्हासाका सिचाइँका आधार रहेछन् । ल्हासाको कोङ्का विमान स्थलसम्म फ्रेन्डसिप हाइवेले रेलसेवा पनि जोडेको रहेछ र यो हाइवे बेइजिङ, साङ्घाइ, चेन्दु र ग्वाङ्गझाओ जस्ता ठुला सहरसँग जोडिएको रहेछ ।

चिनियाँहरूले तिब्बतमा पुराना संरचना र कला संस्कृतिको योजनाबद्ध संरक्षण र विकास गरेका रहेछन् । हाम्रोमा भने पुरानाको संरक्षण होइन, भत्काउने र ध्वस्त गर्ने काम भइ रहेको छ । यो देख्दा हाम्रो मुलुकका शासक वर्ग र राजनीति कर्मीहरूप्रति दुख लागेर

आयो । पुराना वस्तुहरू अहिलेका सन्दर्भमा जतिसुकै प्रतिगामी भए पनि ती ऐतिहासिक महत्त्वका वस्तु हुन् । तिनले इतिहासको एउटा कालखण्डलाई प्रतिनिधित्व गर्छन् । तिनलाई मेटाइ दिने हो भने इतिहासै कहाँ रहन्छ र ! इतिहास सबै मेटिएपछि वर्तमान चाहिँ केमा अडिन्छ र ? मैले मनमनै सोचेँ । यहाँका प्रायः जसो कार्यालय र पसलहरूमा तिब्बती, चिनियाँ र अङ्ग्रेजी तिनवटै भाषाको प्रयोग गरी स्थानीय, केन्द्रीय र अन्तर र्राष्ट्रिय तिनै थरीका मानिसहरूलाई भाषिक सुविधा दिइएको रहेछ । जस्तोसुकै चिसो भए पनि मोटरसाइकल चलाउनेले हेलमेट भने लगाएको देखिएन । त्यहाँ प्राकृतिक संरचनालाई नबिगारीकन आधुनिक संरचनाहरूको निर्माण गरिएको रहेछ । वरिपरि बलौटे नाङ्गा टाकुराका बिचमा ठुलो उपत्यकाका रूपमा अवस्थित ल्हासा सहरको सुन्दरता अचम्मको देखिन्छ । चिल्ला बाटा, व्यवस्थित सहरीकरण, मिलाएर बनाइएका भवनहरू र बाटाका छेउछाउमा रोपिएका लहरे पिपलको हरियाली दृश्यले यसको सुन्दरतालाई झल्काएको छ । वरिपरि उजाड डाँडा र बिचमा हरियाली युक्त उपत्यका भएकाले यसलाई हरियालीको सहर पनि भनिदो रहेछ ।

यहाँ बुद्धधर्मसँग सम्बन्धित कला संस्कृति, तिब्बतीहरूको रहन सहन, व्यापार व्यवसाय, जडीबुटी सङ्कलन र बेचबिखन आदि हेर्न लायक विषय रहेछन् । यहाँ मुख्यतः आलु, जौ, गहुँ र तरकारीको खेती गरिँदो रहेछ भने याक, चौँरी र भेडा पालन व्यवसायका रूपमा रहेछन् अनि जडीबुटी, महङ्गा पत्थर, यार्सागुम्बा र झीको व्यापार मुख्य व्यापारका रूपमा रहेछन् । आजभोलि आधुनिक खेतीपाती र व्यापार व्यवसाय पनि बढेको रहेछ । तिब्बती पहिरनमा हातमा माला लिएर 'ओम् हुँ मणिपद्मे' जप्दै हिड्ने बुढापाका र आधुनिक वेशभुषामा सजिएर हातमा हात समाएर हिड्ने युवा युवतीहरू दुबैको यहाँ कमी रहेनछ । परम्परागत संस्कृति र धर्मप्रतिको आस्था एवम् आधुनिक विकास र सभ्यता दुबैको सङ्गम रहेछ ल्हासा । यहाँ बोन धर्मका साथै मुख्यतः बौद्ध धर्म मान्नेहरूको सङ्ख्या धेरै रहेछ । यहाँ बुद्ध मार्गलाई दर्शनका रूपमा भन्दा पनि धर्म र संस्कृतिका रूपमा लिइँदो रहेछ । नेपालमा जन्मेका बुद्ध र उनले प्रतिपादन गरेको बौद्ध धर्मप्रति तिब्बतीहरू यति आस्थावान् देखिँदा मेरो मन प्रफुल्लित भयो र छाती गर्वले ढक्क फुल्यो ।

भोलिपल्ट अथवा नोभेम्बर ३ तारिख तदनुसार कार्तिक १७ गते बिहान हामी कार्यक्रम अनुसार होटेलमै बिहानको नास्ता गरेर ल्हासा सहरस्थित सांस्कृतिक एवम् पुरातात्त्विक सम्पदा र यहाँ भएको द्रुततर विकासको अवलोकन गर्न बाहिर निक्लियौँ । काठमाडौँस्थित चिनियाँ दूतावासले पहिले नै हामीले घुम्ने ठाउँहरूको तय गरेको थियो । जसमध्ये पोताला दरबार, नोर्बुलिङ्खा दरबार, तिब्बती सङ्ग्रहालय, जोखाङ गुम्बा आदि प्रमुख थिए । यस अनुसार नोभेम्बर ३ तारिख अथवा कार्तिक १७ गते हामीलाई

तिब्बती सङ्ग्रहालयको अवलोकनमा लगियो । ल्हासा सहरको केन्द्रमा रहेको यो म्युजियम पुरातात्त्विक एवम् ऐतिहासिक वस्तुहरूको भण्डार नै रहेछ । यहाँ मानव सभ्यतासँग सम्बन्धित अनेकौँ सांस्कृतिक अवशेषहरू रहेछन् । तिब्बतको कला, संस्कृति, धर्म, शासन पद्धति, जीवन मूल्य र मान्यता आदिलाई झल्काउने सामग्रीहरूको यहाँ व्यवस्थित सङ्कलन र सचित्र प्रदर्शनी रहेछ । जङ्गली अवस्थाको तिब्बती जीवनदेखि आजसम्मको जीवनलाई यहाँको सङ्ग्रहालयले एकमुष्ट रूपमा जानकारी दिदो रहेछ । यो देखेर नेपालमा एउटा पनि व्यवस्थित सङ्ग्रहालय नभएकोमा भने मलाई ज्यादै दुख लाग्यो । वास्तवमा कुनै पनि मुलुक र जातिको अस्तित्व उसको कला, संस्कृति र इतिहासको संरक्षण, संवर्द्धनमा नै रहन्छ ।

यहाँको एउटा विशषेता के रहेछ भने यहाँ सङ्ग्रहालयका बारेमा जानकारी दिन विद्युत यन्त्रको व्यवस्था गरिएको रहेछ । प्रत्येकलाई मोवायल जस्तो एक एक यन्त्र दिएर चलाउन सिकाएपछि त्यही यन्त्रले जुन जुन वस्तुका अगाडि पुग्यो त्यसका बारेमा सबै कुरा बताइ दिदो रहेछ । यसबाट चीन प्रविधिमा कति विकसित भएको रहेछ भन्ने पनि बुझिन्छ । यसो त चिनियाँहरूले यस्ता सबै ठाउँमा पथ प्रदर्शकका रूपमा छुट्टै तालिम प्राप्त गाइडको पनि व्यवस्था गरेका हुँदा रहेछन् । हामीसँग ल्हासास्थित सांस्कृतिक केन्द्रबाट खटाइएकी दोभासे छिरिङ् याङ्की पनि छँदै थिइन् । हाम्रा साथीहरू डा.हरिश्चन्द्र, डा. प्रकाश र दिलिप चाहिँ चिनिया भाषामै पथ प्रदर्शकसँग दोहोरो कुरा गरि हाल्थे । उमेशजीको पनि चिनियाँ भाषा काम चलाउ छँदै थियो । यी साथीहरू र हाम्रो टोलीको नेतृत्व गर्ने चाइना कल्चरल सेन्टरका निर्देशक यिन कुङ्सन दम्पत्तिलाई विषयको व्याख्या भए पुगि हाल्थ्यो । बाँकी हामीलाई भने चिनियाँबाट अङ्ग्रेजीमा अनुवादको आवश्यकता थियो । कतिपय ठाउँमा हाम्रै साथीले पनि दोभासेको काम गरेकाले हामीलाई जानकारी लिन अप्ठ्यारो भएन । यो सङ्ग्रहालयको अवलोकन गर्न हामीलाई करिब दुई घण्टा लाग्यो । यसपछि दिउँसोको खाना बाहिरकै रेस्टुराँमा खाएर हामी अर्को महत्त्वपूर्ण सांस्कृतिक सम्पदा नोर्बुलिङ्खा दरबारतिर लाग्यौँ ।

नोर्बुलिङ्खा दलाई लामाको ग्रीष्मकालीन दरबार हो । यहाँ विभिन्न दलाई लामाका समयमा बनेका विभिन्न दरबार र यसको परिसरमा सुन्दर पार्क रहेको छ । यो पनि पोताला दरबार जस्तै ल्हासाको अर्को महत्त्वपूर्ण दरबार हो । यो दरबार पोताला दरबारको पश्चिमतर्फ एक किलो मिटरको दूरीमा रहेको छ । तिब्बती भाषामा नोर्बुको अर्थ ऐश्वर्य र लिङ्खाको अर्थ पार्क भन्ने हुँदो रहेछ । यहाँ सातौँ दलाइ लामाका पालादेखि अथवा अठारौँ शदीको मध्यतिरबाट सुरु भएर चौधौँ दलाइ लामाका पालासम्म अथवा बिसौँ शताब्दीको मध्यतिरसम्म निर्माण हुँदै थपिदै आएका दरबार भवनहरू रहेछन् । यीमध्ये चौधौँ दलाइ लामाको दरबार मुख्य दरबाका रूपमा रहेको रहेछ र

यही दरबारबाट सन् १९५९ मा चौधौँ दलाइ लामा (हाल जीवित) सिपाहीको गुप्त भेषमा भारतर्फ निर्वासित भएका रहेछन् । यहाँ उनको सुत्ने कोठा, पूजा कोठा, बैठक कोठा, लामाहरूलाई दीक्षा दिने कोठा तथा उनकी आमा र सुसारेहरू बस्ने छुट्टै खण्ड आदि रहेछन् । यी सबै सचित्र प्रदर्शनीमा रहेकाले सजीव जस्ता देखिन्थे । मानौँ यी सबै क्रियाकलापहरू अहिले नै भइ रहेका छन् ।

तिब्बती दर्शनार्थीहरूको यहाँ निकै घुइँचो थियो । उनीहरू यसलाई धार्मिक स्थल मान्दा रहेछन् । चिनियाँ जनताका नजरमा व्यक्ति दलाइ लामा विखण्डनवादी देशद्रोही व्यक्ति हुन् । उनको राजनीतिक मान्यता र क्रियाकलाप उनीहरूलाई स्वीकार्य छैन तर संस्था वा धार्मिक दलाइ लामा भने तिब्बती जनताका लागि पूजनीय रहेछन् । त्यसैले चीनले दलाइ लामाहरूका ऐतिहासिक शृङ्खलाभित्रका सबै कुराहरूलाई संरक्षण गरेर राखेको रहेछ । यहाँको नोर्बुलिङ्खा पार्क पनि सुन्दर रहेछ । पार्क परिसरभित्रका पोखरी, बगैँचाका रुख, विरुवा आदिले हामीलाई आकर्षित गरि रहेका थिए । नोर्बुलिङ्खाको अवलोकनले हामीलाई तिब्बतको इतिहास बुझ्न निकै मद्दत मिल्यो ।

करिब दुई घण्टाको समय लगाएर यहाँको अवलोकन गरेपछि नोर्बुलिङ्खा व्यवस्थापनका तर्फबाट एक कार्यक्रमको आयोजना गरी हाम्रो स्वागत गरियो र केही समय अन्तर्क्रिया पनि भयो । अन्त्यमा नोर्बुलिङ्खाका व्यवस्थापक लोप्साङले तिब्बतमा निर्मित विशेष प्रकारको सुगन्धित धूप एक एक झोला उपहार दिएर हामीलाई बिदाइ गरे । यसपछि हामी हाम्रा आवश्यकताका वस्तुहरू खरिद गर्न यहाँको सुपर मार्केटतिर लाग्यौँ । यहाँ गएर हामीले आआफ्ना रोजाइका वस्तुहरू किन्यौँ । डा.प्रकाश र मैले नेपालमा भारतीय नाकाबन्दीले गर्दा इन्धनको अभाव भइ रहेको अवस्थामा इन्डक्सन चुलो र अरू केही सामान किन्यौँ भने कुङ्सनले घरायसी प्रयोजनका लागि थुपै सामानहरू किने । अरू साथीहरूले पनि लत्ता कपडा लगायतका विभिन्न सामानहरू किने । खासामा पाइने भन्दा ल्हासामा पाइने सामान बढी गुण स्तरीय हुँदा रहेछन् । यसपछि ठिक ६ बजे अर्को रेस्टुरामा गएर हामीले बेलुकाको खाना खायौँ । चिनियाँहरू बेलुकाको खाना ६ बजे अगाडि नै खाइ सक्दा रहेछन् । हामीले ल्हासामा जति दिन खाना खायौँ बिहानको नास्ता बाहेक कुनै छाक पनि एउटै रेस्टुरेन्टमा खाएनौँ । हामीलाई भिन्न भिन्न रेस्टुराँमा लगियो र भिन्न भिन्न तिब्बती परिकारको स्वाद दिलाइयो । यसपछि हामी त्यो दिनको भ्रमण अवलोकन पुरा गरेर आफू बसेको होटेल ब्रह्मपुत्रमा फर्कियौँ ।

भ्रमणको तेस्रो दिन अथवा नोभेम्बर ४ तदनुसार कार्तिक १८ गते कार्यक्रम अनुसार बिहान ९ बजे हामीलाई चिनियाँ सहयोगीहरूले थाङ्का चित्रको अवलोकन

भ्रमणका निम्ति लगे । ठुलो तिन तले धेरै कोठाहरू भएको भवनका भित्ताहरूमा अति भव्य र कलात्मक थाङ्का चित्रहरू टागिएका र निर्माण गरिएका थिए । तिब्बती संस्कृति, धार्मिक विश्वास र जन जीवन झल्काउने यी थाङ्काहरूको प्रदर्शनीले कलाको संरक्षण र संबर्द्धनका सम्बन्धमा चिनियाँहरू कति संवेदनशील रहेछन् भन्ने कुरा बुझिन्थ्यो । यस क्षेत्रमा चिनियाँहरूले ठुलो लगानी पनि गरेका रहेछन् । भवनको माथिल्लो तलामा थुप्रै कलाकारहरू थाङ्का चित्र निर्माणमा व्यस्त देखिन्थे । यो एक प्रकारले थाङ्काको स्कुल नै रहेछ । हामीले करिब दुई घण्टा लगाएर थाङ्का चित्रकलाको अवलोकन गऱ्यौँ र केही समय त्यहाँका कर्मचारी र गाइडसँग अन्तर्क्रिया पनि गऱ्यौँ । यस सम्बन्धी विशेषज्ञ हामीसँग कोही नभए पनि हामीमा रुचि भने थियो । तिब्बतमा थाङ्का चित्र नेपालबाटै गएको रहेछ । त्यहाँका गाइडले बताए अनुसार नेपालबाटै सिकेर तिब्बतमा थाङ्का चित्रको सुरुवात भएको हो तर नेपाल जहाँको तहीँ छ, तिब्बतले चाहिँ यस सम्बन्धमा निकै फड्को मारि सक्यो र आज तिब्बती थाङ्का निकै विकसित, समृद्ध र मौलिक पनि भइ सकेको छ । अन्त्यमा हामीलाई त्यहाँका व्यवस्थापकले एक एक वटा थाङ्का चित्रका ठेली उपहार दिएर बिदाइ गरे ।

खाना खाएर हामी ल्हासाको प्रसिद्ध बाखोर बजार घुम्न गयौँ । बाखोर तुलनात्मक रूपमा सस्तो र सुलभ बजार मानिदो रहेछ । यसलाई नेपालीहरूको बस्ती भनेर पनि चिनिदो रहेछ । पहिले मणिहर्ष ज्योतिले यही ठाउँमा व्यापार गरेर आफूलाई सम्पन्न बनाएका रहेछन् । नेपालीहरूका व्यापारिक घर भनेर केही घरहरू पनि देखाइयो । त्यहाँ व्यापारीहरू थिए होलान् तर अहिले चाहिँ हामीले उनीहरूलाई भेटेनौँ । तिब्बतसँगको हाम्रो सम्बन्ध परापूर्वदेखि नै वैवाहिक, व्यापारिक र सांस्कृतिक सबै किसिमको रहेछ । यस बजारमा पनि हामीले थप केही लुगा कपडा र अन्य केही सामानहरू किन्यौँ । ल्हासामा पनि नेपालमा जस्तै सामानमा मोलमोलाइ हुँदो रहेछ ।

यसपछि हामी चाइना तिब्बत सांस्कृतिक विभागले आयोजना गरेको सांस्कृतिक कार्यक्रममा सहभागी भयौँ । कार्यक्रममा उक्त विभागका प्रमुखले औपचारिक स्वागत गरेपछि स्थानीय कलाकारहरूले तिब्बती संस्कृति र कला झल्काउने थुप्रै गीत र नृत्यहरू प्रस्तुत गरेर हामीलाई मनोरञ्जन दिलाए । आफैँ गीत गाउँदै खुट्टा ठम ठम बजारेर गरिने तिब्बती नृत्य बडो रमाइलो हुँदो रहेछ । हामीले पनि आआफ्ना सिपहरू प्रस्तुत गरेर नेपाली गीत, कविता र नृत्यका माध्यमबाट आफ्नो परिचय दियौँ । पवित्रा घर्ती मगरले आधुनिक र लोक दुवै प्रकारका गीत गाउनु भयो भने मैले **ल्हासा र हामी** भन्ने कविता सुनाउनुका साथै नेपाल र तिब्बतको सांस्कृतिक सम्बन्ध र उनीहरूले गरेको आतिथ्यका बारेमा मन्तव्य व्यक्त गरेँ । मेनकाजी गुरुङ्गले सुन्दर नृत्य

प्रस्तुत गर्नु भयो । उनीहरू र हामीले प्रस्तुत गरेका यी सवै कुरालाई डा.हरिश्चन्द्रले नेपाली र चिनियाँ भाषामा अनुवाद गरेर भाषिक सम्प्रेषण गर्नु भयो । अरू तिन जना साथीहरूले पनि वेला वेलामा दोभासेको काम गर्नु भयो । यसले गर्दा हाम्रो कार्यक्रम निकै रोचक र लाभदायक भयो । हाम्रो तर्फबाट डा.प्रकाश नेउपानेले चिनियाँ भषामै नेपाल र चीनको सम्बन्ध, सहयोग र मित्रताका बारेमा मन्तव्य राख्दै हामीलाई आतिथ्य प्रदान गरेकोमा धन्यवाद व्यक्त गर्नु भयो भने अन्त्यमा चाइना तिब्बती सांस्कृतिक विभागका प्रमुखले धन्यवाद सहित कार्यक्रम समापन गरे । यसपछि बेलुकाको खाना खाएर हामी आफ्नो निवासतर्फ फर्कियौँ ।

ल्हासा भ्रमणको चौथो दिन अथवा नोभेम्बर ५ तारिक मात्र हामीले तिब्बतको प्रमुख सांस्कृतिक सम्पदा विश्व प्रसिद्ध पोताला दरबार जाने मौका पायौँ । बिहान ९:३० तिर हाम्रो टोली त्यहाँ पुगेको थियो । हामी सरकारी पाउना भएकाले यहाँ दर्शनार्थीहरूको निकै ठुलो भिड भए पनि हामीले तलबाट लाइन बस्नु परेन । प्रवेश शुल्क पहिले नै तिरेर हाम्रो प्रतीक्षामा बसेका चिनियाँ सहयोगीहरूले हामीलाई दरबारको दाहिनेतिरको माथिल्लो भागसम्म नै गाडीमा पुऱ्याए । त्यसपछि केही सिँडी चडेर हामी सहज रूपमा दरबारमा प्रवेश गऱ्यौँ । निकै अग्लो भिरालो परेको पहाडमा निर्मित यो दरबार हेर्दै आकर्षक र भव्य देखिन्छ । ल्हासा सहरको केन्द्र भागमा अवस्थित यो दरबार तिब्बती राजा वा दलाइ लामाको हिउँदे दरबार हो । यसको निर्माण सातौँ शताब्दीको मध्य अथवा सन् ६३७ मा त्यस वेलाका प्रभावशाली राजा स्रङ्चङ गम्पोले गरेका रहेछन् । पछि यसलाई सत्रौँ शताब्दीका पाँचौँ दलाइ लामाले पुनर्निर्माण गरी विशाल बनाएका रहेछन् । ११५ मिटरभन्दा अग्लो यो दरबारका हाताभित्र धेरै भवनहरू रहेका छन् । सातौँ शताब्दीदेखि नै यो दरबार बौद्ध धर्मको विकासको केन्द्रका रूपमा रहेको रहेछ । तिब्बतको धर्म, संस्कृति र इतिहासलाई संस्थागत गर्ने कार्यको थालनी पनि यहीँबाट भएको रहेछ । एक हजारभन्दा बढी कोठाहरू भएको यो दरबारमा रातो र सेतो गरी दुई खण्ड रहेछन् । रातो खण्डमा बौद्ध धर्मसँग सम्बन्धित अनेकौँ वस्तुहरू रहेछन् भने सेतो खण्डमा राजनीति र इतिहाससँग सम्बन्धित वस्तुहरू रहेछन् । पूर्व पश्चिम ३६० मिटर र उत्तर दक्षिण १४० मिटर क्षेत्रमा फैलिएको तेर तले यस दरबारका विभिन्न तलामा विभिन्न दलाइ लामाका सुनैसुनले बनाइका समाधी स्तूपहरू रहेछन् । यीमध्ये सबैभन्दा ठुलो ३७२१ केजी सुनबाट निर्मित पाँचौँ दलाइ लामाको स्तूप रहेछ ।

तिब्बतमा सातौँ शताब्दीदेखि नै अवतारी लामा पहिचान गर्ने र उनलाई दलाइ लामाका रूपमा पदस्थापन गरी धार्मिक संस्थाका रूपमा मान्ने प्रचन रहि आएको रहेछ । सन् १९५९ मा चौधौँ दलाइ लामाको

भारत निर्वासनपछि पनि यो परम्परा कायमै रहेको छ । यसबिचमा तिन जना मङ्गोल हान, तिन जना तिवा कर्मचारीहरू, चार जना कालुन अधिकारीहरू, दुई जना राजा, दश जना जीवित बुद्ध, एक जना पन्छेन लामा र चार जना उच्च तहका भिक्षुहरूले तिब्बतको शासन गरेका रहेछन् । दलाइ लामाहरूमध्ये एकदेखि चारौँसम्मका दलाइ लामाको राजनीतिमा संलग्नता रहेनछ। सत्रौँ शताब्दी अथवा सन् १६६१ मा आएर पाँचौँ दलाइ लामाले धर्मका आडमा शासन सत्ता हत्याएपछि दलाइ लामाहरू नै शासक बन्न थालेको इतिहास रहेछ।

पाँचौँदेखि चौधौँसम्मका दलाइ लामाहरूका पालामा बिच बिचमा अरूले शासन गरे पनि यस अवधिमा जम्मा ७७ वर्ष दलाइ लामाहरूको शासन सञ्चालनमा संलग्नता रहेको रहेछ। यिनै दलाइ लामाका बहुमूल्य गरगहनाले युक्त भव्य मूर्तिहरू र यिनका गतिविधिसँग सम्बन्धित विभिन्न खण्डहरू यस दरबारमा विशिष्ट किसिमले व्यवस्थित गरिएका रहेछन् । यसका अतिरिक्त यहाँ शाक्यमुनि बुद्धका विशाल मूर्तिहरू, अमिताभ बुद्ध, पद्मसम्भव र अवलोकितेश्वरका मूर्तिहरू पनि सजाएर राखिएका छन् । त्यसै गरी राजा स्रङ्चङ गम्पो र उनका दुई वटी रानी भृकुटी र वेन चेनका मूर्तिहरू, भित्तेचित्र र थाङ्काहरू पनि यहाँ आकर्षित ढंगले सजाएर राखिएका छन् । यहाँ बौद्ध धर्मसँग सम्बन्धित अत्यन्त दुर्लभ र पुराना ६९८ भित्तेचित्र, दश हजार पुराना चित्र र अनेकौँ सूत्रमय धार्मिक ग्रन्थहरू सुरक्षित गरिएका रहेछन् । यसभित्र भिक्षुहरूका वासस्थान, दलाइ लामाहरूका राजनीतिक एवम् धार्मिक कार्य गर्ने कक्षहरू रहेका छन् ।

पोताला दरबार तिब्बतको राजनीति र धर्मको सत्ताको केन्द्र एवम् बौद्ध धर्मावलम्बीहरूको तीर्थ स्थल त हुँदै हो । सँगसँगै यो पुरातत्त्व, इतिहास र संस्कृतिको विशाल ज्ञान भण्डार पनि रहेछ । चीन सरकारले तिब्बतका सबै सांस्कृतिक सम्पदाहरूलाई उनीहरूको आस्थामा चोट नपुगोस् भनेर इतिहासलाई जस्ताको तस्तै संरक्षण गरेर राखेको रहेछ। हामीले धेरै समय लगाएर एक एक गरी यस दरबारभित्रका अमूल्य वस्तुहरूको अवलोकन गऱ्यौँ र त्यहाँबाट ल्हासा सहरको दृश्यावलोकन गर्दै बाहिर निस्क्यौँ । यसपछि दिउँसोको खाना खाएर हामी अर्को प्रसिद्ध मन्दिर जोखाङ्तिर लाग्यौँ । मन्दिरभित्र पसेपछि पाहुनाहरूलाई खादा लगाएर स्वागत गर्ने चलन रहेछ । हामीलाई पनि स्वागत गरियो । आज हाम्रो तिब्बत भ्रमणको अन्तिम दिन थियो । त्यसैले हामीले सबै नभए पनि महत्त्वपूर्ण केन्द्रहरूको अवलोकन गरि सक्नु पर्ने थियो । जोखाङ पोताला दरबारपछिको अर्को महत्त्वपूर्ण मन्दिर गुम्बा रहेछ । यसलाई तिब्बतीहरू हाम्रो पशुपतिनाथ मन्दिर जस्तै पवित्र तीर्थस्थल मान्दा रहेछन् । यहाँ पनि भक्तजनहरूको र दर्शनार्थीहरूको निकै घुइँचो थियो । यसको निर्माण पनि स्रङ्चङ

गम्पोले नै गरेका रहेछन् ।

सातौँ शताब्दीमा स्रङ्चङ गम्पोले नेपालका अंशुवर्माकी छोरी राजकुमारी भृकुटीसँग विवाह गरेपछि भृकुटीले नेपालबाट दाइजोका रूपमा लगेका बुद्धका मूर्तिहरू राख्न यो मन्दिरको निर्माण गरेका रहेछन् । यसपछि नेपालको मूर्तिकला र चित्रकलाले तिब्बतमा निकै ठुलो प्रभाव पारेको रहेछ र तिब्बतमा बुद्ध धर्मको विस्तार र विकास पनि भृकुटीको तिब्बत गमनपछि नै भएको रहेछ । नेपाली र चिनियाँ दुबै कलाको झलक पाइने यस मन्दिरले विभिन्न समयमा विभिन्न शासकहरूले बनाएका विभिन्न भवनहरूको समष्टिबाट पच्चिस हजार एक सय वर्ग मिटर ठाउँ ओगटेको रहेछ । विस्तारित हुँदै चौथो तलासम्म पुगेको यस मन्दिरको पुछारका तलामा भृकुटीले नेपालबाट लगेको अक्छोव्य बुद्धको मूर्तिका साथै स्रङ्चङ गम्पोकी दोस्री रानी थाङ राजकुमारी वेन चेङ्ले ल्याएको शाक्यमुनि बुद्धको विशाल मूर्ति र अरू धेरै मूर्तिहरू राखिएका रहेछन् । अँध्यारो ठुलो गुफा जस्तो रहेको यसको भुइँ तलामा घिउमा बालिएका वत्तीको उज्यालोमा हिड्नु पर्दो रहेछ तैपनि झकिझकाउ सजावटले गर्दा सबै वस्तुहरू आकर्षित देखिन्थे ।

यहाँको आकर्षण भनेको विशाल काय शाक्यमुनि बुद्धको मूर्ति हो भने आफ्ना दुवै रानी दायाँ बायाँ राखेर बिचमा बसेका राजा स्रङचङ गम्पोको मूर्ति पनि एक हो । यस्तै एक हजार हात र एघार टाउका भएको स्वनिर्मित भनी विश्वास गरिएको अवलोकितेश्वरको मूर्ति र अरू थुप्रै मूर्तिहरू पनि यहाँ रहेछन् । यसमा तान्त्रिक देवी देवता सम्बरा र बज्रबाराहीका मूर्तिहरू पनि राखिएका रहेछन् । स्रङचङ गम्पोका धार्मिक गुरु जोङखापा र उनका मन्त्री थोन्मीको मूर्ति पनि यहाँ रहेछ । दोस्रो र तेस्रो तलामा राजाको अनुष्ठान गर्ने मण्डप र देवदेवीका मूर्तिहरू रहेछन् भने चौथो तला चाहिँ ल्हासा सहरको दृश्यावलोकन गर्ने ठाउँ रहेछ । यहाँबाट सिधै अगाडि पोताला दरबारको पनि दृश्यावलोकन गर्न सकिदो रहेछ । सुनको जलपले लेपिएको पहेँलो छानो र उड्न लागेको चराको आकारमा उभिएको यस मन्दिरको बरन्डाबाट हामीले ल्हासा सहरको अवलोकन गर्‍यौं र धित मर्ने गरी फोटाहरू खिचेर त्यहाँबाट प्रस्थान गर्‍यौँ । पोताला र जोखाङ दुबै स्थानमा नेपालका छोरा बुद्ध र छोरी भृकुटीले पाएको सम्मान र आस्थालाई देख्दा मेरो छाती गर्वले ढक्क फुल्यो तर जोखाङबाट प्रस्थान गर्दा उनीहरूलाई त्यहीँ छोडेर हिड्नु पर्दा भने मेरो मन दुखी भयो ।

यसपछि हामी ल्हासास्थित महा वाणिज्य दूत हरिप्रसाद बस्यालको निम्तोमा नेपाली महा वाणिज्य दूतावास पुग्यौँ । वाणिज्य दूत बस्याल अचानक बाहिर गएकाले उनीसँग भेट भएन । हामीलाई दूतावासका अधिकृत पुरुषोत्तम ढुङ्गेलले स्वागत गरे । दूतावासको प्राङ्गणमा लक्ष्मीप्रसाद देवकोटाको प्रतिमा स्थापना गरिएको रहेछ । हामीले त्यहाँ

देवकोटालाई सम्मान गर्दै फोटाहरू खिच्यौँ। देवकोटा आफ्नो जीवनमा ल्हासा पुगेका थिएनन् नै होला तर उनले पुगेकै जस्तो गरेर आफ्नो मुना मदन काव्यमा ल्हासाको वर्णन गरेका छन्। 'जहाँ रवि पुग्दैनन्, त्यहाँ कवि पुग्छन्' भनेको साच्चिकै हो रहेछ। उनले वर्णन गरे जस्तै घिउ घिउ गनाउने सेर्पिनी युवती र युवकहरू त्यहाँ भेटिन्थे र सुनैसुनको सहर पनि त्यहाँ थियो। जीवित अवस्थामा उनी त्यहाँ नपुगे पनि मृत्युपछि उनको प्रतिमा बनाएर उनलाई त्यहाँ सम्मान गरिएको रहेछ। ल्हासामा देवकोटाको प्रतिमा देख्दा मेरो मन सारै खुसी भयो। मैले उनीप्रति श्रद्धाले शिर निहुऱ्याएँ।

आज हाम्रो भ्रमणको अन्तिम दिन भएकाले चाइना तिब्बत परराष्ट्र विभागले हाम्रालागि रात्रि भोजको आयोजना गरी बिदाइ गर्ने कार्यक्रम बनाएको थियो। हामी बेलुका परराष्ट्र विभागमा आयोजना गरिएको उक्त कार्यक्रममा सामेल भयौँ। विभागका प्रमुख केही समय नेपाल बसेर फर्केका हुनाले नेपाली पनि थोरै थोरै बोल्थे। विभागका अन्य कर्मचारी र हाम्रा चिनियाँ सहयोगीहरू पनि त्यहाँ सामेल थिए। रात्रि भोजका क्रममा हाम्रो भ्रमण टोलीका नेता यिन कुङ्सनले चिनियाँ भाषामा हाम्रो भ्रमणको उद्देश्य र उपलब्धिका बारेमा बताए। दोभासेको व्यवस्था भने उनीहरूले यहाँ पनि गरेकै थिए। कार्यक्रममा हाम्रातर्फबाट पवित्राले नेपाली गीत गाउनु भयो भने डा.हरिश्चन्द्रले चिनियाँ भाषामै धन्यवाद मन्तव्य राख्नु भयो। अन्त्यमा रात्रिभोज सिद्धिएपछि विभागका प्रमुखले हामीलाई खादा र उपहार दिएर मन्तव्य सहित बिदाइ गरे। यसपछि एक अर्कासँग हात मिलाएर हामी बिदा भयौँ।

भोलिपल्ट अथवा नोभेम्बर ६ तारिकका दिन बिहानै नास्ता गरेर हामी ८ बजे नेपाल फर्कन हाम्रा चिनियाँ सहयोगीका साथ विमान स्थलतिर प्रस्थान गऱ्यौँ। स्थानीय तिब्बती समय अनुसार सिचुवान एयर लाइन्सको ११ बजेको हाम्रो फिर्ती टिकट थियो। चिनियाँ सहयोगी छेदेन पोमुको टोलीले हामीलाई विमान स्थलसम्म ल्याएर हात हल्लाउँदै बिदाइ गरेपछि हामी अध्यागमनको प्रक्रिया पुरा गर्नेतर्फ लाग्यौँ। आउँदा हामीसँग केही सामानहरू थिए। हामीले सामान जचायौँ, कुनै समस्या आएन तर त्यस दिन थुप्रै तिब्बतीहरू नेपाल आउँदै रहेछन्। उनीहरूको ढिलासुस्ती र अध्यागमनको प्रक्रियाले गर्दा विमान उड्न एक घण्टा ढिलो भयो। पाँच दिनसम्म भ्रमणका सहयोगी भएका हाम्रा तामाङ्नी दिदी बहिनी जस्तै लाग्ने यी सहयोगीहरू हामीलाई निकै आत्मीय लाग्न थालेका थिए। भ्रमण अवधिभर हामीले यिनीहरूबाट पाएको सद्भाव, सहयोग र आतिथ्य भुल्नै नसक्ने रहेको छ। यति छोटै अवधिमा पनि ल्हासाले हामीलाई लगाउनसम्म मोहनी लगायो। उसको सम्पूर्ण चित्र कहिल्यै नबिर्सने गरी मानस पटलमा बोकेर हामी नेपाल फर्कियौँ।
२०७२, माघ १ गते

hnupaudel@yahoo.com



भित्ते लेखन

❖ पूर्ण विराम

आफ्नो पोकोपन्तरो सहित
अब आगो बिस्तारै भित्ताबाट सर्छ
र उत्थान जोगाउन केही वर्ष एउटा कुनामा बस्छ
विलम्ब नगरिकनै ठिक समयमा
आइ पुग्छ आफ्नो पालोमा देहपात
रोग लागेका वा नीरोगी रहेका लौकाटहरूलाई
चुपचाप लिएर जान्छ विलय हुने स्थानमा
जहाँ बसे पनि मानिसहरूले दिएका छन् एउटै नाम
यस्तोमा कतिपय ठाउँमा झन्डा ओर्लिन्छ आफ्नो स्थानबाट
र भित्ताको आकार लिएर केही दिनसम्म विना अक्षर
लेखनारम्भ गर्छ देखिन्छ झन्डामा पनि भित्ते लेखन ।

अब आगो बिस्तारै भित्ताबाट सर्छ
नूतन भन्न नसकिने एउटा गुफाभित्र छिर्छ
र जन्माउन खोज्छ त्यसले अलिकति पुरानै उत्सव
कुखुराहरूलाई टिक्न नदिने लौकाटका गर्धनहरू नाप्छ
बाजाहरू नबजिकनै उद्घाटित हुन्छ धेरैले पर्खि रहेका महोत्सव
हल्ला गर्दै वा चुपचाप बस्दै
केही आँखाहरूले दोहोरो अर्थमा सार्छन् मेघलाई गालातिर ।

अब आगो बिस्तारै भित्ताबाट सर्छ
र उत्थान जोगाउन केही वर्ष एउटा कुनामा बस्छ
टाँस्नेहरूले टाँस्लान् दखल दिँदै आएको नदीलाई अङ्कमाल गरेर
आगोले ठाउँ छोडेको भित्तामा चन्द्रमालाई
र त्यसका बखानहरू गर्लान्

सम्झिनु उपयुक्त नै हुन्छ आगोले चन्द्रमालाई पनि डढाउँछ
र्‍यालको बाहेक अरू कुनै आकृतिको जुलुस देखिदैन यहाँ
अब आगो बिस्तारै भित्ताबाट सर्छ
र उत्थान जोगाउन केही वर्ष एउटा कुनामा बस्छ
कुनै झन्डा बन्छ एउटा भित्ता
र विना अक्षर देखाउँछ बीज जोगाएको लेखन ।

चढि सकेको सिँढीबाट म आर्लिन्न मैन भएर
र थन्केका ज्याबलहरूलाई लामो अवधि लिने गरेर थन्क्याउन्न
बाँध्नै पर्छ मैले सयौँ गजको पटुको आफ्नो कम्मरमा
जसले सङ्कलन गर्न सकोस् पाहुना बनेर आउने दुखहरूलाई ।

अब आगो बिस्तारै भित्ताबाट सर्छ
र बन्छ मैले कुल्चेको जमिन पनि भित्ता
र बन्छ प्राचीन एस्केपिलियसको मन्दिर जस्तो पनि
तर त्यहाँ देखिने छैनन् पुराना नै लेखनहरू
बोकाका टाउका र हाँसका टाउकाहरू ङिच्च परि रहेका
त्यहाँ देखिने छैनन्
त्यहाँ अनगिन्ती राँगाका टाउकाहरू देखेर
म बनाउने छु आफ्नो क्रोडलाई पनि भित्ता
विना अक्षर त्यहाँ लेखन देखिने छ
आगोले भित्ताबाट सरेर जन्मेको
परिमार्जित एउटा विवर्धनको कथा ।

आफ्नो पोकोपन्तरो सहित अब आगो बिस्तारै भित्ताबाट सर्छ
र उत्थान जोगाउन केही वर्ष एउटा कुनामा बस्छ
सतरन्जा नओछ्याइकनै यहाँ खेलिएको छ पासा
लुकेका हातहरूले सारेका छन्
जमिनलाई फोहोर बनाउन पासाका गट्टीहरू
सूर्य नदिखिएको दिन कसै गरे पनि हुँदैन आल्हादित
समाप्त हुन्छ अब सबैले सहजै देखिने गरेर
हामीले लेख्ने गरेका भित्ताका भित्ते लेखनहरू ।

कामपा ३३, काठमाडौँ ।

डोटेली घरगीतको सैद्धान्तिक परिचय

❖ दिव्येश्वरी जोशी

१. विषय प्रवेश

डोटी जिल्ला लोक साहित्यका दृष्टिले धनी छ । यहाँ लोक साहित्यका विविध विधाहरू प्रचलित छन् । परापूर्व कालदेखि यस समाजमा प्रचलित मौखिक रूपमा अभिव्यक्त, गेयात्मक र लयात्मक रचना डोटेली लोकगीत हो भने घरगीत यसैको एक हाँगो हो । सम्मानित व्यक्तिका सामु घर आगनमा खुला रूपले निर्धक्कसित गाइने गीतलाई घरगीत भनिन्छ । यस शब्दले शिष्टभाषामा आधारित गीतलाई जनाउँदछ। वानगीत भनिने रचनामा छाडापन र अश्लीलता हुन सक्छ भने यसमा त्यसको मात्रा न्यूनतम हुन्छ । विभिन्न चाडबाड, जात्रामेलाका साथै गौरा पर्वमा यसको गायन अधिक हुन्छ । यो प्रायः दिउँसो र रातिको दोसाँध अर्थात् साझको समयमा गाइन्छ[१] । यसको सम्पादनमा महिला र पुरुषहरू छुट्टाछुट्टै घेरामा आबद्ध हुन्छन् । एउटै खेलमा महिला र पुरुषको सङ्लग्नता हुँदैन ।

डोटेली जन जीवनका मनोभावना समेटिएका घरगीतहरूको सङ्कलन, अध्ययन र विश्लेषण गर्ने दिशामा यस क्षेत्रको अध्येताहरूको ध्यान पुग्न सकेको छैन । घरगीतलाई एक प्राज्ञिक विषयका रूपमा अवधारणात्मक स्पष्टताका साथ विविध सिद्धान्त र पद्धतिको प्रयोग गरी अध्ययन विश्लेषण गरिनु पर्ने देखिन्छ । त्यसैले डोटेली घरगीतको परिचय गराई तिनलाई राष्ट्रिय पहिचानको अभिन्न अङ्ग बनाउने उद्देश्यले यो तयार पारिएको छ।

२. घरगीतको परिचय र परिभाषा

डोटी क्षेत्रमा विभिन्न पर्व, जात्रा, मेला तथा अत्सवका अवसरमा गाइने सर्वप्रिय रचना घरगीत हो । यी डोटेली भाषिक समुदायमा सांस्कृतिक धरोहरका रूपमा जीवित रहेका छन् । यी परम्परित गीत हुन् । परापूर्व कालदेखि भाषिक संरचना र लयमा परिस्कार र मरिमार्जन नभई आएका, निश्चित पर्व र धार्मिक संस्कारहरूमा विशेष व्यक्तिहरूद्वारा गाइने लोकगीतहरू नै घरगीत हुन् ।

डोटी क्षेत्रमा प्रचलित घरगीतहरूको

निकै लामो परम्परा रहे पनि यिनका लागि खास नाम दिइएको थिएन । यस्तो परिप्रेक्ष्यमा देवकान्त पन्तले **डोटेली लोक साहित्य : एक अध्ययन** (२०३२), चूडामणि बन्धुले **नेपाली लोक साहित्य** (२०५८) र जयराज पन्तले **डेउडा** (२०६४) मा घरगीत शब्दको प्रयोग गरी तिनको सामान्य परिचय समेत गराएका छन् । घरगीतलाई चिनाउने सन्दर्भमा डोटेली लोक साहित्यका अध्येता एवम् अनुसन्धानकर्ता देवकान्त पन्तले डोटेली लोकगीतलाई घरगीत र वनगीतमा विभाजन गरी घरगीत शब्दको सर्व प्रथम प्रयोग गरेका छन्[२] । लोक साहित्यका विद्वान चूडामणि बन्धुले गौरा आदि पर्वका अवसरमा नारीहरूद्वारा गाइने कथानक युक्त रचना घरगीत हुन् । यी केन्द्रीय नेपालका समाजिक गीतसँग तुलनीय रहेको बताएका छन्[३] । अर्का विद्वान् जयराज पन्त चाडपर्वमा घर आँगन वा मन्दिर परिसरभित्र सम्मानित व्यक्तिकै सामु, निर्धक्क ढङ्गले गाइने गीतलाई घरगीत भन्दछन्[४] ।

घरगीतहरू काव्य र कविता जस्ता परिष्कृत हुँदैनन् । यी वाद्ययन्त्र रहित र वाद्ययन्त्र सहित दुबै शैलीमा गाइन्छन् । पूजापर्व, जात्रामेला तथा संस्कार कर्मका अवसरमा गाइने घरगीतहरू लोकमै जन्मिन्छन् र लोकमै फिँजिन्छन् । त्यसैले यी लोक संस्कृतिका अभिन्न अङ्ग हुन् । यिनमा सामाजिक सन्दर्भहरू, सुख र दुखका भाव, नारीका समस्या, ऐतिहासिक घटना, देवी देवताका बयान बढी मात्रामा आएका हुन्छन् । घरगीतहरू लय र भाकाका साथै इतिवृत्तात्मक तथा आख्यान रहित दुबै रूपमा आउँदछन् ।तर यी आख्यान पूर्ण कथानक युक्त नभई सामान्य घटना वर्णनमा केन्द्रित हुन्छन् । यस सन्दर्भमा यी घरगीतहरू लोककाव्य वा लोकगाथासँग तुलनीय देखिन्छन् तर गाथा घरगीतका तुलनामा निकै लामा हुन्छन् । त्यसैले यो लोकगीत र लोकगाथाको बिचको रचना हो ।

३. घरगीतको उत्पत्ति र विकास

मानवीय भावना, मनोरञ्जनात्मक र सामाजिकतालाई लयात्मक र शिष्ट भाषामा व्यक्त गर्ने क्रममा घरगीतको उत्पत्ति भएको हो । मनोरञ्जनका अन्य साधन उपलब्ध नभएका अवस्थामा यिनै लोकगीतहरू मनोविनोदका साधन थिए । कामैकामको एक रसताको जीवन शैलीमा यिनले बहुरसतान उत्पन्न गरेर जीवनलाई उल्लासमय बनाउँदथे । स्थानीय लोक समुदायद्वारा स्वतःस्फूर्त रूपमा निसृत घरगीतहरूमा सामूहिक अनुभूति व्यक्त भएको हुन्छ । त्यसैले घरगीतहरू लोक निर्मितवादी सिद्धान्त अनुसार लोकद्वारा लोकमा नै उत्पन्न हुन्छन् । समुदायवादी सिद्धान्तका अनुसार घरगीत कुनै खास समुदायका उपज हुन् । गौरा आदि विभिन्न पर्व मान्ने छैटी, पास्नी आदि संस्कार कर्म गर्ने जात्रा मेला मनाउने लामो परम्पराले घरगीतको उत्पत्तिमा सहयोग गरेको छ । जुनसुकै वर्ग र समुदायका भए पनि संस्कृति र परम्पराको मेल भएका समुदायको

साझा अभिव्यक्ति घरगीत हो । यसो भए तापनि व्यक्तिवादी सिद्धान्तको प्रभाव पनि घरगीतमा रहेकै हुन्छ । घरगीतको उत्पत्ति सम्बन्धमा व्यक्तित्ववादी सिद्धान्तलाई पनि आधार बनाउन सकिन्छ । यस सिद्धान्तको घरगीतको उत्पत्ति निश्चित रूपमा कुनै व्यक्तिबाट भएको हो तर समय क्रममा व्यक्तिको अस्तित्व गौण बन्दै गयो र गीतहरू मात्रै अस्तित्वमा रहे ।

यसरी घरगीत उत्पत्तिका सम्बन्धमा विभिन्न सिद्धान्तहरू देखा परे पनि यी कुनै खास एउटा सिद्धान्तको आधारमा मात्रै उत्पन्न भएका होइनन् । यसै सिद्धान्त वा वादहरू यसका कारक हुन् भन्ने समन्वयवादी मान्यता सबैभन्दा बढी उपयोगी रहेको छ ।

यस क्षेत्रमा प्रचलित घरगीतहरूको उत्पत्ति स्थल खोज्दै जाँदा कतिपय घरगीतहरू स्थानीय जन जीवनका स्वःस्फूर्त अभिव्यक्तिका रूपमा आएका देखिन्छन् । मुगलहरूको आक्रमणपछि कतिपय भारतीय जनता नेपालमा शान्तिको खोजीमा शरण लिन आए । त्यसै समयमा उनीहरूले आफ्ना धर्म, संस्कृतिको आदानप्रदानका क्रममा उनीहरूको लोक साहित्य पनि यस क्षेत्रमा प्रवेश गरी फैलिएको पाइन्छ । खुला सीमाना, पठन पाठनको थलो वैवाहिक र अन्य सामाजिक सम्बन्ध रहेको भारतीय प्रदेशको प्रभाव यस क्षेत्रका लोक साहित्यमा पाइन्छ । 'कहाँपर' (कहाँनेर), 'खणुली (कल्ली), 'मोरचडी' (मयुर चरी), 'जैसा' (जस्तो), 'कैसी' (कस्तो), 'कउन' (कुन), 'बैठ्यो' (बस्यो) जस्ता शब्दहरूको प्रयोगले घरगीतहरूमा कुमाउँ र गढवालको प्रभाव बढी रहेको पाइन्छ । यी गीतहरूको भाषा मात्रै होइन भाका र प्रस्तुतिको शैलीमा पनि समानता पाइन्छ । सपुर पिछियाँ, उरन घाँगरी, कान ढेडियाँ, नाक नथनी जस्ता प्राचीन पहिरन; 'म माइत जान्छु जागरू लाइदे' जस्ता अभिव्यक्तिको उल्लेख हुनाले भाषिक दृष्टिले यिनको प्राचीनतालाई प्रस्ट पारेको छ ।

कुनै एक कालखण्डमा लोक साहित्यलाई ग्राम साहित्य भनेर हेय दृष्टिले हेरिन्थ्यो । यसै परम्परामा डोटेली लोकगीतहरू घरगीत र वनगीत भनी दुई हाँगामा विभाजित भए । घरगीत शिष्ट र सभ्य मानियो । यसलाई घर, आँगन, मठ, मन्दिरमा मेला, पर्वका अवसरमा निर्धक्कसँग प्रतिष्ठित रूपमा सबैका सामु प्रस्तुत गर्न थालियो । यसका प्रस्तोताहरू पनि समाजमा प्रतिष्ठित मानिन थालिए । तत्कालीन समाजमा पढे लेखेका पण्डितहरूले समेत यसको आलोचना गरेनन् । शास्त्रीय विधिको परिपालनसँगै महिला र पुरुष समुदायले घरगीतको सम्पादन गर्न थाले तर शृङ्गार रसले युक्त वनगीतहरूको भने आलोचना हुन गयो । शास्त्रीय मर्यादाभन्दा बाहिर रहेका मनोरञ्जन प्रधान यस्ता पुरुष समुदायमा प्रचलनमा नै थिए तर आज स्थिति परिवर्तन भएको छ । शास्त्रीय मर्यादाका सीमारेखाहरू भत्किएका छन् । वनगीतहरू नै लोकगीतका पर्याय बनेका छन् । घरगीतको प्रचलन

घट्दो छ । यिनको सम्पादनमा लोक जीवन उदासिन बनेका छन् । डेउडा आदि लोकगीतहरू पनि क्षेत्र विस्तार गर्दै विकसित भएका छन् । घरगीतहरू जसले इतिहास, संस्कृति र प्रकृतिका पाटाहरू आख्यानात्मक रूपमा लिएर आएका छन् तिनको विकास रोकिएको छ । लामो समयदेखि प्रचलनमा रहेर पनि प्रचार प्रसारको अभावमा यिनको क्षेत्र केवल सुदूर पश्चिमाञ्चल मात्रै रहेको पाइन्छ ।

४. घरगीत र डेउडामा भिन्नता

भिन्न भिन्न लय, आघात, गती र यतिमा प्रायः डेड पैतलो, वतुस्ल जनपङ्क्तिमा प्रस्तुत हुने घरगीतहरू पादपङ्क्ति डेउडी पर्ने आधारमा डेउडासँग निकट देखिए पनि अन्य विशेषतामा भने फरक छन् । घरगीत र डेउडाका बिच पाइने भिन्नता यस प्रकार छन्–

१. घरगीत परम्परित गीत हुन् भने डेउडा परिवेश सृजित गीत हुन् ।
२. घरगीत निश्चित पर्व, मेला, जात्रा र संस्कार कर्महरूमा प्रस्तुत हुन्छन् भने डेउडा सदाबहार हुन्छन् ।
३. घरगीत घर, आँगन, मन्दिर परिसर र सार्वजनिक चौरहरूमा खेलिन्छ भने डेउडा उपयुक्त जुनसुकै स्थानमा पनि खेल्न सकिन्छ ।
४. घरगीतमा संरचनात्मक तथा लयगत विविधता पाइन्छ भने डेउडामा तुलनात्मक रूपमा एकरूपता पाइन्छ ।
५. घरगीत सामूहिक रूपमा मात्रै प्रस्तुत हुन्छन् भने डेउडाको सामूहिक र एकल दुबै रूपमा प्रस्तुत हुन्छन् ।
६. घरगीतमा पङ्क्ति पुनरावृक्तिको क्रम हुन्छ भने डेउडा दोहोरीका रूपमा पनि गाइन्छ ।
७. घरगीत सबै लिङ्ग, उमेर र समूहका व्यक्तिहरूले खेल्ने गीत हो भने डेउडाप्रति तन्नेरीहरूको आकर्षण बढी देखिन्छ ।
८. घरगीतहरू आख्यानात्मक हुन्छन् भने डेउडामा आख्यानात्मकता हुँदैन ।

यसरी घरगीत र डेउडा डोटेली लोक साहित्यका लोकगीतका भिन्न अस्तित्व भएका विद्या हुन् ।

५. घरगीतको बनोट संरचना

यसको संरचनामा शब्दहरूको काव्यात्मक व्यवस्था नैसर्गिक रूपमा मिलेर आएको हुन्छ । घरगीतहरू फागका दुई भेद– कर्मकाण्डी (मन्त्रफाग) र स्तवन फागमध्ये स्तवन फागसँग नजिक रहेको देखिन्छ किनभने घरगीतमा पनि गङ्गा, ग्राम्यदेव, रामसीता आदिका विषयसँग सम्बद्ध अभिव्यक्ति हुन्छन् । स्तुति र कीर्ति प्रशंसा हुन्छ । यस्ता घरगीतहरू प्रतीकात्मक हुन्छन् । यी डोटेली संस्कृतिका अस्तित्व हुन् । मानव मनका तरलतम् भावको प्रस्तुति गरी मनलाई झङ्कृत पार्ने घरगीतका धुनहरू जब घर, आँगन तथा देवालयमा गुञ्जिन्छन् सबैको हृदय त्यतै तानिन्छ । यस्तो भावनात्मक अभिव्यक्तिलाई मूर्त रूप प्रदान गर्न शब्द, लय आदिको प्रयोग भएको

हुन्छ । घरगीतमा आन्तरिक र बाह्य दुई प्रकारका संरचना हुन्छन् । भाव वा गीतितत्त्व आन्तरिक संरचना हुन् भने शब्द र लयको व्यवस्थापनलाई बाह्य संरचना मानिन्छ ।

घरगीतहरू लामा, मझौला र छोटा आयामका हुन्छन् । लयगत आधारमा पनि कुनै लामा र कुनै छोटा लयका हुन्छन् । विविध लयका घरगीतका पङ्क्तिमा ११ देखि २४ अक्षरसम्म रहेका हुन्छन् । यिनमा गति, यति र विश्राम पनि फरक फरक हुन्छन् । कतिपय घरगीतहरू स्थायी र अन्तरा भागमा छुट्टिएका हुँदैनन् । यी गीति कविताको ढाँचामा क्रमबद्ध रूपमा अगाडि बढेका हुन्छन् ।

६. घरगीतको प्रयोजन वा महत्त्व

घरगीतहरू डोटेली लोक साहित्यका शिष्ट र सभ्य गीत हुन् । सबै वर्ग, समूह र उमेरका व्यक्तिहरूद्वारा सम्मानित व्यक्तिहरूका माझ पनि गाइने घरगीतहरू सर्व स्विकार्य मानिन्छन् । घरगीतको प्रस्तुतिका अवसरमा सबैले व्यक्तिवृत्तलाई बिर्सेर सामूहिकताको भावमा समर्पित भइ सकेका हुन्छन् । यसले आपसी स्नेह र सद्भाव बढाउनमा सहयोग गर्दछ । यसले डोटेली संस्कृति, परम्परा, चालचलन तथा मूल्य र मान्यताहरूको जानकारी दिनुका साथै यस विषयमा सचेतता प्रदान गर्दछ ।

समग्रमा आनन्दको अनुभूति, अनुष्ठानको सम्पादन, समसामयिक लोक जीवनको अभिव्यक्ति आदि घरगीतका प्रयोजन हुन् । धार्मिक, सांस्कृतिक, ऐतिहासिक, भौगोलिक, सामाजिक, मनोवैज्ञानिक आदि विभिन्न दृष्टिले यसको महत्त्व तथा उपयोगिता रहेको छ ।

७. डोटेली घरगीतका विशेषताहरू

डोटेली घरगीतहरू यहाँ प्रचलित रीति, संस्कृति, प्रकृति तथा सामाजिक विधि व्यवहारका साथै पौराणिक र ऐतिहासिक प्रसङ्गका संवाहक हुन् । रस माधुर्यले युक्त घरगीतका भाका र लय विभिन्न प्रकारमा हुन्छन् । लोकगीतकै एक हाँगोको रूपमा रहेको घरगीतका विशेषतालाई यस प्रकार उल्लेख गरिन्छ–

१. **मौखिक परम्परामा जीवित**

   घरगीतहरू श्रुति परम्पराबाट हस्तान्तरित र मौखिक परम्परामा जीवित छन् । यसरी एक ठाउँदेखि अर्को ठाउँ, एक पुस्तादेखि अर्को पुस्ता मौखिक परम्परामा हस्तान्तरित हुँदै जानाले एउटै घरगीतका पनि विभिन्न पाठभेद र लयभेद पाइन्छन् ।

२. **अज्ञात रचयिता**

   मौखिक रूपमा प्रस्तुत हुने घरगीतहरूमा रचनाकारको अप्रत्यक्षता हुन्छ । सुरूमा व्यक्तिद्वारा सृजित भए पनि विस्तारै सर्जकभन्दा सृजना महत्त्वपूर्ण बनेर अस्तित्वमा आएको हुन्छ ।

३. **लय र प्रस्तुतिको शैलीमा विविधता**

   लयगत विविधता हुने भएकाले घरगीतहरू रोचक हुन्छन् । वस्तुगत र स्थानगत रूपमा समानता हुँदाहुँदै पनि प्रस्तुतिको शैलीमा विविधता देखिनाले

घरगीतहरू चित्ताकर्षक बनेका छन् । यसमा सरल र मन मुग्धकारी लयका साथ अन्तराको पुनरावृत्ति हुन्छ ।

४. **सरलता र लोकप्रियता**

ग्रामीण सरल जीवनसँग सम्बन्धित जन सामान्यका उद्‌गार भएकाले घरगीतहरू सरल र सहज हुन्छन् । संरचनागत सरलता हुने भएकाले घरगीतहरू गाउन सजिला हुन्छन् । कृतिमता र यान्त्रिकताबाट टाढा रहेका यी उद्‌गारहरू सरल मनका स्वाभाविक प्रस्तुति हुन् । लोक भावना र लोकज्ञानको प्रधानता भएका, वोधगम्यता र प्रभावकारिता जस्ता गुणले युक्त घरगीतहरू लोकप्रिय रचना हुन् ।

५. **आख्यानात्मकता**

घरगीतमा लघु आख्यानको प्रयोग पाइन्छ । आख्यानात्मकताले गर्दा नै घरगीतहरू डेउडाभन्दा फरक हुन्छन् ।

६. **सामाजिक भावना**

घरगीतहरू यहाँका जनताका साझा अभिव्यक्ति हुन् । लोकका साझा सम्पत्तिका रूपमा रहेका, डोटेली जन जीवनका विविध पक्ष समेटिएका घरगीतहरू सामाजिकताको भावनाले युक्त हुन्छन् । तिनमा सामाजिक, आर्थिक, सांस्कृतिक र मनोवैज्ञानिक पक्षको सामूहिक प्रस्तुति हुन्छ ।

७. **सरसता**

घरगीतहरू अन्तर मनको गहिराइबाट उब्जेका सरल र सामूहिक उदगार हुन् । यिनले सम्पूर्ण वयका व्यक्तिको हृदयलाई प्रभावित तुल्याउँछन् । सरलताको भाव घरगीतको महत्त्वपूर्ण पहिचान हो ।

८. **रस विविधता**

घरगीतहरू कृत्रिम साजसजावटबाट टाढा, स्वाभाविक, स्वतः परिष्कृत हुन्छन् । मायाप्रितीका र प्रेम विछोडका भावमा मात्र सीमित नभई रसात्मक विविधता हुनु पनि घरगीतको विशेषता हो ।

९. **काव्यात्मकता**

घरगीतहरू मानव हृदयका नैसर्गिक अभिव्यक्ति हुन् । लिखित साहित्यमा जस्तो लोक साहित्यमा काव्यात्मकता नभए तापनि घरगीतमा पनि विभिन्न अनुप्रास, उपमा, रूपक र दृष्टान्त जस्ता अलङ्कारहरूको सहज र स्वाभाविक उपस्थिति पाइन्छ । स्वतन्त्र रूपमा घरगीतका पङ्क्तिहरू रसात्मक, आवृत्तिशील र लयदार बनेका हुन्छन् ।

१०. **उपदेशात्मकता**

घरगीतहरू लोक मङ्गलको भावनाले भरिएका हुन्छन् । दुर्लभ तर छोटो जीवनलाई सार्थक बनाउनु पर्ने, सत्कार्य गर्नु पर्ने, सबैको भलो र हित चाहनु पर्ने कुराहरू घरगीतमा विषय बनेर आएका हुन्छन् ।

११. **मनोरञ्जनात्मकता**

घरगीतहरू डोटेली लोक जीवनका निम्ति मनोरञ्जनका माध्यम हुन् । विभिन्न पर्व, उत्सव, मेला जात्राका

अवसरमा एक ठाउँमा जम्मा भएका डोटेलीहरू घरगीतको प्रस्तुति गरी प्रशस्त मनोरञ्जन लिइ रहेका हुन्छन् । यिनमा प्रयुक्त स्वर लहरी, गीत गुञ्जन, अभिनय तथा नृत्यको शैलीले प्रस्तोता मात्रै होइन दर्शकलाई समेत आकर्षित गरि रहेको हुन्छ ।

१२. **स्थानीयता**

घरगीतहरूमा स्थानीयताको रङ प्रचूर मात्रामा हुन्छ । यिनको भाषा, संस्कृति, रहन सहन, शब्द चयन र लय विधान आदिमा स्थानीय प्रभाव पाइन्छ । डोटेली भाषामा संरचित घरगीतहरूमा वर्णित स्थान, प्रकृति, जीवन पद्धति र व्यवहारमा स्थानीयताको प्रभाव पाइन्छ ।

१३. **स्थायीको पुनरावृत्ति**

घरगीतमा स्थायीको पुनरावृत्ति भएको हुन्छ । घरगीतलाई लयात्मक पार्न र उत्साहजनक बनाउन यिनले सहयोग गरेका हुन्छन् । त्यसै गरी यसले गायकलाई गीत बढाउन वा अन्तरा रच्न केही समय प्रदान गर्दछ ।

१४. **संवादात्मकता तथा प्रश्नोत्तरात्मकता**

घरगीतहरूमा संवादात्मक शैलीको प्रयोग भएको हुन्छ । सरल, सहज एवम् लययुक्त प्रश्नोत्तरात्मक संवादले घरगीतलाई नाटकीयता प्रदान गरेको हुन्छ ।

१५. **अन्तराको लयमा अनेकता**

घरगीतका अन्तराहरू विभिन्न लय र ढाँचाका हुन्छन् । कतिपय घरगीतका अन्तराको अघिल्तिर स्वरको आरोह अवरोह, अपुग अक्षर सङ्ख्यामा लयको आपूर्ति, सुर, साङ्गितिक धुन मिलाउन, कुनै अर्थमा विशेष जोड दिन यिनको प्रयोग गरिएको हो ।

१६. **भावनात्मक हार्दिक उद्गार**

स्वस्फूर्त तथा अन्तः प्रेरणाबाट निसृत घरगीतहरू हार्दिक भावनाले भरिएका हुन्छन् । यिनमा बौद्धिकताभन्दा भावनात्मकताको प्रवलता हुन्छ । यी लोक जीवनका भावनात्मक हार्दिक उद्गार हुन् ।

१७. **यथार्थता**

घरगीतहरू लोक जीवनका प्रतिविम्ब र लोक समाजका ऐना हुन् । यहाँको समाजका संस्कृति र प्रकृति, आर्थिक र सामाजिक अवस्थाको यथार्थ चित्रण पाइन्छ ।

१८. **नृत्यात्मकता**

घरगीतहरूको गायनका साथै नृतयात्मक प्रस्तुति हुन्छ । डेउडा नाचको शैलीमा अर्थात् नृत्यकलाका दृष्टिले नृत्यका रूपमा घरगीतहरू प्रस्तुत हुन्छन् । यस क्रममा पदचाल, हात र कम्मर आदिका विशेष ढाँचा वा शैलीको प्रयोग हुन्छ । यसले घरगीतलाई आकर्षक बनाएको हुन्छ ।

समग्रमा डोटेली भावनात्मक अनुभूतिका अभिव्यक्तिका रूपमा रहेका घरगीत यस समाजका प्रतिविम्ब हुन् । यिनमा मौखिकता, मौलिकता, सरसता, सरलता, सहजता,

स्वाभाविकता, श्रुति मधुरता, काव्यात्मकता, हार्दिकता, मनोरञ्जकता, अभिनयात्मकता जस्ता विशेषताहरू पाइन्छन् ।

८. घरगीतका तत्वहरू

घरगीत संरचनाका लागि विभिन्न अवयवहरू आवश्यक हुन्छन् । तिनैलाई घरगीतका तत्त्व भनिन्छ । घरगीतमा विषय वस्तु, भाषा, भाव/सन्देश, आख्यान, लय वा भाका, स्थायी र अन्तरा, लोकतत्त्व जस्ता अनिवार्य तत्त्वका अतिरिक्त रहनी वा थेगो, नृत्य र बाजा जस्ता वैकल्पिक तत्त्व पनि हुन्छन् । समग्रमा घरगीतका तत्त्वहरू निम्नानुसार रहेका छन्–

१. **विषय वस्तु**

विषय वस्तु भनेको घरगीतमा प्रस्तुत कथ्य विषय हो । घरगीतहरू सामाजिक, धार्मिक, आर्थिक, पौराणिक, ऐतिहासिक, भौगोलिक, मनोवैज्ञानिक आदि कुनै न कुनै विषयसँग सम्बन्धित भएर आएका हुन्छन् ।

२. **भाषा**

घरगीत भाषाका माध्यमले अभिव्यक्त हुने भावनात्मक उद्गारहरू हुन् । यी डोटेली भाषासँग सम्बन्धित हुन्छन् । घरगीत स्थानीय कथ्य भाषामा पनि रचिएका हुन्छन् । घरगीतको भाषा सामान्य बोलचालको भाषाभन्दा फरक हुन्छ । सरस, मिठास युक्त भाषा घरगीतको महत्त्वपूर्ण पक्ष हो ।

३. **भाव/सन्देश**

डोटेली घरगीतले कुनै न कुनै भाव वा सन्देश लिएर आएका हुन्छन् । लोक भावनाको लयबद्ध अभिव्यक्ति नै लोकगीत हो । यसमा लोक जीवनका तितामिठा क्षणको सरल, स्वभाविक र मिठास पूर्ण अभिव्यक्ति हुन्छ । जसले लोक भावना वा लोक विचारको प्रस्तुति गरेको हुन्छ ।

६.४. **आख्यान**

आख्यान घरगीतको अर्को महत्त्वपूर्ण तत्त्व हो । यसले घरगीतलाई डेउडाबाट भिन्न तुल्याएको हुन्छ । घरगीतहरूमा लामा लामा आख्यानको प्रयोग नभई घटना वर्णनका रूपमा लघु आख्यानको प्रयोग भएको हुन्छ ।

५. **लय वा भाका**

घरगीतलाई हृदय संवेद्य बनाउने तत्त्व लय वा भाका हो । यसले घरगीतलाई विशिष्ट साङ्गीतिक स्थिति उत्पन्न गरी कर्णप्रिय तथा श्रुति मधुर बनाउँदछ । भाका अनुसार एउटै घरगीत विभिन्न किसिमले गाउन सकिन्छ ।

६. **स्थायी र अन्तरा**

लोकगीतमा झैं घरगीतमा पनि पटक पटक दोहोर्‍याएर गाइने मुख्य अंश स्थायी हो । द्रूत लयमा सामूहिक रूपमा गाइने स्थायीले सहभागीहरूमा अझ बढी उत्साह थप्दछ । घरगीतको संरचनालाई विस्तार गर्न आउने अंश अन्तरा हो । यो स्थायी पछि एक जना सहभागीद्वारा विलम्बित लयमा गाइन्छ । यसमा गीतका विभिन्न भाव सन्देश र

खुट्किलाहरू हुन्छन् । यसले रस, भाव परिवर्तन र केही बेरको विश्रान्ति प्रदान गरी वातावरणलाईं अझ रसिलो बनाउँदछ ।

७. **लोकतत्त्व**

घरगीतहरू डोटेली लोक मानसका उपज हुन् । लोक व्यवहार र लोक अनुभवको सँगालोका रूपमा आउने यस्ता घरगीतहरू लोकतत्त्वले युक्त हुन्छन् । लोकको चिन्तन, चलन, व्यवहार, पहिरन, खानपान, सेरोफेरो र बोली त्यसमा पाइन्छ ।

८. **रहनी वा थेगो**

घरगीतको आदि, मध्य र अन्त्य सबैतिर आउन सक्ने भाव वा लयको निर्माणमा सहयोगी, सम्बोधनात्मक, अनुकरणात्मक तथा अवधारणात्मक पद् वा वदावलीलाई रहनी वा थेगो भनिन्छ । डोटेली घरगीतहरूमा ए, हो, रतन्थली, मुसुर्दानी, झुम्मा हो, लौ बिरी छम्का आदि थेगाहरू प्रयोग भएका हुन्छन् ।

९. **नृत्य**

घरगीतहरूको गायनका साथै नृत्यात्मक प्रस्तुति हुने भएकाले नृत्यलाई पनि यसको तत्त्वमा राख्न सकिन्छ । नृत्यका साथमा प्रस्तुत हुने घरगीतहरू निकै आकर्षक हुन्छन् ।

यसरी विषय वस्तु, भाषा, भाव वा सन्देश, आख्यान, स्थायी, अन्तरा, लोकतत्त्व, रहनी वा थेगो र नृत्य घरगीतका तत्त्व हुन् ।

१. पन्त जयराज, “डोटेली पार्विक फागहरूको सङ्कलन र अध्ययन” विद्यावारिधि शोधप्रबन्ध, किर्तिपुर : मानविकी संकाय, त्रि.वि. २०६६, पृ.४६
२. पन्त, देवकान्त, “डोटेली लोकसाहित्य : एक अध्ययन”, कीर्तिपुर : नेपाल एसियाली अध्ययन संस्थान, त्रि.वि., २०३२ ।
३. बन्धु, चुडामणि, “नेपाली लोकसाहित्य”, काठमाडौं : एकता बुक्स, २०५८, पृ.१२८) ।
४. पन्त, जयराज, “डेउडा”, काठमाडौं : वाङ्मय प्रकाशन तथा अनुसन्धान केन्द्र, २०६४, पृ.११२ ।

कल इण्डिया...
मात्र रु. २.९० प्रति मिनेट
साथै कतार, साउदी अरेबिया, यू.ए.इ., बहराइन र कुबेतमा फोन गर्दा अब मात्र रु. १२ प्रति मिनेट ।
फोन गर्ने तरिकाः
१४२४+ कन्ट्रिकोड + फोन नं.
थप जानकारीको लागि : नोटिसबोर्ड नं. १६१८ ०७००७ ११११९ मा डायल गरी सुन्न सक्नु हुनेछ ।
उल्लेखित महशुल दरमा नेपाल सरकारको नियमानुसार लाग्ने कर समावेश गरिएको छैन ।
नेपाल टेलिकम

❖ आभा खरे



साथैमा

म जान्दिनँ
    मेरो असहमति ओढेर
तिमी चुप भएका थियौ
या
    तिम्रो अस्तित्वमा
मिसिएको थियो टर्रोपनको मसी
    मेरो ओठमा 'चुप' लेखि दियौ
ती उदासीपूर्ण दिनमा
    मैले मौनता रोजेँ
तर
    हामी बाँधिएका थियौं
प्रेमका ती क्षणमा
    जसलाई भुल्दा पनि
हामीभित्रै थियो
    त्यसैले
हामी एक अर्काका साथैमा थियौं
    एक अर्काका नजिकै...
धेरै नजिकै...!!!

हालत

अजिव समयको
    यो बेलामा
हेर ! गजवको हालत
    झुठको चौबाटोमा
हङ्गामा गर्दै छ षड्यन्त्रले...
    लुप्त भयो मानवता
हरायो भावना
    पत्थरको जङ्गलमा
भुल्यो बाटो संवेदनाले
    घृणाको यो सहरमा
भयो बाँच्न मुस्किल
    बाँच्न मुस्किल... !

हिन्दीबाट अनुवाद : सुमी लोहनी



कथाको प्लट

❖ गोविन्द नेपाल

आज शनिवार । सोच्दै छु, खाना खाएपछि एउटा बेजोड कथा नलेखि छाड्दिन तर कथा पो के लेख्ने ? प्लटको कुनै टुङ्गो लागेको छैन अहिलेसम्म । खाना पाक्दै थियो । 'होइन ! चुलो त झ्याप्पै निभ्यो नि !' भान्साबाट गृहमन्त्री चिच्याइन् । गएर हेरैं -ग्यासले हावा खाएछ । तत्काल डिपोमा फोन गरैं -'मात्र एक भाँडो ग्यास छ तु. आइ हाल्नुस्' उताबाट आदेशको स्वर आयो ।

हत्त न पत्त रित्तो सिलिन्डर स्कुटीमा राखेर म डिपोतिर बत्तिएँ । अलिक पर पुगेपछि स्कुटीको स्टार्ट बन्द भयो । थाहा पाएँ - पेट्रोलले पनि हावा खाएछ । अघिपछि कोकाकोलाभन्दा सर्व सुलभ थियो पेट्रोल, आफूलाई चाहिएको वेलामा भने कति चाहार्दा पनि एक लिटरधरि कतै पाइएन !

बाइक लिएर आइज बाबु ! छोरालाई फोन गर्न लागेको ब्यालेन्स सकिएछ । नजिकै रिचार्ज कार्ड कतै पाइएन । केही उपाय नलागेपछि स्कुटीलाई बाटोमै बेवारिस छोडेर सिलिन्डिर काँधमा राखेर लामा लामा फड्का मार्दै ग्यासडिपोतिरको बाटो छोट्याउन थालैं । असिन र पसिन हुँदै बल्लतल्ल पुगेर सिलिन्डर काँधबाट भुइँमा पछारी एकै सासमा भनैं -'ल साहुजी, छिट्टै ग्यास निकालि हाल्नुस् त मेरो घरमा खाना अधकल्चो भएको छ ।'

तपाईंले कति अबेर गर्नु भएको ? तपाईंलाई कुर्दा कुर्दा आउनु भएन । एक जना बुढा बा पनि ग्यास सकियो भनेर हत्ते गर्न थाले र तपाईं नआउने पो हो कि भनेर उनैलाई दिई पठाएँ । ग्यास साहुजी गनगनायो ।



सोचैं - अब गयास पाइँदैन । कहाँ पाइएला त अब ग्यास ? कसरी ग्यास पाएर खाना पकाएर खाने होला त आज ? दिनभरि भौंतारिँदा पनि कतै ग्यास पाइएन । रित्तो सिलिन्डर लिएर घर फर्किंदा झमक्कै साँझ पर्‍यो । आज थाक्न पनि खुब थाकियो । अब भोलि बिहानै लेख्नु पर्ला । यो थकानमा कथा लेखाइ के होला र ?

युवा गजलकारहरूमा प्रगतिवादी चेतना

❖ शैलेन्द्र अधिकारी

विषय प्रवेश

आफ्नो जन्मकालदेखि नै गजलले प्रेमिकासँगको वार्तालाप भन्ने अर्थको रुढतालाई बोकेर हिँडि रहेको छ। मूलतः अरबीबाट आएर फारसी हुँदै हिन्दी र त्यहाँबाट नेपालीमा आएको मानिने यस गजल विधालाई कसिदा र तस्बिबकै आधारमा परिभाषा गर्दै गजलमा प्राकृतिक सौन्दर्य र प्रणय वेदनाको भाव प्रकट गरिन्छ भन्दैमा अब गजल त्यतिमै मात्र सीमित रहँदैन । गजलाबाट गजल बने पनि र ग+ज+अल बाट गजल बने पनि, जुन भाषाबाट जुन भाषा हुँदै हाम्रो भाषामा आइ पुगे पनि गजल हाम्रो माटोमा, हाम्रो भाषामा आइ पुगेको छ र यो जडसूत्रवादी परिभाषाबाट हैन, हाम्रो माटो सुहाउँदो परिभाषाबाट परिभाषित हुनु पर्छ, लेखिनु पर्छ र पछिल्लो पुस्तामा लेखिएको पनि छ।

माध्यामिक कालीन नेपाली कविताका केन्द्रीय प्रतिभाका रूपमा चिनिएका मोतीराम भट्टबाट भित्र्याइएको नेपाली गजल सुरआतको समयमा विशुद्ध शृङ्गारिक भाव धारामा मात्रै लेखिन्थ्यो । मूलतः राणाहरूको भोग विलास र मनोरञ्जनका लागि लेख्ने, लेखे वापत केही राम्रो बक्सिस पाउने आसमा लेख्ने संस्कारले पनि तत्कालीन समयमा गजललाई आफ्नो रुढताबाट बाहिर आउन दिएन । शिष्ट र अशिष्ट दुबै थरी गजल लेखिएको यस कालखण्डकै उपजस्वरूप फेरि लामो समय नेपाली साहित्यमा गजल विधा लोप भएर गयो ।

गजलको पुनर्जागरण काल ०३६ लाई मान्दा पनि ४० को दशकमा पनि गजल भनेर अत्यन्त न्यून लेखिन्थ्यो । गीतलाई नै गजल भनेर भनि दिने र गजलको आन्तरिक र बाह्य संरचना समेत थाहा नहुनेले पनि गजल भनेर पजल लेखेको देखिन्छ। ०५० र ०६० को दशकमा भने थुप्रै युवा गजलकारहरू नेपाली साहित्यमा देखा परे। पछिल्लो समय युवाहरूको ठुलो पङ्क्ति गजल लेखनमा सक्रिय र क्रियाशील रहेको देखिन्छ।

प्रगतिवाद

अति सङ्क्षिप्त र सरल रूपमा भन्नु पर्दा मार्क्सवादी सौन्दर्य चिन्तनका आधारमा गरिने साहित्य सृजना प्रगतिवाद हो । प्रगतिशील साहित्यको माने त्यो साहित्यसँग जोडिन्छ, जुन साहित्यले समाजलाई अघि बढाउँछ र मनुष्यको विकासमा सहायक हुन्छ । साहित्य र समाजको परस्पर सम्बन्ध हुनाले समाजको वर्तमान स्तरभन्दा माथिल्लो स्तरतर्फ लान प्रगतिवादीहरूले कलम चलाउनु जरुरी देखिन्छ । प्रत्येक प्रगतिशील व्यक्ति र लेखक मनुष्यको उत्पीडनलाई अन्त्य गरेर एक नयाँ संस्कृतिको निर्माण गर्न चाहन्छ ।

यसरी आफ्नो रचना मार्फत दासत्वको विरोध गर्दै पुराना रुढिवादी कुराहरूलाई त्यागेर नयाँ वैज्ञानिक विचार क्रान्तिकारी प्रगतिवादी साहित्यमा लेखिएको हुन्छ । अनावश्यक कल्पनामा व्यर्थै रमाएर दिवास्वप्न देख्नुको सट्टा जमिनमा टेकेर जीवनको स्वस्थ्य उपयोगप्रति आस्था जगाउनु प्रगतिवाद हो । वर्ग विहीन समाजको मुक्ति तथा वर्ग, लिङ्ग जस्ता विभेद र सबै खाले दासताबाट मुक्ति प्रगतिवादको अभीष्ट हो ।

यसरी साहित्यमा आफ्नो वास्तविकतामा नै रहेर भगवानको श्रेष्ठतालाई अस्वीकार गर्दै मानव मात्रलाई महत्त्व दिएर मानव मात्रको हितका खातिर अझ निम्न वर्गीय शोषित पीडित जनताका पक्षमा आफ्नो विचार मार्फत सशक्त अभिव्यक्ति प्रदान गर्नु नै प्रगतिशील साहित्य हो । प्रगतिवादी साहित्य एवम् सौन्दर्य चिन्तनले साहित्यलाई कलातमक विम्बमा वस्तुगत यथार्थको सक्रिय प्रतिविम्बन गर्ने सामाजिक चेतनाको विशिष्ट रूपमा मान्दछ । यसरी प्रगतिवादले वर्गीय विभाजन, धार्मिक अन्ध विश्वास, जातीय छुवाछुत र असमान आर्थिक अवस्था र निरङ्कुश प्रवृत्तिका विरुद्ध चर्को आबाज उठाउँछ । त्यस्तै सर्वहारा साहित्य र जन साहित्यमा आकृष्ट हुने प्रगतिवादीहरू शोषण, दमन, अन्याय, अत्याचार विरुद्ध चर्को आबाज उठाउँदै न्याय समानता र स्वतन्त्रताको हक र अधिकार प्राप्तिको सङ्घर्षमा सरिक हुने प्रतिबद्धता प्रकट गर्दछन् । प्रगतिवादी साहित्यको मूल दायित्व वर्तमान अर्ध सामन्ती, अर्ध औपनिवेशिक नेपालको शोषक, शासक, समाज व्यवस्थार सामाजिक सन्दर्भहरूमा क्रान्तिकारी परिवर्तनका निम्ति उत्पीडित जनतामा अनावश्यक चेतना जगाउनु र सामाजिक सम्बन्धको एवम् जीवनको गतिशील यथार्थ र चेतनाको स्वरूपलाई तथ्यपरक ढङ्गबाट जीवन र जगत्को प्रतिविम्बन गरी समाज, व्यवस्था र त्यसभित्रका मनुष्यहरूको जीवन दर्शनको वास्तविक रूप उद्घाटन गरी एकातिर उत्पीडित जीवनको वास्तविकता बोध गराउनु हो भने अर्कातिर क्रान्तिकारी वर्ग र उसका मित्रहरूलाई साथ लिएर क्रान्तिकारी चेतनालाई दरिलो बनाउने कार्य गर्नु पनि हो । सँगसँगै प्रगतिवादी साहित्यसँगै विचार गर्नु पर्ने कुरा साहित्य कलात्मक त हुनु पर्‍यो तर कृतिको कलात्मक

सौन्दर्यको निखार त्यसको विषय वस्तुको सामाजिकतासँगै जोडिएको हुनु पनि जरुरी छ । मूलतः समाजवादी यथार्थवादका क्षेत्रमा मार्क्सवादी दर्शनको बीजारोपणबाट उभिएको काव्य सिद्धान्त हो र यसैलाई सामान्यतया प्रगतिवाद भनिन्छ । वास्तवमा प्रगतिवाद मार्क्सवादकै एउटा साहित्यिक संस्करण हो, शब्दान्तरणमा साहित्यगत मार्क्सवादी दृष्टिकोण नै प्रगतिवाद हो । त्यसैले प्रगतिवाद वा मार्क्सवादी लेखकहरू किसान, मजदुर र सर्वहारा जस्ता समाजका तल्ला वर्गप्रति विशेष ध्यान दिई उनीहरूको दुख मोचन गर्ने कुरा गर्दछन् ।

प्रगतिवादको कुरा गर्दा सँगसँगै मार्क्सवाद स्वभावतः जोडिएर आउँछ किनकि प्रगतिवादले आफ्नो विश्व दृष्टिकोणका रूपमा समस्त सृष्टि जगत्, मानव समाजका विकास प्रक्रिया र घटनाहरूको तथा चेतन अचेतन वस्तुको व्याख्या गर्ने मार्क्सवादलाई प्रस्ट र प्रमुख रूपमा स्विकारेको पाइन्छ । प्रगतिवादीहरू साहित्यको उद्देश्य नै अरूभन्दा भिन्न मान्दछन् । क्रान्ति तथा नवीन समाज रचनाका लागि उत्प्रेरित, उत्साहित तुल्याउनु नै काव्य वा साहित्यको उद्देश्य हो । मार्क्सवादका यिनै दृष्टिकोण मान्यता, प्रवृत्ति र आदर्शहरूलाई जब साहित्यिक रूप प्रदान गरिन्छ, तब प्रगतिवादको जन्म हुन्छ । अर्को शब्दमा साहित्यमा अन्तर्निहित यिनै मार्क्सवादी भावना, विचार मान्यता र प्रवृत्तिहरूकै नाम प्रगतिवाद हो । यस्ता मार्क्सेली वा वैज्ञानिक समाजवादमा मुख्यतया अन्याय, अत्याचार, शोषण, दमन, अशिक्षा जस्ता समाजभित्रका विषमताहरूमा व्यक्ति होइन अपितु समाज र समष्टिलाई नै महत्त्व दिइन्छ । साहित्यमा अन्तर्निहित यही समाजवादी चेतना नै प्रगतिवाद हो ।

नेपाली गजलमा प्रगतिवाद

गजल लेखनको हिसाबले मोतीराम भट्टलाई नेपाली गजल लेखनका आरम्भ कर्ता मानिन्छ तर राणा शासकहरूलाई फकाउने र उनीहरूसँग नजिक रहने उद्देश्यले लेखिएका उनका र त्यस समयका अन्य गजलकारहरूका गजलमा प्रगतिवादी चेत पाइँदैन । गजलको पुनर्जागरण काल ०३५/०३६ साल यताका समकालीन गजल लेखि रहेका गजलकारहरू भने प्रगतिवादी चेतनाका हिसाबले अग्रपङ्क्तिमा छन् । वर्तमान नेपाली गजल लेखनलाई प्रगतिवादी गजलले नेतृत्व गरि रहेको छ भन्न सकिन्छ । ललिजन रावल, बूँद राना, घनश्याम न्यौपाने 'परिश्रमी' लगायतका गजलकारहरूले नेपाली गजलमा प्रगतिशीलताको सुरुवात गरेका र रवि प्राञ्जल, वासुदेव अधिकारी, विजय सुब्बा, देवी नेपाल आदि स्रष्टाले उचाइ दिएका भए पनि अहिले यो धार फैलिएर देशव्यापी बनि सकेको अवस्था छ । अहिले पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका गजलकारहरू आफ्ना गजल मार्फत वर्गीय चेत प्रकट गर्दै समाजमा भइ रहेको थिचोमिचो, अन्याय र अत्याचारका विरुद्ध कलम

चलाउँछन् नै साथसाथै देशको बिग्रँदो अवस्थाप्रति पनि चिन्ता प्रकट गर्दछन् । गैर प्रगतिवादी गजलमा जस्तो प्रणयका कुरा, केवल शृङ्गारका अशभ्य विषयहरू र उच्छृङ्खल विषय वासनाका कुराहरूलाई अहिलेका युवा प्रगतिवादी गजलकारहरू अस्वीकार गर्दै यस्ता लेखनलाई अनुपयुक्त ठहर गर्दछन् । यसरी आफ्ना गजल मार्फत समाज परिवर्तनको दिशामा अहिले प्रशस्त गजलकारहरूले कलम चलाइ रहेका छन् ।

आङ ढाक्ने लुगा छैन रुन्छन् कठैबरी
बालबच्चा चिहिलबिहिल गाँस कसले लुटो ?

थोमस पीडित, (पलाँस २०६० पुस/माघ)

सामन्त हर्षित देख्छु तिम्रो प्रजातन्त्रभित्र
तानाशाही रीत देख्छु तिम्रो प्रजातन्त्रभित्र

नहर नाला बाटोघाटो विकासको सङ्गीत छैन
तिम्रै भजन गीत देख्छु तिम्रो प्रजातन्त्रभित्र

जय गौडेल, आशाका बयलीहरू

घोट्दछन् हाड नाङ्गा र भोकाहरू
झार्दछन् आँसु नाम्ला र डोकाहरू

रूपक अलङ्कार, देशको पुर्पुरो

बगेकै छ हाम्रो रगत आज पनि यो पानीमा
कस्तो कस्तो खबर आउँछ हेर एकाबिहानीमा

चंकी श्रेष्ठ, फुलबिनाको शाखा

अग्ला अग्ला पर्खालहरू चर्कि रहेका छन्
जगहरू हल्लिएर घर्कि रहेका छन्

जीवन खरेल, प्रगतिशील गीत एवम् गजल सङ्ग्रह

यसरी विविध गजलकारहरूले समाजमा उच्च वर्गले सधैं शोषण दमन गरि रहेको र तिनीहरूका विरुद्ध उठ्न र क्रान्ति गर्न ढिला भइ सकेको अभिव्यक्ति अहिलेका गजलमा व्यक्त भएको पाइन्छ । आफ्ना रगत बगेको यो पानीमा लामो समयसम्म सामन्तहरूको रजाइँ चलेको र अब आफूले त्यो सहन नसक्ने भाव गजलमा भेटिन्छ । बिस्तारै क्रान्ति अघि बढि रहेको र यसले सामन्तवादीहरूको जग हल्लाइ रहेको विचार अभिव्यक्त भएका गजलमा गरिबहरू आँसु पिएर बाँच्न विवश रहेको विचार प्रस्तुत भएको छ :

फेरि ठगियौँ हामी हिजो अस्ति जस्तै
सामन्तीको चल्दै गयो राज बिस्तारै

अनमोलमणि, नदी किनारमा उभिएर

कतै अन्यायमा पर्दा कसैले न्याय खोजेमा
तिनैको पक्षमा बोल्नै नडर्नेको कुरा मान्नु

नारायण निराशी, तुसारोमा, फुलेका फुलहरू

सामन्तवादका विरुद्ध आगो ओकलेका अहिलेका गजलमा सामन्तहरूले बिस्तारै आफ्नो रजाइँ सुरु गरेकोले कमजोर जनताको पक्षमा बोल्नेको खाँचो रहेको भाव प्रकट गरिएको छ । आफूलाई गरिबको पक्षमा बोल्ने मान्छे मन पर्छ भन्दै गजलमा परिवर्तनको स्पष्ट खाँचो महसुस गरिएको छ । प्रगतिवादी चिन्तन नेपाली साहित्यसँगै गजलमा पनि बढ्दै गइ रहेको वेला यसले विषयगत विविधतालाई पनि उत्तिकै अँगालेको पाइन्छ । लोकतन्त्र प्राप्तिका लागि, लोकतन्त्रको संरक्षण र संबर्धनको लागि पनि धेरै गजलकारहरूले गजल मार्फत आह्वान गरेका छन् :

जमिन यहाँको धेरै रुखो परेछ क्यारे
प्रजातन्त्र अति धेरै नानी छ नेपालमा

शशी मरासिनी, नजुरेको धुन

यसरी नै मुक्ति पाउँछु भन्ने ठानेँ मैले पनि
उनले बन्दुक ताकेपछि ढुङ्गा हाने मैले पनि

जय गौडेल, आशाका बयलीहरू

देशले फेर्न पाएन टालो अझै
फाट्न बाँकी रह्यो यो छ कालो अझै

लड्नु बाँकी छ रे भिड्नु बाँकी छ रे
चढ्न बाँकी छ यौटा उकालो अझै

राजेन्द्र तारकिणी, छन्द लहरका गजल विशेषाङ्क

निमुखा टुहुरामाथि खस्ने प्रजातन्त्रलाई
श्रद्धान्जली दरबारमा बस्ने प्रजातन्त्रलाई

ज्ञानु विद्रोही, त्रास आफन्तको

गजलमा वर्गीय चेतना मात्रै पछिल्लो समयमा विषय वस्तुका रूपमा उठेको छैन, देश भारतीय विस्तारवादको चेपुवामा परि रहेको कुरा, सुस्तादेखि कालापानीसम्मका कुरा पनि समेटिएका छन् । बाहिर ठुला कुरा गर्ने र वास्तविक रूपमा भित्रभित्रै अरूकै दास बनेका राष्ट्रघाती नेपाली नेताहरूको चिन्तनमाथि युवा गजलकारहरूले आक्रोश पोखेका छन् :

दसगजामा जङ्गे पिलर दिनमै लुक्ने गर्दा
लुकाउनेलाई बैरी भनी तोक्ने ठाउँ छैन

जोतारे धाइवा, शब्दाङ्कुर गजल विशेषाङ्क

रुँदै छन् लुम्बिनी काली रुँदै छन् दाङ द्यौराली
हामी हर दिन हाँसेर अर्थ हुन्न क्यै बाँच्नुको

केशब भट्टराई, पर्दा उघारेपछि

मातृभूमि मासिँदै गएको छ छिमेकमा
नेपाली हौँ हाम्रा पाइला लर्खराउनु हुन्न

चिरञ्जीवी मास्के, सपनामाथि उभिएर

युवा गजलकारहरू देशको असमान स्थितिलाई गजलमा उतार्न खप्पिस छन् । युवा गजलकारहरूले कतै सहर र गाउँबिचमा बढ्दै गएको दूरीलाई गजलमा समेटेका छन् भने कतै सहर घृणाको पात्र बनेर देखा परेको अवस्था र कतै ग्रामीण बस्तीको मोहलाई प्रतिविम्बित गरेका छन् :

क्षत विक्षत बनेको छ घर आजभोलि
रगतको होली खेल्छ सहर आजभोलि

अनमोलमणि, नदी किनारमा उभिएर

चाकडी तेल घस्न जान्नु सर्प बन्नु डस्न जान्नु
खाँचो पर्दा जान्नु पर्छ आगो निल्नु यो सहरमा

आबाज शर्मा, पोल्यो शीतले झन्

गजल प्रेममा मात्रै लेखिन्छ अर्थात् गजल भनेपछि केटाकेटीबिचको माया प्रेमको कुरा मात्रै हुन्छ भन्ने रुढिवादी कुरालाई अहिलेका युवा गजलकारहरूले गतिलो जबाफ फर्काएका छन् । समाज परिवर्तनका लागि आबाज उठाउने थुप्रै गजलहरू लेखिएका छन् । अहिलेका युवाहरू गजल मार्फत भन्छन् -सबैको रगत रातै छ त मान्छेमा जातजातिका नाममा, थरका नाममा, क्षेत्र र सम्प्रदायका नाममा विभेद किन ? विभेदका विरुद्ध यस समयका गजलले शिष्ट र शालीन ढङ्गले बोलि रहेका छन् :

आफू खुसी बाँच्न पाउने अधिकार पाउनु पर्छ
विधवाले पनि अब रातो चोलो लाउनु पर्छ

रुढिवादी चलनका साङ्लाहरू तोडिकन

अँध्यारो यो आकाशमा नौला किरण छाउनु पर्छ
श्रीजन श्री, माटो भन्नु मुटु रै छ।
कालो गोरो जातभात विभेद यो ढाल्नलाई
वर्गभेद नभएको आकाश ल्याउन सक्नु हुन्छ ?

गौडेल, आशाका बयलीहरू

समय क्रममा नेपाली गजलले नेपालको सीमा पार गरि सकेको छ। नेपालभित्र जति गजल लेखिन्छन्, हालका दिनमा प्रवासमा रहने नेपालीहरू र अन्य नेपाली भाषीहरूले पनि गजलका क्षेत्रमा कलम चलाएका मात्र छैनन् देश बाहिर रहनुको पीडा, देशभित्रको, देशवासीको कमजोर अवस्थालाई लक्षित गर्दै परिवर्तनका लागि गजलबाटै आबाजहरू उठेका छन् :

घाँटीभरि टिस्टा बग्छ मन हरहरी छ
आँखाभरि हिमाल हाँस्छ, हाँसु बरबरी छ

लीला बहादुर क्षेत्री, गजल महक

मलायाको रणभूमिलाई कुर्नुभन्दा बरु
आफ्नो मुलुक बनाउनलाई छाती फुकाई बस्नु

बुद्ध राई, गजल महक

मर्न त के मरि दिन्छु, अस्तित्वको निम्ति
मलाई माया गर्ने माटो प्राण हुन्छ मलाई

असीम सागर, जुन पोखिएको रात

दिन्छन् उज्यालो अरूलाई आफू अँधेरो रहेर पनि
जति जलेर दुख्छ बाती उति नै देश दुख्छ मलाई

सुवास श्रेष्ठ, समुद्र रोएको साँझ

लोकतन्त्रको प्राप्तिपछि नेपाली समाजमा चेतनाको तीब्र बिस्तार भएको मान्नु पर्छ तर पनि त्यो अवस्थासम्म जनता चेतनशील भइ सकेका भने छैनन्, जहाँ नारी र पुरुषलाई समान व्यवहार गरिन्छ। के सहर के गाउँ अझै पनि हाम्रो समाजमा लिङ्गका आधारमा विभेद भेटिन्छन्। समाजमा रहेका यस्तै विभेदका विरुद्ध र नारीहरूका पक्षमा पनि युवा गजलकारहरूको कलम चलेको छ :

नारीलाई कुहिरोको काग नसम्झ
सप्तरङ्गी इन्द्रेणीको दाग नसम्झ
मायामितु न्यौपाने, निर्वासित चराहरू
पर्दैन लौ तिमीले माग्नै गुहार आमा
छोरी भएँ त के भो तिर्ने छु भार आमा

रश्मि असफल, तिम्रो बगानभित्र

सहर अझ राजधानी मस्तसँगै रमाइ रहेको वेला कर्णालीमा जनता सिटामोलसम्म नपाएर, जीवन जलको अभावमा मृत्यु वरण गरि रहेछन् । काठमाडौँका तारे होटलमा कर्णाली विकासका योजना बन्छन् र केही महिनामा २/४जनाले काठमाडौँमा महल बनाउँछन् । कर्णालीको पीडा त जस्ताको तस्तै नै छ। यस कुराबाट आम नेपालीहरू अनभिज्ञ छैनन् । कर्णालीको पीडालाई वा देशका दुर्गम बस्तीहरू जहाँ सरकार र विकास आफ्नो अनुहारसम्म देखाउन चाहँदैनन् त्यहाँ युवा गजलकारहरू यो असमान अवस्थाको गजल मार्फत तीब्र विरोध गर्दै समतामूलक समाज निर्माणका लागि आह्वान गरि रहेका छन् :

विकासको गति के हो कर्णालीलाई थाहा छैन
नेतागणको मति के हो कर्णालीलाई थाहा छैन

शान्ता अजनवी, बिर्सिएका यादहरू
दिनभरि जोतिएर निख्लै सुतेको
दाजुभाइ अछामीको पारा भेटेछु

नरेश न्यौपाने, बिरक्तिएको जिन्दगी

पछिल्लो समयमा व्यवस्था परिवर्तनका लागि सबै लडे । बालक, युवा, अधबैंसे, बृद्ध सबैले परिवर्तनका लागि आफ्ना ठाउँबाट सकेको सहयोग पुर्‍याएको थिए । अझ युवाहरूको उपस्थिति त जुनसुकै आन्दोलनको प्रमुख भाग हुने नै भयो तर देशले चाहेको व्यवस्था प्राप्त हुँदा पनि, लोकतन्त्रको प्राप्तिपछि पनि सोचे जस्तो सामाजिक प्रगति र विकास नहुँदा नेतृत्वकर्तालाई गजल मार्फत व्यङ्ग्य गर्न पनि युवाहरू पछि परेका छैनन् :

कोही भन्छन् उत्तर फर्क, कोही भन्छन् दक्षिण फर्क
बल्ल जमेको आसन मेरो जे गरूँ तिमीलाई के खाँचो ?

रुपक अलङ्कार, देशको पुर्पुरो

आफैँ खाल्डो खन्नु भयो पर्नु भयो आफैँ
अरूलाई ठेल्न खोज्दा झर्नु भयो आफैँ

घनश्याम पथिक, भूल जिन्दगीको

यसरी विविध विषय वस्तुहरूमा युवा गजलकारहरूको कलम चलि रहेको छ । आफू बाँचेको समाज, आफ्नो देशको मायामा पनि प्रशस्त गजलकारहरूले कलम चलाएका छन् । देश त राम्रो छ नै तर देश हाँक्नेहरू पो गतिला परेनन् जस्ता केही निराशा र केही देशप्रेमका भावनाहरू पनि पछिल्ला चरणका गजलहरूमा प्रशस्तै भेट्न सकिन्छ :

यतिखेर देश तिम्रो शरणमा परेको छ ।
सभ्यताका रङहरू जताततै पोखी हेर
प्रभास विकल, ओइलिएका कुसुमहरू
अँध्यारो भो देश सारा उज्यालो दीप बाल्नु पर्छ
विकासोन्मुख पाइलाहरू अघिल्तिर चाल्नु पर्छ

राजन समीप साम्पाङ, समीप

हिंसाप्रति हिंसाभरि रम्ने बानी छैन यहाँ
नशामा यो देश बग्छ फिक्का पानी छैन यहाँ

ज्ञानु विद्रोही, त्रास आफन्तको

नयाँ नेपाल नयाँ कदम चालेको खै त ?
जनताको काम गर्न थालेको खै त ?

परशुराम पराजुली पराशर, परिचय

सामन्ती संस्कार यो ढल्या छैन
जनताको शासन चल्या छैन

इन्द्रसुर बेल्टारे, जुनको पराग

माथितिर आकाशमा तारा जल्यो आज पनि
फेवा जल्यो अनि सर्दै रारा जल्यो आज पनि

यमन सुवेदी, ...त्यसपछि मलाई सोध

यसरी अहिलेको यो समय गजलको लहर चलि रहँदा युवाहरूमा पनि गजलको र अझै गजलभित्र प्रगतिवादी चेत भएका गजलको लहर चलेको देखिन्छ । देशभित्र वा बाहिर, सहरमा वा गाउँमा, महिला वा पुरुष, विकसित ठाउँ वा अविकसित ठाउँ सबै ठाउँका युवाहरूले प्रगतिवादी चेत अर्थात् मार्क्सवादी चिन्तनको फेरलाई समातेर गजल लेखन मार्फत समाज र देश बिउँझाउने कार्य गरि रहेका छन् । पूर्वमा रहेर प्रकाश आङदम्बे, घनश्याम पथिक, इन्द्रसुर बेल्टारे, राजन समीप साम्पाङ, चन्द्र अधिकारी, अग्नि कोइराला, वसन्त वस्नेत लगायतका थुप्रै गजलकारहरूले प्रगतिवादी

गजल सृजना गरि रहेका छन् भने उपत्यकामा जय गौडेल, रूपक अलङ्कार, ज्ञानु विद्रोही, हेम प्रभास, केशव भट्टराई, सरोज घिमिरे, पभाती किरण, नारायण निराशी, निशान निष्कर्ष, सुभद्रा भण्डारी लगायतका स्रष्टाहरू प्रगतिवादी गजल लेखनमा सशक्त कलम चलाउँदै छन् । यसरी नै पश्चिममा राजेन्द्र खड्का, नरेश न्यौपाने, तर्क खनाल आश्रित जस्ता प्रगतिवादी युवा गजलकार हरूले कलम चलाइ रहेका छन् । असीम सागर, श्रीजन श्री, सुवास श्रेष्ठ, बुद्ध राई, बलराम सापकोटा, लीला बहादुर क्षेत्री जस्ता गजलकारहरू देशको सीमा बाहिर रहेर पनि प्रगतिवादी गजल लेखनमा सक्रिय छन् ।

निष्कर्ष

अब गजल प्रेममा मात्र सीमित रहेन । यी सारा फेहरिस्त तिनैका प्रमाण हुन् । यस्ता फेहरिस्त निकै लामा हुन्छन्, यी त केही प्रतिनिधि मात्र हुन् । मान्छेको जीवनका विविध आयामलाई छुन सक्ने विधा नै सबल र सुदृढ हुन्छ । गजल अहिलेको समयमा मान्छेका हरेक भावनालाई अभिव्यक्त गर्ने सशक्त माध्यम बनेको छ । गजलको सूत्रमा बाँधिन नचाहने वा गजल नलेखेका र गजल लेख्न नजानेकाहरूले केही हिन्दी र नेपालीका प्रेमका गजल सुनेर निन्दा गरेकै भरमा गजल शृङ्गारिक विधा मात्र हो भन्न मिल्दैन । अब गजलको एक शेरले सिङ्गो देश बोक्ने आँट गर्छ, विद्रोहको ज्वाला ओकल्ने आँट गर्छ र विकृतिमाथि चोटिलो व्यङ्ग्यको प्रहार गर्न सक्छ ।

युवाहरूलाई लागेको खाली प्रेमका लागि मात्रै गजल लेख्छन् भन्ने आरोपबाट पनि अहिलेका गजलकारहरू मुक्त भएका छन् । अहिलेका युवा गजलकारहरूका पछिल्ला कृति र तिनको लगाब हेर्ने हो भने नेपाली साहित्य र अझ खास गरी गजलको क्षेत्रमा अब प्रगतिवादी चिन्तनको प्रभाव निकै ठुलो देखिएको छ ।

'अविच्छिन्न प्रकाशित भइ रहेको साहित्यिक पत्रिका शब्द–संयोजन मासिक'



खोजी खोजी पढ्नु होस्' ।



सिम्रौन गढ र विस्थापित

(हजारौँ हजारौँ वर्षअघिका कस्ता अचम्मका रहर लाग्दा कुराहरू हाम्रै देश बन्दाको परिसरभित्र फोसिल्स भएर रहेका छन् । छोटै इतिहासलाई छोटै अहम्हरूले उभ्याएर गीत गाइ रहेका हामीले आफूलाई लामो यात्राको जाति मान्ने हो भने धेरै अघिसम्मका कुरा बुझि रहनु उपयुक्त हुन्छ । संसारको कथा भनेकै विगतको स्मरण हो । यो "सिम्रौन गढ र विस्थापित" पनि नेपालको मध्य तराईको स्मरण नै हो ।)

❖ शीतल गिरी

एउटा प्रश्नले मलाई सताउने गरेको छ । ई.सं. १२२६ का तिव्बती यात्री धर्मस्वामीको भ्रमण आर्थिक र सभ्यताको दृष्टिले सिम्रौन गढको बारेमा गतिलो प्रमाण बनेको छ । व्यवहारमा मात्र होइन, धर्मस्वामीको यात्रा वृतान्त डोयराज्यको शासनस्वरूपको साक्षी हो । यसैको आधारमा मिथिलाको इतिहासमा कर्णाटवंशी शासन काललाई स्वर्णयुग भनिएको हो । त्यो राज्य के भयो भन्दा पनि त्यहाँका जनता के भए ? यो प्रश्नको समाधान चाहन्छु किनभने सिमरौन गढ राज्यमा करिब ६ लाख घरहरू धर्मस्वामीले देख्नु भएको थियो, उहाँको यात्रा वृतान्तमा यही कुरो उल्लेख छ । उहाँ जस्ता उद्‌भट विद्वानले पक्कै पनि झुठो नलेखेको हुनु पर्छ । सिम्रौन गढको सुरक्षा व्यवस्था निकै राम्रो भएको पाउँछौँ हामी । अब सो पनि हेरौं- उहाँका अनुसार कर्णाटवंशी राजा नान्यदेवले आफ्नो राज्यको राजधानीको सशक्त किल्लाबन्दी गरेका थिए । सिमरौन गढबासी विनम्र र आज्ञाकारी, राज्यको रक्षा खातिर मर्न मार्न तैयार थिए । सात वटा सुरक्षात्मक पर्खालले राजधानी अजेय बनाइएको थियो । दरबारको थप सुरक्षाको लागि ११ ओटा ठुल्ठुला ढोका र २१ ठाउँमा ठुल्ठुला पानी पोखरी र अनेकौं लहरमा रुखहरू लगाइएका थिए ।

तत्कालीन सुरक्षा व्यवस्थाले तुर्क सेनाको प्रहार झेल्न नसक्दा लोप भयो । तुर्क सेनाले सम्पूर्ण नगरवासीको पक्कै हत्या गरेन, यसको अर्थ ? भग्नावशेष र खण्डित सिम्रौन गढ त्याग गरी जनता कहाँ गए ? अन्य केही गाउँघर, नातागोता भएका ठाँउमा गए होलान् भनी भन्न सकिन्छ, यो पनि भन्न सकिन्छ कि सुरक्षित स्थान हेरी जीवन यापनको सुविधा युक्त ठाउँमा बस्ती बसालेर बसे । मेरो वर्तमान मनोदशाले ई.सं. १३२४ मा इज्जत र जन धन बचाउन

विस्थापितहरूलाई खोज्ने जिम्मेवारी लिएको छ । यो हावादारी कुरोले अहिले मलाई छाँद हालि रहेको छ । हावादारी नै सही एकोहोरो रूपले लागि परेको छु - कहाँ छन् त ती सिम्रौन गढका शरणार्थी । सपनामा आएर भेट्छन् उनीहरूले मसँग । सपनामा देखिएको धमिलो मुहारको भरमा ठम्याउन सक्दिनँ । प्रश्न उनीहरूले कस्तो कष्ट बेहोरे भन्ने होइन । उनीहरूले बसालेको बस्ती कुन हो ? यो हो प्रश्न । यस कारण यो असजिलो प्रश्नको समाधान चाहन्छु म ।

भावनामा बहकिएर तत्कालीन शरणार्थीको कष्ट लेख्न त सकिन्छ । उनीहरूले बसालेको बस्ती पत्ता लगाउन भौतारिएको छु म । यस कारण म कम्तीमा एउटा भए पनि बस्ती पत्ता लगाउन इच्छुक छु । स्थिति र परिस्थितिले साथ दियो भने सफलता हात लाग्ने नै छ । सिम्रौन गढका विस्थापितले के साँच्ची नै आफ्नो अस्तित्व लोप गराए त ? यस्तो द्वन्द्व मेरो मानसपटलमा व्याप्त छ । यस्तो अवस्थामा सजिलैसँग यो बस्ती त्यही हो भनेर भन्न सजिलो छैन । मैले पत्ता लगाउनै पर्छ भन्ने पनि केही छैन । खोज अनुसन्धान गर्ने नशाको स्वाद नै अर्कै हुन्छ । केही यस्तै मनोदशामा म भौतारिदै शिवालिगको तलपट्टी कछारको गाउँ गैँडाटार पुगेको थिएँ, भोकले लखतरान पर्दै । गैँडाटार, गैँडालाई लखेटेर बस्ती बसालेको थाहा पाएँ र यो पनि थाहा भयो कि गैँडाटार सिमरा (सेमरश्रसिमल) वन क्षेत्रमा पर्दो रहेछ । गैँडाटार, प्राचीन सिम्रौन गढका विस्थापितहरूले बसालेको बस्ती हो भन्दा धेरैको मनमा सकारात्मक नकारात्मक कुरा खेल्न थाल्दछन् । एकान्तमा, सकभर कसैको आँखा नपरोस् भनी दच्केर बसालिएको बस्ती रहेछ गैँडाटार । गैँडाटार पुग्दा मलाई थाहा नभएको एउटा कुराको रहस्य खुल्यो -त्यो के भने समनपुर लडाइँ -अङ्ग्रेजसँग युद्ध भएको स्थान) मा १५ सयको सङ्ख्यामा गैँडाटार बासीले महिषपूत सहित सहभागिता जनाएका रहेछन् । लमाहा र चाँनी नदीको दोभानमा पनि गैँडालाई भगाएर विस्थापितहरूले गेडही नामक बस्ती बसाले । त्यो गेडही बस्ती अहिले सो ठाउँमा नभएर सवाकिलो मिटर पूर्व सरेको छ । लमाहा नदीको बाढीको कारणले बस्ती सारिएको अनुमान लगाउन सकिन्छ । यो पनि हुन सम्भव छ कि महामारीले धेरै जनाको क्षति पुऱ्याएको हुँदा बस्ती सरेको होस् । त्यस समयको कुरो यतिखेर यसै भएको थियो भनेर कसरी भन्ने ? गैँडा (गैँडा) लाई धपाएर बस्ती बसालेको भने पक्कै हो । गेडहीबारे बुढा पुरानाहरू त्यसै भन्छन् । मलाई गेडहीका बुढा पुरानाका कुरा विलक्षण लाग्यो । श्रुतिको रूपमा नै सही, बचेको कुरामा सत्यता छ, पक्कै हो शरणार्थीहरूको बस्ती । वास्तवमा म मग्न भएर ई.सं.१३२४ मा विस्थापितहरूको बस्ती पत्ता लगाउन खोज्दै छु ।

सिमरौन गढका विस्थापितहरूमा एकताको भावना थियो । उनीहरूका रहनसहन एकै किसिमका थिए । यस कारण उनीहरूमध्येका केहीले सिमसार क्षेत्रलाई आवाद गर्ने सोच बनाए - सो समयमा यो

कार्य महाकठिन थियो । बाँच्नको लागि सिमसार क्षेत्र आवाद गर्नु आवश्यक थियो। उनीहरूले निश्चय गरे, साहस देखाए र आफ्नो आवश्यकता अनुसारको भूमि आवाद गरे। परिश्रमी विस्थापितहरूले दुइटा छुट्टाछुट्टै बस्ती बसालेको थाहा हुन आउँछ। लमाहा नदीको सिमसार क्षेत्रबाट गरुड चराहरूको समूहलाई लखेटेर बसालेको बस्ती गरुडा हो । गरुडा नाम गरेका गाउँ दुइटा छन् । दुबै गरुडा शान्त सौम्य छन् । एउटा कुरो उनीहरूमा फरक छ त्यो के भने थरुवा गरुडा प्रगति पथमा लम्केको छ भने कनुवा गरुडा ओझेलमा छ। थरुवा गरुडा- गरुडा बैरिया गा.वि.स. मा पर्छ र अहिले गरुडा बजार रौतहटमा मुख्य व्यापारिक केन्द्र बन्न गएको छ। अर्कोतर्फ कनुवा गरुडा चाहिँ महम्मदपुर (शिवनगर) गा.वि.स.को ९ नं. वडा हो । धेरैलाई कनुवा गरुडाको बारेमा जानकारी छैन । एकै कुलका सिद्धार्थ लोकले पूजित बुद्ध भए भने देवदत्त आफ्नै पापकर्मले गर्दा लोप हुन पुगे।त्यसै गरी एकै समयमा आवाद भएका दुई गरुडामा बाटोको सुविधा पाएर एउटा अजम्बरी भएको छ भने अर्को गुमनाम छ । जे भए पनि सिमसार क्षेत्रमा गरुड लखेटी आवाद गरेको कुरा कथाले भन्दै छ। समय बलवान् हुन्छ। यसै हुँदा विस्थापित तिरहुतहरूको खोजी गर्दै छु । खोजी गर्दै म लमाहा र चाँदी नदीको सङ्गममा पुगेँ । त्यहाँ नकटी माईको पूजा गर्ने गरिएको रहेछ र त्यहाँ डुङ्गा गाडिएको छ भनी धेरैबाट सुन्न पाएँ। त्यहाँको वस्तुस्थिति अवलोकन गरेँ, जनश्रुति सुनेँ, सोको आधारमा लेख्दै छु -मलाई सम्भव पनि लाग्यो, महामारीको कारणले गेडही उठेर सवा किलोमिटर पूर्व सरेको रहेछ। महामारीको प्रकोपमा आफ्नो सम्पूर्ण परिवार गुमाएकी एक्ली नकटी चाहिँ बसाई सरिनन्। बरु तिनले लमाहामा काठको डुङ्गाबाट यात्रुहरूलाई वारिपारि गर्ने काम मननपूर्वक गर्न थालिन्। महामारी चलेको गाउँ छेउको घाटमा वरपरका मलाहा आएर पक्कै पनि डुङ्गा खियाएनन्। चल्ती बाटोको घाट थियो -रातबिरात अनजान यात्रुहरू आउँथे, सम्पूर्ण इष्ट जन गुमाएकी नकटीले मानव सेवा गरी आफ्नो नाम सार्थक पारिन् । यस विषयमा धेरै कुरा थाहा पाउनको लागि केहीसँग सोध खोज गरेँ, 'भन्नुस् -यस विषयमा केही कुरो सुन्नु भएको छ ?' यति मात्र भन्न सकेँ - यो नकटी माईको थान हो, यिनको कृपाले यहाँ नजिकै गाडिएको ढुङ्गाको डुङ्गा वारपार हुने गर्थ्यो । उनीहरूले एउटा अर्को कुरा पनि बताए, यो एकान्तको घाटमा केही वर्षअघिसम्म एक्लै दुक्लै आउन कोही पनि साहस गर्दैनथ्यो।

अब केही बेर चानी नदीलाई मननपूर्वक आवलोकन गरौँ । यसको उद्गम खोज्न चुपचाप पूर्व उत्तरतर्फ बढ्दै जाँदा विश्रामपुरको उत्तरतर्फको सरेहमा पुग्छौँ । त्यहाँ हामी खेतको पानी जम्मा हुने गरेको सोती पाउछौँ । हो त्यही सोती दक्षिण पश्चिम बढ्दै जाँदा गहिरो र चाक्लो भएको पाउँछौँ। प्रायशः नदी दक्षिण बगेको पाइन्छ तर चानी भने दक्षिण कम पश्चिम बढी बगेको पाउँछौँ । यस चानी नदीले

वर्तमानको गेडही (पूर्नी गेडही) लाई पूर्व र दक्षिण तर्फबाट घेरेको छ। चानीमा रहेको पानी र बहाब अकृत्रिम र निश्छल छ। मैले हेर्दा चानी किसानहरूको मित्र नदी हो, उब्जनी बढाउनमा धेरै सहयोग पुऱ्याएको छ। सायद यो पीडक नदी नभएकोले होला अन्यत्रका मानिसहरूलाई चानी नदीको बारेमा थाहा छैन तर त्यहाँको वस्तुस्थिति अवलोकन गर्दा मेरो मनमा एउटा कुरा उब्ज्यो । शिवालिङ्गमा मुहान भएको गैँडाटार, चन्द्रनिगाहपुर, मोतीपुर, सिन्धुरे घारी आदि हुँदै विश्रामपुरको उत्तरबाट बागमतीमा मिसिने एउटा नदी छ चाँदी । म त्यस चाँदी नदीलाई जब हेर्छु तब मनमा कुरा खेल्न थाल्छन्, कालान्तरमा चाँदी नदी हिँडेको बाटो नै हो वर्तमानको चानी नदी हुनु पर्छ । चाँदी र चानी नामले पनि यस तर्कलाई बल प्रदान गर्दछ । चाँदी विश्रामपुरको उत्तरबाट बागमतीमा मिसिन्छ, सोही स्थानको वरपर वर्तमान चानीको उदगम स्थल छ। हुन त चाँदी र चानीको स्वभाव अहिले एकदम पृथक् लाग्दछ । चाँदी पूर्व हान्निदै बागमतीमा मिसिएको छ भने चानी पश्चिम भएर लमाहामा मिसिएको छ। चाँदी नदीको कटान तीव्र छ भने चानी सुकुमार लजाउँदै आफैँमा सीमित छ। आफैँमा मस्त छ तर पनि मेरो मनमा विश्वास छ -त्यही चाँदीले छाडेको छारन नै हो वर्तमानको चानी नदी । यो विचार मात्र नभएर यथार्थ हुनु पर्दछ । चाँदी नदीले हेर्दाहेर्दै ३० वर्षभित्र बागमतीमा मिसिने चार पाँच वटा बाटो बदलि सकेको पाइएको छ। यो पुष्ट प्रमाण हो। मेरो मनमा वर्तमान गेडही (यस गेडहीलाई पूर्नी गेडही र अर्कोलाई नयाँ गेडही भन्ने गरिन्छ) को बारेमा केही कुरो लेख्ने चाहना भयो। गाउँ बन्नुको पनि आफ्नै सिद्धान्त हुन्छ । यानी गाउँहरू भत्किन्छन् अनि नयाँ गाउँ निर्माण हुन्छ, सहज जीवन यापन खातिर गाउँ निर्माण हुन्छ। पूर्वी गेडही पनि सिमरौन गढका विस्थापितहरूले गैँडा भगाएर बसालेको ग्राम महामारीको प्रकोपमा परेको हुँदा बाँच्नको लागि निर्माण भएको हो । गाउँलाई पूर्व र दक्षिणतर्फबाट चानी नदीले सुरक्षा प्रदान गरेको छ । अर्कोतर्फ यस गाउँमा मूल मधेसिया भएका कानू जातिको बसोवास छ। मधेसिया मूल भएका कानूहरूको उत्पत्ति वैशालीको वरपर भएको जस्तो लाग्दछ, यो उनीहरूलाई नै थाहा होला तर पूर्नी गेडहीका बासीहरू सिमरौन गढ उच्छेदकै क्रममा आएका हुन्, रौतहटको इतिहास, उत्थान, सुखदुखमा वर्षौँवर्षदेखि सहभागी हुँदै आएका छन् । यस्ता विशेष महत्त्वका गाउँ र जातजातिप्रति मनमा श्रद्धा उठ्नु स्वाभाविकै हो । कानू जाति परापूर्व कालमा भान्सेका रूपमा रहेको पाउँछौँ । शरीर र आत्माले यी जाति राम्रा परिकार (गाउँ घरमा चलेका) बनाउन सिपालु रहेको थाहा हुन्छ । पेसागत सिपमा मानसिक र शारीरिक दुबै दुबै हिसाबले उत्कृष्ट थिए हुनन् ।

आजभोलि पनि विवाह, वर्तमन या कुनै चाड पर्वमा जब परिकार बनाउन जान्नेको खोजी हुन्छ तब रौतहटमा पहिलो प्राथमिकता यस जातिले पाएको छ। पूर्वी

गेडहीको दक्षिणतर्फ चानी नदीको किनारमा ग्राम देवताको स्थान छ । ग्राम देवताको पूजाआजा उहिल्यैदेखि चल्दै आएको हो । संसारभरिकै चलन हो, उहिल्यैदेखि गाउँ बन्ने क्रममा मानिसले मात्र होइन पशु, पन्छी, आस्था, कर्म सबैले स्थान पाउँछन् । मानिसको आस्था र श्रद्धामा नै देवताहरूको अस्तित्व छ । लाग्दछ पिपलको विशाल रुख ग्राम स्थापना कालको साक्षी हो । सो पिपलको रुख बितेका थुप्रै घटनाहरूको मौन दर्शक हो । पिपलको फेदीमा ब्रह्म देवताको स्थान महत्त्वपूर्ण छ र उनैलाई ग्राम देवता भनिन्छ । पूजा गर्दा ब्रह्म देवतालाई बोका चढाउने अनौठो चलन छ । सामान्यतः ग्राम देवताको पूजा दशमीको समयमा गर्ने गरेको पाइन्छ, तर यहाँ भने दिपावलीको भोलिपल्ट पूजा गर्नु गाउँको प्रत्येकले आफ्नो पहिलो कर्तव्य ठान्छन् । ग्राम देवताको मूल पूजा यहाँ पनि दसैंको अवसरमा गर्ने गरिन्छ । त्यो पूजा एक परिवारले मात्र गर्दै आएको छ । यसको कारण थाहा पाउन खोज्दा पूजा गर्दै आएको घरमा भगवती बुढिया माईको माइती भएकोले हो भन्ने जानकारी हुन आयो । मैले यस विषयमा घोत्लिँदा भगवती बुढिया माईको लोग्ने ससुराली आएका बखत गेडहीमा भएको महामारीले ग्रास बनेपछि तिनी लोग्नेसँगै सती गएकी हुनु पर्छ । भगवती सती गएपछि सम्भवतः महामारी रोकियो होला र तिनी माइती खलकबाट पूजनीय भगवती बुढिया माईको रूपमा पुजिन थालेको हुनु पर्छ । भगवती बुढिया माईलाई पाठी चढाएर पूजा गर्ने गरिएको छ । स्थानीय चलन अनुसार दीपावलीको भोलि पल्टलाई दोहरइया-सोहरइया भन्ने गरिन्छ । हो, सोही दिन ग्राम देवताको पूजा (भगवतीलाई पाठी, ब्रह्म देवतालाई बोका चढाएर) गर्ने गरिन्छ । ग्राम देवताको पूजा दसैंमा एक परिवारले मात्रै गर्ने चलन चल्नुका पछाडि कारण के छ ? के अन्यत्र पनि यस्तो किसिमको चलन छ ? यस्तो कल्पना कोरा नभएर सामाजिक संस्कृतिसँग मेल खाने गरी गरिनु पर्दछ । ग्राम देवता समक्ष यस बाहेक समय माई, सुन्दर माई, डिहडिहवानी लगायतका देवी देवताका स्थानहरू रहेका छन् । गणेश भगवान त्यहाँ विराजमान हुनु हुन्छ । समष्टिमा भन्दा लोहार जातिकाले प्रत्येक वर्ष जकजकिनको प्रतिविम्ब काठको मूर्ति चढाउँछन् । यस बाहेक द्वारपाललाई परेवा चढाइन्छ, भैरवलाई लगाँटा चढाइन्छ भने भुइया बाबा र सलेसलाई सुँगुर चढ्दछ, साथै यस बाहेक पनि त्यहाँ थुप्रै देवदेवी छन् र उनीहरूका स्वभाव र प्रभाव अनुसारको पूजा पाउँदै आएका छन् ।

बलियोको सामु निर्धो हार्ने गर्छ, हार्नै पर्छ । इतिहासमा पराजय बेहोरेका सिम्रौन गढ बासीका सन्तानलाई यस रूपमा पाउँदा मलाई खुसी लाग्नु स्वभाविकै हो ।उनीहरूले त आफ्ना रीति स्थिति, भाषा, चालचलनलाई पनि बचाइ राखेको पाउँदा हृदय गद्गद् भयो । सिम्रौन गढ विस्थापितहरूलाई अन्ततः मैले भेट्टाएँ । मेरो लागि यो सुखद पक्ष रहयो ।

नयाँ कृति



पुस्तक : भुक्तमान
लेखक : देवीप्रसाद 'वनवासी'
प्रकाशक : नेभासा/आनुष्ठान
प्रकाशन मिति : प्रथम, २०७२
मूल्य : रु.१५०।

पुस्तक : माटो
लेखक : पोष चापागाईँ
प्रकाशक : शब्दयात्रा प्रकाशन
प्रकाशन मिति : प्रथम, २०७२
मूल्य : रु.२५०।-

प्रलेसको महाधिवेशन सम्पन्न

चैत्र २६ र २७ गते काठमाडौँको नेपाल प्रज्ञा प्रतिष्ठानमा सम्पन्न प्रगतिशील लेखक सङ्घ, नेपालको दसौँ राष्ट्रिय सम्मेलनले प्राज्ञ मातृका पोखरेलको अध्यक्षतामा सर्वसम्मत रूपमा ६९ सदस्यीय नयाँ केन्द्रीय कमिटी निर्वाचित गरेको छ।

बन्दसत्रको अध्यक्ष मण्डलमा निनु चापागाईं, प्रा.केशव सुवेदी र हरिहर खनाल हुनु हुन्थ्यो र अध्यक्ष मण्डलका अध्यक्ष निनु चापागाईं छानिनु भएको थियो। नव निर्वाचित अध्यक्ष पोखरेलले केन्द्रीय सचिवालयले चाँडै तिन बर्से कार्य योजना ल्याई कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गर्नु भयो। ३५० प्रतिनिधि सम्मिलित सम्मेलनको उद्घाटन प्रम केपी शर्मा ओलीले गर्नु भएको थियो। विसं २०० ९ मा श्यामप्रसाद शर्माको नेतृत्वमा स्थापित सामन्तवादी र साम्राज्यवादी संस्कृतिका विरोधी लेखकहरूको सो संस्था सबै वाम घटकको साझा लेखकीय मोर्चाका रूपमा क्रियाशील रहेको छ।

अविरल साहित्यक यात्रा

काठमाडौं/अविरल जनसाहित्यिक यात्रा २४ मा यस पटक प्रख्यात साहित्यकार तथा समालोचक मिश्र बैजयन्तीद्वारा आफ्ना रचना वाचन गरियो। होटेल हार्दिक बागबजारमा साहित्यकारहरूको उल्लेख्य जमघटमा सम्पन्न भएको उक्त कार्यक्रममा आफ्ना रचना लिएर पूर्वबाट आएकी मिश्र बैजयन्ती अत्यन्त सशक्त रूपमा प्रस्तुत हुँदा स्रोता मन्त्र मुग्ध भएका थिए।

पुस्तक प्रदर्शनी

काठमाडौं/चैत १९ गतेदेखि वैशाख ०७ गतेसम्म चल्ने गरी डिकुरा पब्लिकेसनको संयोजकत्वमा गरिएको चौथो वृहत् पुस्तक प्रदर्शनीमा विभिन्न पब्लिकेसनको सहभागिता रह्यो । विभिन्न विषय र भाषामा प्रकाशित कृति एकै थलोमा प्राप्त हुने हुँदा आफूलाई आवश्यक पुस्तक छनोट गर्न सजिलो भएको कुरा पुस्तक प्रेमीहरुको थियो । आफूले सोचे अनुरुप नै मानिसहरूको सहभागिताबाट उत्साहित आयोजकले प्रदर्शनीलाई आउँदा दिनहरूमा पनि निरन्तरता दिने विचार रहेको जानकारी गराइयो।

प्रगतिशील लेखक सङ्घसम्मको मेरो यात्रा यात्रा

❖ पुष्करराज भट्ट

मैले सामाजिक जीवनमा विद्यार्थी राजनीतिबाट नै प्रवेश गरेको हुँ । कैलाली जिल्लामा रहेर अनेरास्ववियुमा सङ्गठित भएर कार्य गर्दा विभिन्न अनुभवहरू बटुल्ने अवसर प्राप्त भयो । ममा साहित्यिक चेतनाको बीज स्कुले विद्यार्थी छँदै उम्रि सके पनि त्यसले विकसित हुन भने निकै समय लाग्यो । वि.सं.२०४८ मा धनगढीको पञ्चोदय मा.वि.मा कक्षा १० मा पढ्दा नेपाल रेडक्रसद्वारा आयोजित जिल्ला स्तरीय कविता प्रतियोगितामा प्रथम भएर पनि पुरस्कार नपाउँदाको खिन्नताले गर्दा केही समय म लेखनबाट विमुख पनि भएँ । वि.सं.२०५६ मा कैलाली जन पुस्तकालयको मुखपत्र 'मालिका'मा 'समय' शीर्षकको कविता प्रकाशित भएपछि लेखनले फेरि गति लियो । २०५६ मा धनगढीमा सम्पन्न नेपाल बाल साहित्य समाजको बारौँ सम्मेलनमा देशभरिका साहित्यकारसँग भएको भेटघाटले मलाई थप ऊर्जा प्राप्त भयो । सो सम्मेलनमा सहभागी हुनु भएका 'जनमत' मासिकका सम्पादक मोहन दुवालसँगको भेटपछि जनमत पत्रिकामा आवद्ध हुने एवम् साहित्यिक गतिविधि अगि बढाउन सहयोग मिल्यो । यसै क्रममा २०५९ मा जनमत प्रकाशनबाट 'कर्मयोद्दा' २०५९ लघु कथा सङ्ग्रह एवम् 'युगधारा' २०५९ निबन्ध प्रकाशित भए ।

मैले साहित्यिक यात्राको प्रारम्भमा धनगढीका स्थानीय साहित्यिक संस्था कैलाली जन पुस्तकालय एवम् सुदूर पश्चिम साहित्य समाजमा रहेर पनि कार्य गरेँ । सुदूर पश्चिमको साहित्यिक परिवेशमा पुराना पुस्ताको बाहुल्यता र भक्तिवादी प्रभावका बिच जन पक्षीय चेतना बोकेर अघि बढ्दा मतभिन्नता बढ्न थाले । यसै क्रममा २०६० मा भएको कैलाली जन पुस्तकालयको प्रबन्ध समितिको निर्वाचनमा विचारका आधारमा विभेद गरेर हराउने कार्य भएपछि मलाई केही सोच्न बाध्य तुल्यायो । यसै क्रममा धनगढी, कैलालीमा रहेका स्थानीय साहित्यकारका बिचमा अन्तरक्रिया गरियो । वामपन्थी विचारधारा भएका लेखकलाई समेटेर कैलालीमा प्रगतिशील लेखक सङ्घको निर्माण गर्ने सहमति अनुसार पहिलो चोटि २०६० असोज १३ गतेका दिन प्रलेस कैलाली शाखा निर्माण गरियो । अज्ञात शर्माको अध्यक्षतामा बनेको यो कार्य समितिमा म सदस्य रहेको थिएँ । यो शाखा निर्माणमा जनक शिक्षा सामग्री केन्द्रका क्षेत्रीय निर्देशक मनोहर लामिछानेको महत्त्वपूर्ण भूमिका थियो । पछि यस शाखामा केही साथीहरूलाई थप्ने कार्य समेत गरियो तर यस कमिटीले सामान्य एकाध बाहेक केही काम गर्न सकेन । फेरि २०६४ मा जिल्ला शाखा मेरै अध्यक्षतामा पुनर्गठन गरियो र यस जिल्ला शाखाले २०६५ मा प्रलेसको प्रथम कैलाली जिल्ला सम्मेलन सम्पन्न गर्‍यो । त्यसपछि केही साहित्यिक कार्यक्रमहरू पनि सम्पन्न भए । कैलालीमा प्रलेसको प्रथम जिल्ला सम्मेलनअघिको अध्यक्ष र सम्मेलनपछि पनि अध्यक्ष भएर काम गर्दा केही गौरवको अनुभूति भयो । २०६६ मा भएको प्रलेसको आठौँ र २०६९ मा भएको नवौँ राष्ट्रिय सम्मेलनबाट दुई पटक केन्द्रीय सदस्य भई कार्य गर्ने अवसर मलाई प्राप्त भयो । यसै क्रममा २०७२ चैत्र २६-२७ मा काठमाडौँमा भएको दसौँ राष्ट्रिय सम्मेलनले केन्द्रीय उपाध्यक्ष एवम् प्रदेश नं.७ को इन्चार्जका रूपमा मलाई निर्विरोध निर्वाचित गरेको छ । मेरो साहित्यिक चेतनाको निर्माण एवम् लेखनमा प्रगतिशील लेखक सङ्घको महत्त्वपूर्ण भूमिका रहेको छ । मार्क्सवादी चेतनाले अभिप्रेरित भएर राष्ट्र एवम् समाजका लागि केही गर्न सकेको खण्डमा राष्ट्रका लागि आफ्नोतर्फबाट केही योगदान हुने मैले ठानेको छु । नेपाली समाजको परिवर्तन एवम् रूपान्तरणका लागि आफ्नोतर्फबाट केही दिन सकूँ, यही मेरो चाहना छ । मलाई प्राप्त यो अवसरले मेरो चाहना पुरा हुने मैले अनुभूत गरेको छु ।